# रोचक घटना नं १७
# उत्पत्ति ११:३१-१४:७



**कथाको मूख्य सार : परमेश्वरले अब्राहामलाई एउटा ठूलो जाति र सबै मानिसहरूका लागि आशिष् हुनलाई बोलाउनुभयो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- यस बेला नोआको समयमा विश्वव्यापी जलप्रलय भएको ३ सय वर्षभन्दा बढि भईसकेको थियो । यो मानिसजातिसँग परमेश्वर बोल्नुभएको कुराको उल्लेख गरिएको अन्तिम उद्धाहरण हो ।
- अब्राहामका पिता, तेरहले कनान देशमा जानलाई ऊरलाई छोडेका थिए तर त्यहाँ पुग्नुको सट्टामा उनी हारानमा नै बसोवास गरे ।
- तेरह चन्द्रमालाई पुज्ने व्यक्ति थिए, उनी यस्तो एउटा देशमा बस्दथे जहाँ धेरै मानिसहरूले चन्द्रमालाई देवताको रूपमा पूजा गर्ने गदर्थे । परमेश्वरले अब्राहामलाई आशिष् दिने प्रतिज्ञा गर्नुभयो तर यस प्रतिज्ञामा एउटा शर्त राखिएको पाईन्छ जुन अब्राहामले परमेश्वरको आज्ञापालन गर्नुपर्ने थियो ।
- अब्राहामले विश्वासद्वारा परमेश्वरको आज्ञापालन गरेका छन् साथै उनले परमेश्वरको योजना पछ्याउनलाई सबैकुरा छोडेकाछन् ।
- तीनवटा प्रतिज्ञाहरूको आधारमा परमेश्वरले अब्राहामलाई आफ्नो देश छोड्ने बोलावट दिनुभएको थियो । अब्राहामलाई गरिएको पहिलो प्रतिज्ञा भूमि अर्थात् देश थियो । अब्राहामलाई गरिएको दोस्रो प्रतिज्ञा सन्तान थियो । अब्राहामलाई गरिएको तेस्रो प्रतिज्ञा यो थियो कि उनी एक आशिष्को माध्यम हनेछन् ।
- परमेश्वरको प्रतिज्ञाहरू अब्राहामलाई आशिष् दिनेहरूलाई आशिष् दिने, अब्राहामको अनादर गर्ने, अपमान गर्नेहरूलाई श्राप दिने र अब्राहामद्वारा पृथ्वीका सबै परिवार हरूलाई आशिष् दिने ।
- अब्रहामलाई धेरै कुराहरू छोड्न भनिएको थियो : उनको देश, उनका मानिसहरू, र उनको पिताको घराना तर उनलाई उनी कुन देशमा जानुपर्ने हो भनेर चाहिँ केहि बताइएको थिएन ।
- आफू कहाँ जाँदैछु भन्ने थाहा नपाई छोडेर जानु र परमेश्वरको आज्ञापालन गर्नु गाह्रो छ ।
- हामी अब्राहामको आज्ञाकारिता को प्रमाणहरू दुई फरक तरिकामा देख्दछौं । पहिलो उनले केहि कुरा छोड्नु पर्ने थियो । दोस्रो उनी आशिषित हुने साथै अरूको लागि पनि आशिष्को मुल बन्ने थियो ।
- अब अन्त्यमा अब्राहामका सन्तानहरूले कनानको भूमिलाई अधिकार त गरे तर अब्राहामको मृत्यु हुदाँ उनीसँग मात्र एउटा गुफा (ओडार) थियो । (उत्पत्ति २३:१७-२०)

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

अहिले सम्म हामीले अध्ययन गरिसकेको पाठहरूबाट तपाइँको कक्षालाई केहि मूख्य पात्रहरूको नाम भन्न लगाउनुहोस्, साथै ती पात्रहरूको विषयमा थाहा भएका केहि कुराहरू पनि भन्न लगाउनुहोस् । सम्भावित कुराहरू निम्न प्रकारका हुनसक्छन् :

- परमेश्वर - शक्तिशाली हुनुहुन्छ । उहाँले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो ।
- लुसिफर - लुसिफरले परमेश्वरप्रति विद्रोही भएको कारणले ऊ स्वर्गबाट निकालिएको थियो ।
- आदम - आदम पहिलो मानिस थिए, जसलाई परमेश्वरले सृष्टि गर्नुभयो ।
- हव्वा - हव्वा शैतानको छलमा परेकी थिईन ।
- कयिन - कयिनले परमेश्वरको सामु अयोग्य भेटी चदाएका थिए । साथै कयिनले उनको आफ्नै भाई हाबिललाई पनि मारेका थिए ।
- हाबिल - हाबिलले परमेश्वरलाई उत्तम र ग्रहणयोग्य भेटी चदाएका थिए । उनको आफ्नै दाजु, कयिनद्वारा उनी मारिएका थिए ।
- सेत - सेत आदम र हव्वाको तेस्रो छोरा थिए र उनी हबिलको सट्टामा परमेश्वरले दिनुभएको अर्थात् (जन्मेको) भनेर मानिएको थियो ।
- नोआ - नोआले परमेश्वरको आज्ञापालन गरे र उनले एउटा ठूलो जहाज बनाए ।
- बाबेलको धरहरा निर्माण गर्नेहरू - यी मानिसहरूले परमेश्वरको आज्ञा अनुसार होइन तर आफ्नै विचार अनुसार परमेश्वरसम्म पुग्ने धरहरा निर्माण गर्ने प्रयास गरे ।

## ३) पाठ सिकाउनुहोस्

अब्राम यस्तो एउटा परिवारमा हुर्किएका थिए जहाँ चन्द्रमालाई पूज्ने गरिन्थ्यो । शैतानले अब्रामका पिता, तेरहमा आफ्नो विद्रोह फैलाएको थियो । तपाईंले अब्रामको परिवारले गरे जस्तै चन्द्रमालाई पूजा त गर्नुहुन्न होला तर त्यस्ता कुन चीजहरू छन् जसलाई तपाईंको वरिपरिका मानिसहरूले परमेश्वरलाई नपुजेर ती थोकहरूलाई पुज्दछन

यस कथामा हामीले अब्रामलाई परमेश्वरले गर्नुभएको प्रतिज्ञाहरूको बारेमा पनि सिक्नेछौं जुन पछि गएर उनी अब्राहाम कहलाइने छन् । के तपाइँलाई लाग्छ कि परमेश्वरले आफ्ना प्रतिज्ञाहरू पूरा गर्न सक्नुहुन्छ यदि हो भने किन यदि होइन भने किन होइन

**पाठको क्रियाकलाप शुरू गर्नुहोस् : उनीहरू को हुन र उनीहरूले के गरे भन्ने दुइवटा सूचीहरू तयार गर्नुहोस्**

एउटा सूची चाहिँ "उनीहरूले के गरे" । बालबालिकाहरूलाई ती दुई सूचीलाई मिलाउन लगाउनुहोस् । उदाहरणको लागि ("को हुन्" मा : परमेश्वर शब्दसँग) "के गरे" सूचीमा धेरै शक्तिशाली हुनुहुन्छ भन्ने कुरा मिल्न सक्छ ।

बालबालिकाहरूलाई समूहहरूमा विभाजन गर्नुहोस् र यी दुई सूचीहरूलाई एकअर्कामा ठिकसँग मिलाउनका लागि बालबालिकाहरूलाई सँगै काम गर्न लगाउनुहोस् । उनीहरूलाई केहि समय दिनुहोस् । र हेर्नुहोस् कि उनीहरू भन्दा कसले सबैभन्दा छिटो गर्न सक्छ ।

## कथा भन्नुहोस्

अब्राहाम आफ्ना दुई भाईहरू नाहोर र हारानको साथमा ऊरमा हुर्किएका थिए। सम्भवत : उनीहरूले त्यहि नै गरे जे धेरैजसो छोरा मान्छेहरू हुर्कदै गर्दा गर्ने गर्दछन् । सबै छोरा मान्छेहरूको लागि सामान्य कुरा हो की घरमा बुवालाई आवश्यक परेको खण्डमा मद्दत गर्ने । त्यसरी नै अब्राहाम नाहोर र हारानले सम्भवत: तिनीहरूका पिता, तेरहलाई मद्दत गरेको हुनुपर्छ । तेरह चन्द्रमालाई पूज्ने व्यक्ति थिए । यी केटाहरू पनि चन्द्रमालाई नै पुज्दै हुर्किएको हुनुपर्छ । यो एउटा यस्तो प्रकारको धार्मिक विश्वास थियो कि जुन उनीहरू बसिरहेको ठाउँमा निकै नै प्रख्यात थियो ।

जब यी छोराहरू हुर्किए, उनीहरू जवान भए र विवाह गरे । अब्राहामले सारालाई विवाह गरे तर उनीहरूको सन्तान भएन। हारानको विवाह भयो र एउटा छोरा लोत जन्मियो । तर एउटा नराम्रो घटना घट्यो; हारानको मृत्यु भयो । परिवारका बाँकी सदस्यहरूले लोतको हेरचाह गर्नुपर्ने भयो, विशेषगरि अब्रामले उनको हेरचाह गरेको देखिन्छ ।

एकदिन तेरहले ऊर देखि हारानमा जाने निर्णय गरे यो एक लामो यात्रा थियो तर सबै तेरहका परिवार उनिसँग सहमत भए र उत्तरतिर लागे । उनीहरूले आफूसँग भएका सबै समानहरू बोके अनि सबै पशूहरू लिएर यात्रामा हिंडे । उनीहरूले आफूसँग भएका केहि थोक पनि छोडेनन् । ती सबै पशुहरू र ती सबै सम्पत्तिहरू लिएर लामो यात्राको लागि यात्रा गरिरहेको हेर्नमा एउटा अति नै असल दृष्य भएको हुनुपर्छ । जब तेरहको परिवार हारानमा पुगे, तेरह त्यहाँ केहि समयसम्म बाचेँ र त्यही नै उनको मृत्यु भएकोछ ।

अब्रामको पिताको मृत्यु पछि परमेश्वर अब्रामसँग बोल्नुभयो र उनलाई अर्को ठाउँमा गएर बसोवास गर्न भन्नुभयो । परमेश्वरले अब्रामलाई विशेष प्रतिज्ञाहरू गर्नुभयो जुन अब्रामको लागि र सबै मानिसहरूको लागि धेरै महत्वपूर्ण भयो । परमेश्वरले भन्नुभयो, “अनि म तिमीबाट एउटा ठूलो जाति बनाउनेछु, तिमीलाई आशिष् दिनेछु र तिम्रो नाम महान् तुल्याउनेछु; अनि तिमी आशिष् बन्नेछौ । अनि जसले तिमीलाई आशिष् दिनेछन, तिनीहरूलाई म आशिष् दिनेछु; अनि जसले तिमीलाई श्राप दिनेछ, त्यसलाई म श्राप दिनेछु । अनि तिमीमा पृथ्वीका सबै कूलहरू अशिषित हुनेछन ।”

त्यसैकारण अब्राहाम, सारा, लोत र अरू मानिसहरू फेरि त्यहाँबाट हिंडे । यो पटक उनीहरू दक्षिण शेकेमतिर गए । जब अब्राम शेकेममा आइपुगे तब परमप्रभु फेरि अब्रामसँग बोल्नुभयो र भन्नुभयो, “यो देश म तिम्रो वंशलाई दिनेछु । ”अब्राहामकहाँ परमप्रभु देखा पर्नुभएको र उनीसँग विशेष प्रतिज्ञा गर्नुभएको यो दोस्रो पटक थियो । अब्राहाम त्यहि क्षेत्रमा बसे तर बेथेलतिर लागे जहाँ उनले परमप्रभुको निम्ति वेदी बनाए र त्यहि परमप्रभुलाई आराधना गरे जसले उनीसँग प्रतिज्ञा गर्नुभएको थियो । अब उप्रान्त उनी चन्द्रमा पुज्ने व्यक्ति रहेनन्, उनले अब त्यस परमप्रभुको आराधना गर्थे जसले उनलाई यो प्रतिज्ञाहरू गर्नुभएको थियो ।

अब्राहामले आफ्नो विश्वासको यात्रालाई शुरूवात गरे । उनको परिवार परमप्रभुको आराधना गर्ने परिवार थिएन तर अब अब्राहामले उनको परिवारलाई अदृश्य परमेश्वरको आराधना गर्न नेतृत्व गर्दैछन् । हामीलाई थाहा छ कि अब्राहामले यहि परमप्रभुलाई विश्वास गर्न शुरू गरे र उही परमप्रभुमा आफ्नो भरोसा राखे । जब परमप्रभुले बोल्नुभयो, अब्राहामले उहाँलाई विश्वास गरे र उहाँको आज्ञा पनि पालन गरे ।

### कथा सम्बन्धि क्रिया( कलाप बताउनुहोस् : हामी फेरि यात्रा गरौं !

अब्राम कम्तिमा पनि ३ पटक बसाई सरे । पहिलो ठाउँ जहाँ उनी बसे त्यो अहिलेको दक्षिणी इराक थियो । त्यो ऊर थियो । अनि उनीहरू हारानतर्फ लागे वा आधुनिक दिनको सिरिया नजिक तिर यात्रा गरे ।

त्यसपछी अब्राम इस्राएलतर्फ लागे । पहिले सेकेमतिर र त्यसपछि बेथेलतिर लागे ।

तपाईंको बालबालिका- हरूलाई उनीहरूको कुर्सी अथवा समानहरू कोठामा तोकिएको स्थानहरूमा लैजान लगाउनुहोस् ताकी उनीहरूले के भएको थियो र कहाँ कसरी भएको थियो भन्ने कुराको महसुस गर्न सकून ।

शिक्षकले प्रत्येक स्थानमा के भएको थियो भन्ने कुरा छोटकरीमा भन्न सक्नुहुन्छ ।

- ऊर - जहाँ अब्राम आफ्ना दुई भाइहरूको साथमा हुर्किएका थिए ।
- हारान - जहाँ तेरहले आफ्ना परिवारलाई लागेर गए र त्यहाँ नै उनको मृत्यु भएको थियो ।
- सेकेम र बेथेल - जहाँ परमप्रभुले अब्रामलाई विशेष प्रतिज्ञा गर्नुभयो ।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति १२:३ (टि.बी.एस)** - अनि जसले तिमीलाई आशीर्वाद दिनेछन्, तिनीहरूलाई म आशिष् दिनेछु; अनि जसले तिमीलाई श्राप दिनेछ, त्यसलाई म श्राप दिनेछु। अनि तिमीमा पृथ्वीका सबै कुलहरू आशिषित हुनेछन्।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "तपाईंको दया जीवन भन्दा श्रेष्ठ (कोरस नं. ३०)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

सामाग्रीहरू : रङ्गीन शिशाकलम, कैंची र टेप वा गम
"चाडो गर्नुहोस् र पर्खनुहोस्" भन्ने खेल खेलगाउनुहोस् बालबाकिाहरूलाई आफूले तयार गरेको एउटा विशेष खेलौना वा खानेकुरा देखाउनुहोस् त्यो जे पनि हुन सक्छ एक खानेकुरा, खेलौना, जे तपाईं इच्छा गर्नुहुन्छ तर यो कुरा निश्चित गर्नुहोस् कि त्यो कुरा यस्तो होस् कि जुन कुराको विषयमा उनीहरू धेरै उत्साहित होउन। अब्राहाम र सारैलाई परमप्रभुले गर्नुभएको प्रतिज्ञाको कथा भन्नु अघि उनीहरूलाई यो कुरा सोध्नुहोस् : "के तिमीलाई कहिले धेरै विशेष कुरा प्रतिज्ञा गरिएको छ र त्यसपछि तिमीले त्यस चीजको लागि केहि समय कुर्नुपरेको छ" आज मैले.............ल्याएको छु (आफूले तयार गर्नुभएको कुरा यस खाली ठाउँमा भर्नुहोस), उदाहरणको लागि, मानौ कि त्यो कुकिज (बिस्कुट) हुनसक्छ "कसलाई कुकिज (बिस्कुट) मनपर्छ" त्यो देखाउनुहोस, उनीहरूलाई त्यो हेर्न र सुँघ्न दिनुहोस् तर छुन वा खान नदिनुहोस् "के तिमीहरू विश्वास गर्छौ कि म आफ्नो प्रतिज्ञा पुरा गर्छु होला"

अब्राहाम र सारालाई परमप्रभुले गर्नुभएको विशेष प्रतिज्ञाको बारेमा कथा सुनाउनुहोस्। कक्षा भईरहेको समयमा त्यस खेलौना अर्थात् खानेकुरा २-३ पटक देखाउनुहोस् र प्रत्येक पटक सोध्नुहोस् कि "के तिमीहरू विश्वास गर्छौ कि म आफ्नो प्रतिज्ञा पुरा गर्छु होला" कुनै मानिस जो विश्वासयोग्य छ भने उसमा विश्वास राख्नु पर्छ भन्ने बारेमा बताउनुहोस्।

कक्षाको अन्त्यमा त्यो खानेकुरा वा खेलौना दिनुहोस्। उनीहरूलाई यो स्मरण गराउनुहोस् कि परमेश्वरले आफ्नो प्रतिज्ञाहरू सधैँ पुरा गर्नुहुन्छ किनभने उहाँ सत्य र सर्वशक्तिमान हुनुहुन्छ। उहाँसँग जस्तो सुकै प्रतिज्ञा पनि पूरा गर्नको लागि चरित्र र क्षमता दुवै छ र त्यो सधैँ पुरा हुन आउँछ।

**पद कण्ठ गर्ने क्रियाकलाप : वाक्यांशहरू**

उत्पत्ति १२:३ लाई तीन वाक्यांशहरूमा भन्नुहोस्। एकपटकमा केवल एक वाक्यांश सिकाउनुहोस, सबै बालबालिकाहरूले नसिकुन्जेलसम्म सबै तीन-वटा वाक्यांशहरूलाई पालै-पालो गरेर सिकाउनुहोस, अथवा दोहोऱ्याई नै रहनुहोस्।

## ४) पाठको समीक्षा गर्नुहोस्

शिक्षकले कथामा भएको स्थानहरूको नामको आधारमा कक्षाकोठालाई तीनओटा क्षेत्रहरूमा विभाजन गर्नुपर्छ । प्रत्येक स्थानको नाम तोक्नुहोस् र प्रत्येक स्थानमा के-के भएको थियो सो कुरा बताउनलाई एकजना स्वयंसेवकलाई मौका दिनुहोस् ।

ऊर - अब्रामको जन्मस्थान र बाल्यकाल
जहाँ अब्राम एक चन्द्रमालाई पुज्ने परिवारमा हुर्किएका थिए ।

हारान - जहाँ तेरहले आफ्नो परिवारलाई लिएर गएका थिए र तेरहको त्यहिँ नै मृत्यु भयो ।

शेकेम र बेथेल - जहाँ परमेश्वरले अब्रामसँग विशेष प्रतिज्ञा गर्नुभयो । जहाँ अब्रामले परमेश्वरको लागि वेदी बनाए । जहाँ अब्रामले परमेश्वरसँग एक विशेष व्यक्तिगत सम्बन्ध शुरू गरेका छन् ।

**समीक्षा क्रियाकलाप : कक्षामा भएको तिनओटा क्षेत्रहरू**

तपाईंको बालबालिकाहरू मध्येबाट एकजना कोहि स्वयंमसेवकलाई अब्रामले जिवन बिताएका ती तिनओटा क्षेत्रको विषयमा त्यहाँ के-के भएको थियो छोटकरीमा भन्न लगाउनुहोस् । जब तपाईंले कथा भन्दै गर्दा छुट्टयाउनु भएको स्थानहरूमा उनीहरूलाई जानु भन्नुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

परमप्रभुले अब्राहामसँग विशेष र महत्वपूर्ण प्रतिज्ञाहरू गर्नुभयो । परम-प्रभुले उहाँको वचनमा तिमीलाई गर्नुभएको एक वा दुई विशेष प्रतिज्ञाहरू के-के हुन्

- मुक्तिको प्रतिज्ञा - १ यूहन्ना ५:१३
- मार्गनिर्देशन गर्ने प्रतिज्ञा - हितोपदेश ३:५-६
- पापको क्षमा दिने प्रतिज्ञा - १ यूहन्ना १:९
- पापमाथि विजय दिने प्रतिज्ञा - १ कोरिन्थी १०:१३
- प्रार्थनाको उत्तर दिने प्रतिज्ञा - यूहन्ना १६:२४

**कथाको मूख्य सार : परमेश्वरले अब्राहामलाई एउटा ठूलो जाति र सबै मानिसहरूको लागि आशिष् हुनलाई बोलाउनुभयो ।**

# रोचक घटना नं १८

## उत्पत्ति १३:१३; १९:१-२३

**कथाको मूख्य सारः परमेश्वरले सदोमलाई नष्ट गर्नुभयो किनभने त्यहाँका मानिसहरू साह्रै दुष्ट र पापी थिए ।**

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- सदोम शहरमा लोतको महत्वपूर्ण काम थियो; शायद उनी एक न्यायधीश थिए । जब उनी सदोमको मूलढोकामा बसिरहेका थिए, उनले अन्य स्वर्गदूतहरूसँग शहरले सामना गरिरहेको महत्वपूर्ण समस्याहरूको बारेमा छलफल गरे ।
- नोआको समयमा जस्तै बाँचिरहेका मानिसहरूमा परमेश्वरले न्यायलाई कार्यान्वयन गर्नुभयो । उनीहरूको दुष्टताको कारण नै उनीहरूलाई न्याय गरियो । त्यसबेला परमेश्वरले विश्वव्यापी जलप्रलय पठाउनुभयो र उहाँले फेरि कहिल्यै पृथ्वीमा जलप्रलय ल्याउनुहेनेछैन भनी प्रतिज्ञा गर्नुभयो । यद्यपि उहाँले पृथ्वीमा भएका मानिसहरूलाई फेरि कहिल्यै न्याय गर्नुहुनेछैन भनी प्रतिज्ञा गर्नुभयो ।
- त्यसैगरी परमेश्वरले अब्राहामलाई मानिसहरूलाई उनीहरूको दुष्ट जीवनशैली र खराब कामहरूको न्याय गर्नुहुनेछ धर्मीजनहरूलाई भने बचाउनुहुनेछ भनी देखाउनुभयो ।
- परमेश्वरले यो पनि दर्शाउनुभयो कि उहाँ एक दयालु परमेश्वर हुनुहुन्छ । नोआको दिनका मानिसहरूसँग पश्चात्ताप गर्न र पापबाट फर्किन उनीहरूलाई १२० वर्ष समय थियो । आदाम, हब्बा र हनोकले पनि परमेश्वरको अद्भुत दयाको अनुभव गरे । यी व्यक्तिहरूमा कोहि पनि पूर्ण वा पापरहित भने थिएनन् । तर उनीहरू सबैले परमेश्वर अनुग्रही हुनुहुन्छ भन्ने कुरा बुझेका थिए ।
- अधिकांश विद्वानहरूले सदोम र गमोरा नामक दुई शहरहरू मृत-सागरको दक्षीणी छेउमा अवस्थित थिए भन्ने धारणा राख्दछन् ।
- परमेश्वर न्यायकर्ताको रूपमा संसारमा आउनुभयो र पापको दुष्टकर्मलाई नियाल्नुभयो । उहाँले एउटा निर्णयको घोषणा गर्नुभयो । त्यसैगरी परमेश्वरले आफूलाई निष्पक्ष र धार्मिक न्यायकर्ता हुनुहुन्छ भनी प्रस्तुत गर्नुभयो । सदोमको न्याय हुनु उचित थियो ।
- पवित्र र न्यायी परमेश्वरको धैर्यता र दयाको पनि त्यहाँ एउटा निश्चित सीमा छ ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

- बाइबलमा के भयो र कहिले भयो भनेर हामीलाई बुझ्न मद्दत गर्नका लागि एउटा सरल समय रेखा विकसित गरिएको छ । बाइबलीय घटनाहरूको मितिहरू तय गर्न निकै गाह्रो छ, त्यसैकारण हामीले त्यस्तो गरेका छैनौं । यद्यपि हामी समय अवधिहरूको विषयमा चाहिँ सिक्नेछौं ।
- हामीले अध्ययन गरेको पहिलो समयको अवधि कुन अर्थात् के थियो (शूरूवात; विशेष गरी सृष्टि) हामीले सृष्टिको समयको अवधिको बारेमा सिकेका केहि पाठहरू के-के थिए(परमेश्वर शक्तिशाली हुनुहुन्छ। परमेश्वरले सबैथोकलाई सृष्टि गर्नभयो । परमेश्वरले मानिसहरूलाई आफ्नो विशेष र असल मित्र हुनको लागि सृष्टि गर्नुभयो) ।
- हामीले अर्को कुन समयको अवधिमा छलफल गरेका छौं (पतन) हामीले पतनको समयको अवधिबाट सिकेका केहि पाठहरू के-के हुन् (शैतान उसको पापको कारणले स्वर्गबाट निकालिएको थियो, शैतानले आदम र हब्बालाई परिक्षा गऱ्यो र आदम र हब्बाले पाप गरे)
- हामीले अर्को कुन समय अवधिको विषयमा छलफल गरेका छौं (जलप्रलय) हामीले जलप्रलयको समय अवधिबाट सिकेका केहि पाठहरू के-के हुन् (परमेश्वरले पापको न्याय गर्नुहुन्छ) ।
- हामीले अर्को कुन समयको अवधिमा छलफल गरेका छौं (बाबेलको धरहरा) यो समय अवधिबाट हामीले सिकेका केहि पाठहरू के के हुन् मानिसले परमेश्वरको आराधना गर्ने उसको आफ्नै तरिका स्थापना गर्न सक्दैन । परमेश्वरलाई आराधना गर्नको लागि उहाँले नै दिनुभएको तरिका हुनुपर्दछ) ।

**पाठ सम्बन्धित क्रियाकलाप सिकाउनुहोस् : डोरी तानातान गर्ने खेल**

डोरीको दुवै पट्टी उस्तै उमेरका अर्थात् उस्तै बल भएका दुईजना बालबालिकाहरूलाई छानेर राख्नुहोस् र उनीहरूको बीचमा एउटा रेखा बनाउनुहोस् । एउटा बालबालिकाले रेखा नाघेर अर्को पट्टि नआएसम्म बालबालिकाहरूलाई एक अर्कामा तानातान गर्न लगाउनुहोस् । यसलाई अरू विभिन्न बालबालिकाहरूसँग पनि पालै पालो केहि पटकसम्म गर्न सक्नुहुन्छ ।

## ३) पाठ सिकाउनुहोस्

डोरी तानातान गर्ने खेल बालबालिकाहरूलाई त्यो डोरी आफूतर्फ मज्जाले तान्न लगाउनुहोस् । यस क्रियाकालापको उद्देश्य भनेको एक तिर अब्राहामको ईश्वरीय वंश र अर्को तिर परमेश्वर विनाको सदोमको वंशलाई प्रतिनिधित्व गर्नु हो । लोतको लागि कुन पक्ष रोज्ने भनेर निर्णय गर्न एउटा ठूलो संघर्ष भएको थियो । ऊ एक विश्वासी भएतापनि ऊ वास्तवमै परमेश्वरलाई पछ्याउने व्यक्ति हो भनेर देखाउन उसले धेरै संघर्ष गर्नुपरेको थियो ।

हामी प्रत्येक भित्र एक प्रकारको लडाई छ । दुई विभिन्न पक्षहरू बीचमा हाम्रो विरुद्ध तानातानी भईरहेको छ र उनीहरू मध्य एक पक्षलाई हामीले पछ्याएको चाहान्छन ।ती पक्षहरू कुन - कुन हुन र अन्त्यमा कुन पक्षले जित्ला

## कथा भन्नुहोस्

उनीहरू बसोवास गरिरहेको ठाउँमा अनिकाल परेको हुनाले लोत र अब्रामको परिवार मिश्रमा गएका थिए जहाँ दुवै परिवारहरू धेरै समृद्ध भएका छन् । परमेश्वरले धेरै भन्दा धेरै पशुहरू उनीहरू प्रत्येकलाई थपिदिनुभएको थियो । जब मिश्र छोड्ने समय आयो तब उनीहरू आफूसँग भएका सबैथोकहरू लिएर दक्षिणी इस्राएल तर्फ गएका छन् । दक्षिणी इस्राएलमा अब्राहाम र लोतका गोठालाहरू बीचमा झगडा अर्थात् मतभेद भएको थियो ।

यो कुरा धेरै ठुलो भयो कि अब्राहाम र लोत छुट्टिएर फरक फरक बाटो लाग्ने निर्णय गर्नुपर्‍यो ।

अब्राहामले उनको भतिजा लोतलाई छनोट गर्ने मौका दिएका थिए । उसलाई जुन भूमि असल वा उत्कृष्ट लाग्छ त्यस भूमि उसले राख्न सक्थ्यो । त्यसैकारण लोत आफ्नो परिवार, सबै कामदारहरू (गोठालाहरू) सबै सम्पत्ति र आफ्ना सबै पशूहरू साथमा लिएर पूर्वतिर गए जहाँ हरियाली देख्नमा अति नै सुन्दर हरभरा थियो । अब्राहाम भने अर्को तिर लागे । लोत मृत सागर को दक्षिणी भागमा पुगेर रोकिए । यस भूमि बस्नका लागि एउटा राम्रो ठाउँ देखिन्थ्यो तर वास्तविकतामा चाहिँ थिएन । लोतले बाहिरबाट जे देखे त्यो मन पराए तर त्यहाँ बस्ने मानिसहरू कस्ता छन् भन्ने कुरालाई भने विल्कुलै ध्यान दिएनन् । अर्को तिर अब्राहाम चाहिँ फर्किएर बेथेलसम्म पुग्न सफल भए जहाँ उनले परमेश्वरको लागि एउटा वेदी बनाएका थिए ।

लोत आफ्ना परिवारलाई लिएर सदोम भन्ने शहरमा पुगे । त्यहाँ लोत धेरै धनी भए र त्यस शहरमा एउटा अगुवा (मूख्य व्यक्ति) पनि भए । उनले शहरको मूलढोकामा बसेर धेरै महत्वपूर्ण कुराहरूमा निर्णय गरेका छन् त्यसैले उनी न्यायकर्ता पनि भएको हुन सक्छ तर सदोमका मानिसहरू धेरै दुष्ट थिए र उनीहरूको त्यस दुष्टताको कारणले सर्वोच्चका न्यायकर्ता, परमेश्वरले उनीहरूलाई दोषी ठहराउनुभयो । उनीहरूले गरेको त्यस महा-पापको कारण परमेश्वरले सम्पूर्ण शहरलाई नै नष्ट गर्ने निर्णय गर्नुभयो । तर न्याय गर्ने परमेश्वर अनुग्रह दिने परमेश्वर पनि हुनुहुन्छ । त्यसकारण परमेश्वरले सदोमलाई नष्ट गर्नु अघि लोत र उसको परिवारलाई सदोम छोड्ने अनुमति दिनुभयो । लोत उसको पत्नी र उनीहरूको छोरीहरूले शहर छोड्ना साथ परमेश्वरले स्वर्गबाट आगो बर्साउनुभयो, सामान्यतया हामी वर्षा भन्ने बित्तिकै चिसो र भिजाउने भन्ने सोच्दछौँ । तर यो त तातो र जलाउने थियो । परमेश्वरले सम्पूर्ण शहरलाई र शहरमा भएका मानिसहरूलाई जलाउनुभयो । यसले पूर्ण विनाश ल्यायो ।

लोतलाई आफ्नो परिवारसँग पहाडहरूतिर जानु र पछाडी फर्केर नहेर्नु भनि निर्देशन दिईएको थियो । तर दु:ख लाग्दो कुरा लोतको पत्नीले पछाडी फर्केर हेरिन । परमेश्वरले उनीहरूको परिवारलाई चेतावनी दिनुभएको थियो तर उनी अनाज्ञाकारी भईन त्यसैले उनी एउटा नुनको खाँबो भईन र त्यहीँ नै मरिन् । लोत र उनका दुई छोरीहरूले बाँकी यात्रा लोतको पत्नी बिना नै गर्नु पर्‍यो ।

अर्को बिहानी अब्राहाम उठे र त्यस भूमि (क्षेत्र) बाट धूवाँ आइरहेको देखे । त्यो एक जलिरहेको आगोको भट्टी जस्तै थियो । उनले शायद यस अविश्वसनीय आगोको ताप पनि महसुस गरे होलान । परमेश्वरले उहाँको न्याय कार्य दुष्टतालाई नष्ट गरेर देखाउनुभएको छ तर उहाँले लोत र उसको दुई छोरीहरूलाई बचाएर उहाँको दया पनि देखाउनुभएको छ ।

### कथा भन्ने क्रियाकलाप : न्याय रेखा र कृपा रेखा

- धागोका धेरै टुक्राहरूलाई भुँईमा राख्नुहोस् जहाँ तपाईंले सिकाईराख्नुभएको छ । ती धागोहरूलाई फुटबलको मैदानको वा कुनै खेल मैदानको रेखा जस्तै देखिने गरि बनाउनुहोस् ।
- एक छेउमा न्याय रेखा लेखिएको एउटा कार्ड राख्नुहोस् र अर्कोतर्फ कृपा रेखा लेख्नुहोस् ।
- बालबालिकाहरूलाई परमेश्वरप्रति तिनी-हरूको धारणाको बारेमा सोध्नुहोस् । के उहाँ धेरैजसो न्याय गर्ने हुनुहुन्छ कि कृपा देखाउने हुनुहुन्छ ? वा उहाँ बीचमा हुनुहुन्छ ?
- बालबालिकाहरूलाई मैदानमा आफ्नै इच्छा अनुसार कतै उभिन लगाउनुहोस् र तिनीहरू त्यहाँ किन उभिएको हो भनेर जवाफ दिनको लागि तयार हुन लगाउनुहोस् ।
- अब कथा भन्नुहोस् ।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति १९:२९ (टि.बी.एस)** - अनि यस्तो भयो - जब परमेश्वरले त्यस बेसीका शहरहरूलाई नष्ट गर्नुभयो, तब परमेश्वरले अब्राहामलाई सम्झना गर्नुभयो, यसैले जुन शहरहरूमा लोत बस्थे, ती शहरलाई नष्ट गर्नुहुँदा उहाँले लोतलाई विनाशको बीचबाट निकाल्नुभयो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "तपाईंको दया जीवन भन्दा श्रेष्ठ (कोरस नं. ३०)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

सामान्तया बालबालिकाहरूले चित्रमा रङ्ग लगाउनलाई तपाइँले चाहानु भएको रङ्गहरू छान्न सक्थे । तर यस पटक उनीहरूले पद पनि कण्ठ गर्न सक्नेछन् । अब ५ सेकेन्ड जती उनीहरूलाई तपाइँले रङ्ग भरेको चित्र देखाउनुहोस् त्यसपछि उनीहरूलाई तपाइँले भरेको जस्तै गरी, दुरूस्तै रङ्ग भर्नलाई प्रयास गर्न लगाउनुहोस् र हेर्नुहोस् कतिसम्म मिलाउन सक्छन् अथवा याद गर्न सक्छन् । सबैले रङ्ग भरी सकेपछि तपाइँले भर्नु भएको चित्र देखाउनुहोस् र उनीहरूले भरेको रङ्ग मिलेको छ वा छैन तुलना गर्नुहोस् ।

अब एउटा प्रश्न सोध्नुहोस् : तपाइँहरूलाई ठ्याक्कै मेरै जस्तो गरी चित्रमा रङ्ग लगाउनलाई के कुराले सजिलो बनायो होला सामान्य उत्तर : हामीले असली (पहिलो) चित्रलाई हेर्न र अध्ययन गर्न आवश्यक छ । हो मूख्य कुरा नै यहि हो : हामीले परमेश्वरलाई पछ्याउनु र उहाँलाई प्रसन्न पार्नु भनेको पनि हामीले भर्खरै गरेको कुरा जस्तै नै हो । यदि हामी हाम्रो जीवनलाई परमेश्वरले आशा गर्नुभएको कुरासँग मिलाउन चाहान्छौं भने हामीले आफूलाई उहाँको वचन जुन उहाँले हामीलाई दिनुभएको छ त्यससँग मेल खान्छ की खाँदैन भनेर तुलना गर्नु आवश्यक छ । सदोम र गमोरामा,जस्तै गरी...............(तपाइँको शहर र देश) मा भएको समस्या उस्तै हो कि भनेर हामीहरू आफूलाई गलत स्तरमा तुलना गर्दछौं । हामी हाम्रो साथीहरूले के गरिरहेका छन् सो हेर्छौं र विचार गर्छौं कि यो ठिकै हुनुपर्छ, किनकि सबैले यहि नै त गरिरहेका छन् । कहिलेकाहिँ हामी प्रख्यात मानिसहरूलाई, वा चलचित्रमा भएका मानिसहरूलाई, टि.भी. मा हेर्दछौं र उनीहरूलाई उदाहरण मानेर हामीले पछि के गर्ने भनेर हाम्रो निर्णयहरू बनाउछौं । यो धेरै नै खतरनाक हुन्छ बाइबलमा भएका मानिसहरूको बारेमा विचार गर्नुहोस् जसले परमेश्वरलाई प्रसन्न पारेका थिए जस्तै अब्राहाम, नोआ, शेत, हाबिल । उनीहरू पूर्ण त थिएनन् तर उनीहरूमा

**शिक्षक साहयता**

**बाइबल कण्ठ गर्ने क्रियाकलाप : रिले दौड**

बालबालिकाहरूको दुई समूह बनाउनुहोस् । कण्ठ गर्नुपर्ने पदलाई ठुला-ठूला अक्षरहरूमा लेखेर समूह भन्दा करिब ३० फुट टाढा राख्नुहोस् । त्यसपछि बालबालिकाहरूलाई कण्ठ गर्नुपर्ने पद सम्म पालैपालो दौडन लगाउनुहोस् र त्यहाँ पुगिसके पछी पदको एकपछि अर्को शब्द ठुलो आवाजमा पढ्न लगाउनुहोस् ताकि त्यहाँ भएका सबैजनाले त्यो सुन्न सकुन् । जब प्रत्येक बालबालिकाहरूले आफ्नो एउटा शब्द पढिसक्छ तब फर्केर समूहमा जानुपर्छ र लाईनमा बसेको अर्को बालबालिकालाई छुनुपर्छ र यस प्रक्रियालाई पदमा भएको सबै शब्दहरू पढेर नसकिए सम्म दोहोराई राख्नुहोस् । जब सम्म सबैलाई पद कण्ठ हुदैन तब सम्म यसलाई दोहोराई राख्नुहोस् ।

**बाइबलीय क्रियाकलाप: रङ्ग लगाउने र तुलना गर्ने**

आउनुहोस् तुलना गरौं, कक्षामा भएका प्रत्येक बालबालिकाको लागि बाइबलका रङ्ग भर्न मिल्ने चित्र भएको पृष्ठहरूको प्रतिलिपि बलाउनुहोस् । त्यसपछि उदाहरणको लागि एउटा चित्रमा रङ्ग लगाउनुहोस् । बालबालिका-हरूलाई रङ्ग लगाउने चित्रहरू दिनु भन्दा अगाडि, आज हामी रङ्ग लगाउने सानो खेल खेल्नेछौं भनी भन्नुहोस् ।

एउटा कुरा चाहिँ समान थियोः उनीहरूले आफ्नो निर्देशनको लागि आफ्नो वरिपरीको संसारलाई होइन तर परमेश्वरलाई हेरेका थिए । यदि तपाईंले परमेश्वरलाई उहाँको वचन,बाइबलद्वारा उहाँलाई हेर्ने र उहाँसँग समय बिताउनु भएन भने परमेश्वरको बाटोहरू पछ्याउन सजिलो हुनेछैन । हामी हाम्रो जीवनहरूलाई परमेश्वरको असल स्वरूपमा बदल्दै लैजानुपर्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

कथाको दृष्यहरूः

- अब्राहाम र लोत अनिकालको कारणले इटालीतिर गएका थिए । (बेठिक)
- अनिकाल पछि अब्राहाम र लोत दक्षिणी इस्राएलतिर लागे । (ठिक)
- अब्राहाम इटालीमा छुट्टि मनाउन चाहान्थे । (कथामा नै छैन)
- लोत अब्राहामको भतिजा थियो । (ठिक) लोतको तीन छोरीहरू थिए । (बेठिक)
- लोत र अब्राहाम धेरै धनी व्यक्तिहरू थिए । (ठिक)
- लोत एक न्यायधीश भएको हुनसक्छ । (ठिक)
- लोत एउटा धेरै राम्रो फुटबल खेलाडी थियो । (कथामा नै छैन)
- अब्राहामले उत्तम भूमि चाहे र लोतलाई छनोट गर्न दिएनन् । (बेठिक)
- लोतकी पत्नी ढुङ्गाको खाँबो भईन् । (बेठिक)
- लोतकी पत्नीले बिस्कुटहरू पकाउन मन पराउथिन् । (कथामा नै छैन)
- लोत छिटो कुद्ने व्यक्ति थिए होलान् । (कथामा छैन)
- अब्राहामका र लोतका गोठालाहरू बीच झगडा भयो । (ठिक)
- परमेश्वरले सधैं पापलाई न्याय गर्नुहुन्छ । (ठिक)
- परमेश्वरले मानिसहरूलाई नष्ट गर्न मनपराउनुहुन्छ । (बेठिक)

## ५) पाठ लागु गर्नुहोस्

सदोम एक भयानक, खराब, धेरै नराम्रो ठाउँ थियो । यदि तपाईं यस ठाउँ जस्तै कुनै ठाउँमा कहिल्यै जानुभएको छ भने तपाईंलाई कस्तो महसुस भएको थियो सो वर्णन गर्नुहोस् ।

जब तपाईं एक भयानक, खराब, धेरै नराम्रो ठाउँमा हुनुहुन्छ तब तपाईंले कसरी परिक्षाको सामना गर्नुहुनेछ भनेर बताउनुहोस् । निश्चित हुनुहोस् ।

**कथाको मूख्य सारः परमेश्वरले सदोमलाई नष्ट गर्नुभयो किनभने त्यहाँका मानिसहरू साह्रै दुष्ट र पापी थिए ।**

### शिक्षक साहयता

**पाठको समीक्षा क्रियाकलाप : ठिक, बेठिक, वा कथामा नै छैन**

बालबालिकाहरूलाई उनीहरूको “रिले दौड” को समूहमा नै रहन दिनुहोस् ।

तल दिइएको कथाको रूपरेखालाई पढ्नुहोस् र बालबालिकाहरूलाई उत्तर भन्न लगाउनुहोस् ठिक, बेठिक वा कथामा नै छैन । ठिक, बेठिक वा कथामा नै छैन भन्ने शब्दलाई ठुला अक्षर हरूमा लेख्नुहोस् र ती शब्दहरूलाई समूहहरूबाट करिब ३० फुट टाढा राख्नुहोस् । जब कथा पढिन्छ तब “रिले दौड”को समूहमा भएको पहिलो व्यक्ति दौडनुपर्छ र सहि उत्तरलाई छुनुपर्छः ठिक, बेठिक वा कथामा छैन । सबै बालबालिकाहरूलाई भन्ने मौका दिनुहोस् ।

# रोचक घटना नं १९

## उत्पत्ति १५:१-४; १६:१-१६; र १७:२०

**शिक्षक साहायता**

**कथाको मूख्य सारः सारांले परमेश्वरको प्रतिज्ञामा विश्वास गरिनन् तर अब्रामले चाहिं गरेका थिए ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- सदोमका राजाले अब्रामलाई शहरका सम्पत्तिहरू दिए । अब्रामले उनको प्रस्तावलाई अस्विकार गरेका थिए शायद उनी यस राजाको बदलादेखि डराएका हुनसक्छन् । यद्यपि परमेश्वरले अब्रामलाई एउटा विशेष प्रतिज्ञा गर्नुभयो, "तिम्रो ढाल, र तिम्रो अत्यन्त महान् इनाम म नै हुँ" (उत्पत्ति १५:१)
- अब्रामले तुरुन्तै कुराकानीलाई मोडेकाछन् । त्यहाँ एउटा समस्या थियो । त्यो समस्या यो थियो कि उनी ७५ वर्षका भइसकेका थिए र अब्रामका कुनै सन्तान थिएनन् । मानवीय रूपमा भन्नुपर्दा, सम्भवतः उनको सन्तान नहुने सम्भावना धेरै थियो किनकि सारा पनि सन्तान जन्माउन असक्षम थिईन् ।
- परमेश्वरले अब्रामलाई उहाँको प्रतिज्ञा सम्झाउनुभयो, "तिम्रो आफ्नो सन्तान नै तिम्रो हकवाला हुनेछ" (उत्पत्ति १५:४) यो कुरालाई अझै अगाडि बढाउनको लागि परमेश्वरले अब्रामलाई बाहिर जाऊ र ताराहरू गन्न प्रयास गर भन्नभयो । यदि उनले त्यो गन्न सक्षम भएको भए शायद उनले उनका कति सन्तानहरू हुने थिए भनेर थाहा पाउने थिए होला । अब्रामको सन्तान हुनेछ र उनीहरूका धेरै सन्तानहरू हुनेछन् भन्ने प्रतिज्ञा चाहिँ एक अचम्मको प्रतिज्ञा र एउटा दृश्यात्मक सम्झौता थियो । अब्रामले परमेश्वरमा विश्वास गरे र उनी धर्मीजनको रूपमा गनिएका थिए; जुन उनको साधारण विश्वास थियो ।
- सारैको प्रतिक्रिया फरक थियो । सम्भवतः अब्राम र सारैको विवाह भएको ५० वर्षभन्दा बढी भईसकेको थियो होला तर पनि उनीहरूको सन्तान भने हुन सकेको थिएन । उनले लगभग ५० वर्षमा त सन्तान जन्माउन सकिनन् भने अब उनीहरू कसरी सन्तान हुन्छ भनेर सारैले तर्क गरेकी छिन् । त्यसैले उनले परमेश्वरलाई मद्दत गर्ने योजना बनाईन् । सारैले आफ्नी दासी, हागारसँग सहवास गर्ने अब्रामलाई अनुरोध गरिन् । हागार गर्भवती भईन् र इश्माएललाई जन्माईन् ।
- परमेश्वरले इश्माएललाई प्रतिज्ञाको पुत्रको रूपमा स्वीकार गर्नु भएन । तथापि अब्रामले यो छोरालाई प्रेम गरे र परमेश्वरले उसको पनि वास्ता गर्ने प्रतिज्ञा गर्नुभयो । परमेश्वरले आफ्नो प्रतिज्ञाहरू पुरा गर्नुहुन्छ र उहाँको शुरूको अर्थात् मूल प्रतिज्ञा अनुसार एउटा छोरा प्रदान गर्नुभयो ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

- उत्पत्ति १:१ - शुरूमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।
- कलस्सी १:१६ - किनभने स्वर्गमा भएका र पृथ्वीमा भएका कुराहरू, देखिने र नदेखिने कुराहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानहरू, चाहे अधिकारीहरू, यी सबै कुराहरू उहाँद्वारा नै सृष्टि गरिएका हुन, सबै कुराहरू उहाँद्वारा र उहाँकै निम्ति सृष्टि गरिएका हुन् ।
- उत्पत्ति २:२ - अनि सातौँ दिनमा परमेश्वरले आफ्नो काम, जो उहाँले बनाउनुभएको थियो, सिद्ध्याउनुभो अनि सातौँ दिनमा उहाँले आफूले बनाउनुभएको आफ्नो सबै कामबाट विश्राम लिनुभयो ।
- उत्पत्ति २:८ - अनि परमप्रभु परमेश्वरले पूर्वपट्टी अदनमा एउटा बगैँचा लगाउनुभयो, र त्यहाँ आफूले रच्नुभएको मानिसलाई राख्नुभयो ।
- यशैया १४:१२ - हे लुसिफर, बिहानीको छोरो, तँ कसरी स्वर्गबाट खसिस् ! जाति-जातिलाई कमजोर बनाउने तँ, तँ कसरी काटिएर भुइँमा खसिस् ।
- उत्पत्ति ३:६ - उनले त्यसको फलबाट टिपी, र खाईन् अनि आफूसित भएका आफ्ना पतिलाई पनि दिईं; अनि तिनले खाए ।
- उत्पत्ति ३:१५ - अनि तेरो र त्यस स्त्रीको बीचमा म दुश्मनी हाल्नेछु; उसले तेरो टाउको कुच्च्याउनेछ, र तैँले उसको कुर्कुच्चा डस्नेछस् ।
- रोमी ८:२० - किनकि सृष्टि व्यर्थताको अधीनतामा राखिएको छ; आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले, जसले त्यसलाई अधीनतामा राख्नुभएको छ, त्यस आशामा"
- उत्पत्ति १२:३ - अनि जसले तिमीलाई आशिर्वाद दिनेछन, तिनीहरूलाई म आशिष् दिनेछु: अनि जसले तिमीलाई श्राप दिनेछ, त्यसलाई म श्राप दिनेछु अनि तिमीमा सबै पृथ्वीका कूलहरू आशिषित हुनेछन् ।

## ३) पाठ सिकाउनुहोस्

- अब्रामलाई स्वर्गदूत (समाचारदाता) को प्रश्न : परमेश्वरले तिमीलाई उहाँ तिम्रो ढाल र इनाम हुनुहुनेछ भनेर कहिले भन्नुभयो, तिमीलाई के लाग्छ कि उहाँले के भन्न खोज्नुभएको होला
- सारालाई स्वर्गदूत (समाचारदाता) को प्रश्न : जब परमेश्वरले तिमीलाई तिमीले एउटा बालबालिका जन्माउनेछौ भन्नुभयो तब तिमी किन हाँस्यौ
- अब्रामलाई स्वर्गदूत (समाचारदाता) को प्रश्न : तिमी त्यस मानिसहरूको घरमा हुर्कियौ जसले चन्द्रमालाई पूजा गर्ने गर्दथे। चन्द्रमालाई पूजा गर्न छोडेर परमेश्वरको पूजा गर्न शूरू गर्दाको अनुभव कस्तो थियो

### समीक्षा क्रियाकलापः अगाडीको कण्ठ गर्नुपर्ने पदहरूको समीक्षा गर्नुहोस्

शिक्षकले बालबालिका-हरूलाई अगाडीका पाठहरूमा उल्लेख गरिएका कण्ठ गर्नुपर्ने पदहरू स्मरण गर्न लगाउनुपर्छ । सबै पदहरू त यो पृष्ठमा सुचित गरिएका छैनन् तर यदि समय पर्याप्त भएको खण्डमा शिक्षकले सबै १८ वटा कण्ठ गर्नुपर्ने पदलाई पाठ गर्न लगाउन सक्नुहुन्छ । स्वयंसेवकको रूपमा कोहि पाठ गर्न चहान्छ भने मौका दिन् सक्नुहुन्छ र थोरै मद्दत पनि गर्न सक्नुहुन्छ ।

बालबालिकारूलाई समूहमा विभाजन गर्नुहोस् र जसले धेरै पदहरू कण्ठ गरेका छन त्यस समूह अर्थात् व्यक्ति पत्ता लगाउनुहोस् र सबैको उत्साहको लागि केहि उपहारको व्यवस्था पनि गर्न सक्नुहुन्छ ।

### पाठ सम्बन्धि क्रियाकलाप सिकाउनुहोस् : स्वर्गदूतको अन्तर्वाता

एउटा बालबालिकालाई स्वर्गदूत, एउटालाई अब्राम र एउटालाई सारा हुन लगाउनुहोस् । स्वर्गदूतले हुने बालबालिकाले यी निम्न प्रश्नहरू प्रयोग गरेर अब्राम र सारै बन्ने बालबालिकाहरूको अन्तर्वार्ता लिनुपर्दछ । बाल-बालिकाहरूलाई अब्राम र सारैले नै उत्तर दिइराखे को जस्तै गरी उत्तर दिन सल्लाह दिनुहोस् । हुनसक्छ कि शिक्षकले स्वर्गदूतले सो ध्न सक्ने अझैं धेरैं प्रश्नहरू बनाउन सक्नुहुन्छ ।

## कथा भन्नुहोस्

सदोमका राजाले अब्राहामसँग सम्झौता गर्न चाहान्थे । राजा बेराले अब्राहामलाई आफ्नो पक्षमा एउटा मित्रको रूपमा लिन चाहान्थे । बेरा राजाले अब्राहामसँग साथी र साझेदार हुनुपर्छ भनी विचार गरे किनभने अब्राहाम एक शक्तिशाली मानिस र अरूको माझमा पनि ठूलो प्रभावशाली मानिस थिए । अब्राहाम राजा त थिएनन् तर उनीसँग धेरै शक्ति थियो र उनी एउटा धर्मी मानिस थिए । अब्राहामले सदोमका राजा बेरासँग कुनै पनि सम्झौता गर्न चाहेनन् । बेराले गर्न खोजिरहेका सम्झौताहरूलाई उनले पूर्ण रूपमा इन्कार गरे । अब्राहामलाई सदोमको इतिहास बारेमा थाहा थियो... कि उनीहरू धेरै दुष्ट मानिसहरू थिए र अब्राहाम त्यस किसिमका मानिसहरूबाट टाढा नै बस्ने निर्णय गरे । अब्राहामले होइन तर उनको भतिजा लोतले त्यहि शहरमा बस्ने छनोट गरेका थिए । जब अब्राहामले राजा बेरासँगको यो सम्झौतालाई इन्कार गरे तब उनी चिन्तित पनि भएको हुनुपर्छ । तर परमेश्वर अब्राहामसँग बोल्नुभयो र भन्नुभयो कि उहाँ उनको ढाल र अत्यन्त महान् इनाम हुनुहुनेछ । अब्राहामको लागि यसको मतलब चाहिँ यो थियो कि परमेश्वरले उनलाई सबै मार्गमा रक्षा गर्नुहुनेछ । अब्राहामको लागि यो धेरै ठूलो कुरा थियो किनभने उनले परमेश्वरलाई विश्वास गरेका थिए । जब परमेश्वर बोल्नुभयो अब्राहामले सुने र पालन गरे । यो उनको नियमित बानी नै भईसकेको थियो ।

एक दिन, परमेश्वरले अब्राहामलाई एउटा सन्तान दिने उहाँको प्रतिज्ञाको विषयमा सम्झाउनु भयो जो सबैथोकको अधिकारी हुनेछ । परमेश्वरले अब्राहामलाई बाहिर लानुभयो र ताराहरू गन्न भन्नुभयो; यदि अब्राहामले त्यस ताराहरूको संख्या गन्न सकेको भए, उनका कति धेरै सन्तानहरू हुनेथिए भनेर उनलाई थाहा हुनेथियो । अब्राहामले परमेश्वरलाई विश्वास गरे र उनलाई एक धार्मिक व्यक्तिको श्रेय दिईएको थियो यद्यपि यो विशेष सन्तान जन्मिनुभन्दा दश वर्ष अगाडी थियो ।

साराले एउटा फरक धारणा लिईन् । विश्वासको कमीले गर्दा साराले अब्राहामलाई र उनकी दासी, हागारलाई एउटा सन्तान जन्माउन लगाउने योजनाद्वारा, परमेश्वरलाई मद्दत गर्न सक्छिन् भन्ने विचार गरिन् । उनीहरूले त्यस्तै गरे पनि र त्यस सन्तानको नाम इश्माएल राखे । समस्या यो थियो कि इश्माएल प्रतिज्ञाको सन्तान हुने थिएन । साराको जीवन हागारले दुखद बनाईदिई । उनीहरू दुवैजना एक अर्कासँग निराश थिए र साराले अब्राहामलाई यो समस्याको दोष पनि दिएकी छिन् । साराको विश्वासको कमीले अब्राहामको लागि एउटा ठूलो समस्या खडा भयो । अब उनले इश्माएललाई के गर्ने भनेर निर्णय गर्नुपर्ने भयो । साराको विश्वासको कमीले हागारको लागि पनि एउटा ठूलो समस्या खडा भयो । अब उसको सारासँग मित्रता हुने थिएन । साराको विश्वासको कमी आफ्नै लागि पनि एउटा ठूलो समस्या थियो । र साराको विश्वासको कमीले इश्माएलको लागि पनि एउटा ठूलो समस्या भयो । उसले माया त पाउँनेछ तर उसले अब्राहामको घरलाई छाड्नुपर्ने भयो ।

परमेश्वरले इश्माएलको हेरचाह गर्ने उहाँको प्रतिज्ञालाई पुरा गर्नुभयो । पछि गएर इश्माएलको उसको भाईसँग एउटा सानो भिन्नता भयो तर यहाँ उनीहरू बीचमा भएका अरू कुनै पनि समस्याहरूको अभिलेख भने छैन । इश्माएललाई असल समयहरू र खराब समयहरूमा परमेश्वरले हेर्नुभयो । अब्राहामलाई थाहा थियो कि उनले भनेका जस्तोसुकै कुरालाई पनि परमेश्वरले आदर गर्नुहुनेछ । त्यसैकारण अब्राहामले परमेश्वरमा भरोसा गरे ।

**कथा बताउने क्रियाकलाप : मेरो दृष्टिकोणबाट**

साराको विश्वासको कमीले यी मानिसहरूलाई कसरी असर गऱ्यो भनेर बालबालिकाहरूलाई सोध्नुहोस् :

- अब्राहाम
- सारा
- हागार
- इश्माएल

यी चार व्यक्तिहरूको दृष्टिकोणबाट कसरी कोहि एकजनाको विश्वासको कमीले उनीहरू प्रभावित भए

सम्भावित उत्तरहरू :

- अब्राम: आफ्नै छोरालाई त्यागने कुरालाई घृणा गरेको हुनसक्छ ।
- सारै: हागार प्रति तितोपना
- हागार: सारा प्रति तितोपना
- इश्माएल: उसलाई हुर्काउनको लागि पिताको माया भएन ।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति १५:६ (टि.बी.एस) -** अनि उनले परमप्रभुमाथि विश्‍वास गरे अनि उहाँले यो कुरा उनका निम्ति धार्मिकता ठहऱ्याउनुभयो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "तपाईंको दया जीवन भन्दा श्रेष्ठ (कोरस नं. ३०)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

यी भनाईहरू अब्राहाम, सारा, हागार र इश्माएल समावेश भएको आजको बाइबल कथाबाट आएको हुनुपर्नेछ । जब बालबालिकाहरूले निश्चित रूपमा थाहा छ भन्ने उत्तर दिन्छन् तब परमेश्वरले त्यो प्रतिज्ञाको बारेमा जे भन्नुभयो त्यो कुरा किन निश्चित नै हुन्छ जस्तो लाग्छ भनेर भन्न कसैलाई बोलाउनुहोस् ।

१. अब्राहाम र साराको एउटा सन्तान हुनेछ (निश्चित थाहा छ); उत्पत्ति १८:१०

२. बालक जन्मिने समय कहिले होला (विश्‍वासद्वारा)

३. अब्राहाम धेरै सन्तानका पिता हुनेछन् (निश्चित थाहा छ); उत्पत्ति १५:५

४. प्रतिज्ञा गरिएको सन्तान सारा र अब्राहामबाट नै आउनेछ (निश्चित थाहा छ); उत्पत्ति १८:१४

५. यी दुईजना धेरै वृद्ध भईसकेका थिए र बालबालिका जन्माउनको लागि असमर्थ थिए, उनीहरूबाट परमेश्वरले यो कसरी गर्नुहुने थियो (विश्‍वासद्वारा)

६. इश्माएल प्रतिज्ञाको सन्तान नभए पनि परमेश्वरले उसलाई प्रेम गर्नुभयो (निश्चित थाहा छ)

७.परिवारमा हागार र इश्माएलको केहि शक्ति नभएको अवस्थामा परमेश्वरले कसरी उनीहरूको हेरचाह गर्नुहुने थियो (विश्‍वासद्वारा)

यहाँ हामीले बाइबलको कथामा जहाँ परमेश्वरले मानिसहरूलाई केहि क्षेत्रहरूमा विश्‍वासद्वारा उहाँमा भरोसा गर्न बोलाउनुभएको थियो भन्ने कुरा हेरेका छौं तर यो हामीले पनि आज गर्नुपर्ने कुरा हो । अब तपाईंको जीवनमा केहि चीजहरूको

### पद कण्ठ गर्ने क्रियाकलाप

केहि समयसम्म कण्ठ गर्ने पदको समीक्षा गर्नुहोस् अनि बालबालिकाहरूलाई दुई वा दुई भन्दा बढी समूहहरूमा विभाजन गर्नुहोस् । अगाडी चक वा सेतो बोर्ड वा कुर्सीमा कागजको टुक्रा राख्नुहोस्, र बालबालिकाहरूलाई समूहमा लाईन लागेर बस्न लगाउनुहोस् । प्रत्येक समूहको अगाडि बोर्डमा अर्थात् कागजमा लेख्नको लागि केहि बोर्डमार्कर, कलम र चकहरू राख्नुहोस् । प्रत्येक समूहको पहिलो बालबालिकालाई बोर्डतर्फ ढौडेर गएर पदको पहिलो शब्द लेख्न लगाउनुहोस, त्यसपछि फेरि फर्किएर लाईनमा आउन लगाउनुहोस् । अर्को बालबालिकाले अर्को शब्द लेख्नेछ र पद पूरा नभएसम्म यो प्रक्रिया दोहऱ्याइ राख्नुपर्छ। पुन: खेल्नु अघि सबै समूहहरूलाई समाप्त गर्न दिनुहोस् ।

### बाइबलीय क्रियाकलाप

कक्षाको समयभन्दा अगाडी नै प्रत्येक बालबालिका-हरूको लागि दुई-दुईवटा कार्डहरू वा कागजहरूको सेट बनाउनुहोस्  कुनै कार्डमा हामीलाई निश्चित रूपमा थाहाँ छ, र कुनैमा विश्‍वासद्वारा भन्ने शब्दहरू लेखिएको हुनपर्छ ।

बारेमा कुरा गरौं जुन तपाइँलाई निश्चित रूपमा थाहा छ र ती चीजहरू जुनमा तपाईंले विश्वासद्वारा परमेश्वरमा भरोसा राख्नुपर्दछ । यो खण्ड चाहिँ तपाईंको बालबालिकाहरूले सामना गर्ने आवश्यकताहरू र परिस्थितिहरूको आधारमा तयार गरिएको हुनुपर्दछ । केहि सम्भावित उदाहरणहरू निम्न प्रकार छन् ।

१. परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ र मेरो जीवनको बारेमा धेरै नै वास्ता गर्नुहुन्छ (निश्चित थाहा छ) मत्ति १०:२९-३१

२. मेरा आवश्यकताहरू परमेश्वरले कसरी पुरा गर्नुहुन्छ (विश्वासद्वारा)

३. मैले उहाँमा आज्ञाकारी जीवन बिताएको परमेश्वर चहानुहुन्छ (निश्चित थाहा छ); शमूएल १५:२२

४. जब सहि काम गर्नका लागि म एक्लै खडा हुन्छु परमेश्वरले मलाई कसरी इनाम दिनुहुन्छ होला (विश्वासद्वारा)

## ४) पाठको समीक्षा गर्नुहोस्

यो पाठ मूख्य दुई तथ्यहरूमा आधारित छ :

१. अब्राहामले विश्वासद्वारा प्रतिक्रिया दिएका छन् ।

२. साराले विश्वासद्वारा प्रतिक्रिया दिईनन् ।

## ५) पाठ लागु गर्नुहोस्

बाइबलको महान् कथा बुझ्नको लागि विश्वासको प्रतिक्रिया महत्वपूर्ण छ । कुनै एक व्यक्तिले परमेश्वरले भन्नुभएको कुरालाई विश्वासद्वारा प्रतिक्रिया दिन्छ । त्यो नै एउटा विश्वासको प्रतिक्रिया हो । यो विश्वासको प्रतिक्रिया चाहिँ कुनै पनि मानिस (पूरूष, महिला, केटा वा केटि) लाई परमेश्वरले भन्नुभएको कुरामा हो । परमेश्वरले भन्नुभएको कुरामा के तपाइँ विश्वासद्वारा प्रतिक्रिया दिनुहुन्छ यो हप्ता तपाईंको जीवनमा कस्तो हुन्छ होला !

**कथाको मूख्य सारः साराले परमेश्वरको प्रतिज्ञामा विश्वास गरिनन् तर अब्रामले चाहिँ गरेका थिए ।**

**शिक्षक साहयता**

**बाइबलीय क्रियाकलाप : (क्रमश)**

बालबालिकाहरूलाई यी निर्देशनहरू दिनुहोस् : म एउटा वाक्यलाई पढ्नेछु र तपाइँहरूले यो निर्णय गर्नु पर्छ कि यो कुन प्रकारको भनाईसँग सम्बन्धित छ यो निश्चित "हामीलाई थाहा छ" मा हो वा केहि कुरा जसमा मानिसले विश्वासद्वारा परमेश्वरमा भरोसा गर्नुपर्दछ । जब तपाइँले निर्णय गर्नुहुन्छ तब त्यो कार्डलाई माथि उठाउनुहोस् र कार्डमा लेखिएको शब्द पढ्नुहोस् । हामीले प्रत्येक वाक्य सकेपछि "निश्चित थाहा छ" लेखिएको कार्डहरूलाई एक ठाउँमा थुपार्नुहोस् र विश्वासद्वारा लखिएको कार्डहरूलाई अर्को छुट्टै ठाउँमा थुपार्नुहोस् ।

**समीक्षा क्रियाकलाप**

बालबालिकाहरूलाई यस पाठबाट उनीहरूले सिकेको एउटा मूख्य कुरा लेख्न लगाउनुहोस् । त्यसपछि, उनीहरूले सिकेको त्यस कुरा कक्षामा पालै पालो एकअर्कालाई सुनाउन लगाउनुहोस् । उनीहरूले हरेक नयाँ कुरा जुन अरूबाट सुन्छन् त्यो कुरा पनि लेख्नुपर्दछ । यो प्रक्रियालाई धेरैपटक सम्म दोहोऱ्याउन सक्नुहुन्छ । त्यसपछि, बालबालिकाहरूले पाठबाट सिकेका मूख्य कुराहरूको एउटा सूची बनाउनुहोस् ।

# रोचक घटना नं २०

# उत्पत्ति २२:१-१८

**शिक्षक साहायता**

**कथाको मूख्य सार : परमेश्वरले इसाहाकको बलिदान गर भनेर अब्रामको परिक्षा गर्नुभयो । अन्त्यमा इसाहाकको सट्टामा परमेश्वरले एउटा थुमा जुटाउनुभयो ।**



## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- परमेश्वरले अब्राहामलाई एउटा नयाँ नाम अब्राहाम दिनुभयो । परमेश्वरले अब्राहामलाई उसको विश्वास साँचो थियो कि थिएन भनेर जाँच्नुभयो । अब्राहामले शायद आफ्नो छोरा बाँच्नेछ भनेर पूर्ण आशा गरेका थिए ।
- मोरियाहको अर्थ भविष्यको कुरा देख्नु हुने यहोवा" हुन्छ । आदमको पतनले मानवजातिको पापको लामो, संघर्षलाई देखेर परमेश्वर अचम्म हुनु भएन । यो सबै परमेश्वरले अगाडी नै देखिसक्नुभएको थियो ।
- परमेश्वरले अब्राहामलाई आफ्नो छोरा बलिदान चढाउन दिनुभएको आज्ञा धेरै अव्यवाहारिक देखिन्छ । यद्यपि अब्राहामले परमेश्वरको आज्ञा तुरून्तै पालन गरेका छन् ।
- अब्राहामले कहिल्यै पनि सोचेनन् कि परमेश्वरले उनको छोरा उनीबाट लिनुहुन्छ भनेर । यदि इसाहाक मरेको भएपनि परमेश्वरले उसलाई फेरि जीवित पार्नुहुनेछ । विना कुनै प्रश्न, अब्राहामलाई यो थाहा थियो र उनी निश्चित थिए कि परमेश्वरले इसाहाकलाई कुनै पनि जोखिम वा नोक्सानीबाट बचाउनुहुनेछ ।
- "होमबलिको निम्ति पाठो चाहिँ कहाँ छ" इसाहाकले प्रश्न गर्दा अब्राहामले दिएको उत्तरले यो प्रकट गर्दछ कि परमेश्वरले इसाहाकको वास्ता गर्नुहुनेछ भनेर अब्राहामलाई विश्वास थियो । अब्राहामले भने, "परमेश्वर आफैले होमबलिको निम्ति पाठाको प्रबन्ध गर्नुहुनेछ" । (उत्पत्ति २२:८,१४)
- "परमप्रभुको पर्वतमा प्रबन्ध गरिनेछ" ("यहोवा-यिरे", पद १४), यसको अर्थ यो हो कि परमेश्वरले एउटा बालकको रूपमा होइन तर थुमाको रूपमा बलिदानको प्रबन्ध गर्नुभयो । परमेश्वरले उहाँका हरेक बालबालिकाहरूलाई चोट पुऱ्याउन चाहानुहुन्न ।
- अब्राहाम आज्ञाकारी दास थिए जसले परमेश्वरलाई महान् बलिदान दिएर आराधना गरे । सबै तीन दिनको यात्रामा र विशेष गरी यात्राको अन्तमा परमेश्वरले जुटाउनुभयो ।
- बेरशेबाबाट मोरियाहसम्म पुग्नलाई करिब ५० माईलको दूरी थियो, तीन दिनको पैदल यात्रा गर्नु पर्थ्यो ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

## २) पाठ शुरू गर्नुहोस्

**रोचक घटना नं १७: अब्राहामलाई गरिएको प्रतिज्ञाहरू**

१.अब्राहामलाई परमेश्वरले विशेष प्रतिज्ञा कहाँ गर्नुभयो

२.उत्पत्ति १२:३ पढ्नुहोस्

३.शेकेम र बेथेल

४.परमेश्वरको प्रतिज्ञाको लागि उहाँको प्रशंसा गर्नुहोस् ।

**रोचक घटना नं १८: सदोम र गमोरा**

१.परमेश्वरले सदोम र गमोरामा किन त्यति धेरै मानिसहरूलाई मर्न दिनुभयो

२.उत्पत्ति १९:२९ पढ्नुहोस्

३.मानिसहरू धेरै नै दुष्ट थिए ।

४.हामी दुष्टताबाट फर्कन सकौं भनेर प्रार्थना गर्नुहोस् ।

**रोचक घटना नं १९: अब्राहामको छोरा इश्माएल**

१. परमेश्वरले भन्नुभएको कुरामा अब्राहामले विश्वासमा कसरी प्रतिक्रिया दिएका थिए

२. उत्पत्ति १५:६ पढ्नुहोस् ।

३. अब्राहामले परमेश्वरको प्रतिज्ञाहरूमा भरोसा गरेका छन् ।

४. परमेश्वरलाई प्रशंसा दिनुहोस् ताकी उहाँले जे भन्नुहुन्छ त्यो कुरामा हामी भरोसा गर्न सकौं ।

## ३) पाठ सिकाउनुहोस्

तपाईंका बालबालिकाहरूलाई सोध्नुहोस्, “के तिमीहरूले कहिले लामो यात्रा गरेका छौ” यदि कसैले गरको छु भन्यो भने उनीहरूलाई सोध्नुहोस् कि उनीहरूले लामो यात्रामा आफुसँग के-के चिजहरू लगेका थिए यदि उनीहरूले लामो यात्रा गरेका छैनन् भने सोध्नुहोस् कि उनीहरूले के ल्याउन सक्छन् र यो धेरै लामो यात्रामा उनीहरूले के-के गर्न सक्छन् । यहाँ अब्राहाम एउटा धेरै महत्वपूर्ण कारणको लागि लामो यात्रा गर्न लागेका छन् ।

**क्रियाकलापहरूको समीक्षा गर्नुहोस् : सोध्नुहोस्, पढ्नुहोस्, कुरा गर्नुहोस्, बोल्नुहोस् ।**

पहिलो चारवटा पाठको समीक्षा गर्ने राम्रो योजनाले चारवटा मुख्य तत्वहरूमा ध्यान आर्कषण गर्दछ ।

१) प्रश्न सोध्नुहोस्

२) बाइबल पढ्नुहोस्

३) त्यस विषयमामा कुरा गर्नुहोस्

४) परमेश्वरसँग बोल्नुहोस्

## कथा भन्नुहोस्

अब्राहामले आफ्ना दुवै छोराहरू इसाहाक र इश्माएललाई धेरै माया गर्थे तर उनले इसाहाकलाई चाहिँ वास्तवमै बढी नै माया गर्थे। परमेश्वरले इसाहाकको लागि महान् प्रतिज्ञाहरू गर्नुभयो। परमेश्वरले साँच्चै नै इसाहाकलाई प्रयोग गर्न लाग्नुभएको थियो र अब्राहामलाई यो कुरा थाहा थियो। अब्राहाम धेरै बृद्ध भईसकेका थिए त्यसैले उनले एउटा असल पिताले गर्न चाहाने जस्तै गरी इसाहाकको रक्षा गर्न चाहान्थे।

अब्राहामलाई एक दिन परमेश्वरले इसाहाकलाई लिएर मोरियाह पर्वतमा जाओ भन्नुभयो जहाँ अब्राहामले इसाहाकलाई बलिदान स्वरूप चढाउनुपर्ने थियो। बलिदानहरू चढाउनु नयाँ कुरा थिएन तर आफ्नो छोरालाई बलिदान दिनु चाहिँ बिल्कुलै नयाँ कुरा थियो। परमेश्वरले एक असल पिताले उसको छोरालाई शारीरिक रूपमा चोट पुर्‍याएको कहिल्यै पनि चाहानुहुन्न तर परमेश्वरले अब्राहामको विश्वासलाई जाँच गर्दै हुनुहुन्थ्यो।

त्यसैले भोलिपल्ट बिहान...सबेरै, अब्राहामले बलिदानको लागि दाउरा ल्याए, दुई जना दासहरूलाई यात्राको लागि गधाहरू तयार पार्न लगाए र पक्कै पनि उनले इसाहाकलाई हामी एउटा बलिदान चढाउँनका लागि एउटा लामो यात्रामा जादैछौं भनेको हुनुपर्छ। उनीहरू सबै जानको लागि तयार थिए तर यो एउटा लामो यात्रा हुनेछ, यात्रा पूरा तीन दिनको थियो। उनीहरू पहिलो दिन यात्रा गरे;त्यसपछि दोस्रो दिन; र तेस्रो दिनमा, अब्राहामले त्यो ठाउँ देखे जहाँ उनीहरूले वलिदान गर्नुपर्ने थियो। त्यो मोरियाह पर्वत थियो जुन यरूशलेमबाट धेरै टाढा छैन। उनले दुई जना दासहरूलाई पछाडी नै बस्न लगाए भने इसाहाक र उनी चाहिँ वलिदान गर्न डाँडा तिर गए।

जब अब्राहाम र इसाहाक त्यो वलिदान गर्ने ठाउँमा पुगे तब अब्राहामले उनको छोरालाई बाँधेर वेदीमा राखे। इसाहाकले बलिदानको लागि थुमा चाहिँ काहाँ छ भनी थाहा गर्न चाहेकाछन् किनभने उसले यहि नै अपेक्षा गरिरहेको थियो। इसाहाकलाई थाहा थियो कि बलिदानहरू चढाउँनको लागि एउटा छोरा होइन तर थुमाको प्रयोग गरिन्थ्यो। जब अब्राहामले इसाहाकलाई मार्न भनेर आफ्नो छुरी उठाए तब एउटा स्वर्गदूतले उनलाई रोकेका छन्। स्वर्गदूतबाट ती शब्दहरू सुन्न पाउँदा अब्राहामले शायद एउटा ठूलो पिडाबाट मुक्त भएको महसुस गरेको हुनुपर्छ। जब उनले माथि हेरे तब उनले एउटा थुमा झाडीमा अल्झिरहेको देखे। अनि अब्राहामले आफ्नो छोरालाई खोले र अल्झिएर बसेको थुमालाई ल्याए। त्यसपछि उनले त्यस थुमालाई बलिदानको रूपमा परमेश्वरलाई चढाए। उनीहरू दुवै जना मिलेर परमेश्वरको आराधना गरे जसरी अब्राहामले आफ्ना दासहरूलाई भनेका थिए। उनीहरूले परमेश्वरको आराधना गर्नुपर्ने थियो र उनीहरूले त्यही नै गरे।

अब्राहामले त्यस ठाउँलाई एउटा विशेष नाम दिने निर्णय गरे। उनले भने, “परमप्रभुले प्रबन्ध गर्नुहुनेछ” यो ठाउँ अब्राहाम र इसाहाकको लागि धेरै महत्वपूर्ण हुनसक्छ किनकि परमेश्वरले आफ्नो पुत्रको सट्टामा बलिदानको लागि एउटा पशुको प्राबदान गर्नुभयो। केहि समय पछी मात्र हामी एउटा बलिदानको विषयमा परमेश्वरले गर्नुभएको अर्को एउटा निर्णयको बारेमा सिक्नेछौं, र यस पटक परमेश्वरले आफ्नै पुत्रलाई वलिदानको लागि प्रस्ताव गर्नुहुनेछ भन्ने बारेमा सिक्नेछौं। हामी यस बरेमा केहि बढि कुराकानी पछि गर्नेछौं। तर अहिलेको लागि मोरियाह पर्वतले एउटा नयाँ नाम पायो किनभने परमेश्वरले अब्राहामलाई जे आवश्यक थियो त्यो जुटाउनुभयो र जहिले आवश्यक थियो तब नै दिनुभयो भन्ने कुरा सिक्नेछौं।

### कथा बताउने क्रियाकालाप : नाटक

यस पाठ बालबालिका-हरूसँग अभिनय गर्नका लागि एउटा उत्कृष्ट पाठ हुनेछ। हामी यसलाई नाटक भन्दछौं। तपाईंले कथा सुनाउदै गर्दा, बालबालिकाहरूलाई वास्तविक घटनाहरू नै झल्काउने गरि अभिनय गर्न लगाउनुहोस्। तपाईंका बालबालिकाहरूलाई निम्न पात्रहरूको अभिनय गर्न लगाउँदा राम्रो हुन्छ होला :

१) अब्राहाम

२) इसाहाक

३) २ जना दासहरू

४) केहि गधाहरू

५) थुमा

अब्राहमले दाउराको भारी (तीन चार ओटा दाउरा हुनसक्छ) गधाहरू माथि राख्नुपर्छ।

प्रत्येक दिनको यात्राको लागि सम्पूर्ण समूह कक्षाको वरिपरि हिड्नुपर्छ र प्रत्येक दिनको अन्त्यमा थकित भएको अभिनय गर्नुपर्दछ।

अब्राहामले इसाहाकलाई बाँधेर उसलाई बलिदानको वेदीमा राखेको जस्तो पनि गर्नुपर्छ।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति २२:१४ (टि.बी.एस)** - अनि अब्राहामले त्यस ठाउँको नाम यहोवा-यिरे राखे; यसकारण आजसम्म पनि "परमप्रभुको पर्वतमा प्रबन्ध गरिनेछ" भनी भनिन्छ ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "पिता अब्राहामका धेरै सन्तान" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

यस क्रियाकलापको लागि हामी एउटा छोटो यात्रामा जान लागिरहेका छौं तर यो यात्रा केवल एउटा नियमित हिँडाईको मात्र नभएर यो एउटा "विश्वासको हिँडाई" हुनेछ भनी बताउनुहोस् । प्रत्येक व्यक्तिको एउटा साथी हुनेछ र तपाईंहरू मध्ये एकजनाले आखाँमा पट्टी लगाउनुहुनेछ, ताकी आफू कता जाँदैछु सो देख्न नसकेको होस् । कतै नलड्नुभएकोहोस् र चोटपटक नलागोस् भनेर तपाईंको साथीले तपाईंलाई बाटो देखाउनेछ । यहाँ तपाईं र तपाईंको साथी एकअर्का प्रति विश्वासयोग्य हुनुपर्छ भन्ने कुरा धेरै नै महत्वपूर्ण हुन्छ । यदि तपाईंले आखाँमा पट्टी लगाउनुभएको छ भने तपाईंले तपाईंको साथीलाई पूर्ण भरोसा गर्नुपर्ने हुन्छ । केहि समय पछि हामी अर्को व्यक्तिको आखाँमा पट्टी लगाउनेछौं र अर्को एउटा छोटो यात्रामा जानेछौं । पुनः बालबालिकाहरूलाई दुई-दुई जनाको समूहमा जोडी बनाउनुहोस् । प्रत्येक समूहको जोडीलाई एउटा आखाँ बाँध्ने पट्टी दिनुहोस् र उनीहरूलाई आफ्नो साथीको आखाँमा लगाउनलाई मद्दत गर्नुहोस् । बालबालिकाहरूलाई एउटा विश्वासयोग्य साथी बन्न प्रोत्साहित गर्नुहोस् ।

क्रियाकलाप गरिसके पछि, जब तपाईं आफुले अगाडी के छ भन्ने कुरा देख्न नसकेको अवस्थामा अरू कसैमाथि पूर्ण भर पर्नुपर्दा कस्तो अनुभव भयो भन्ने विषयमा छलफल गर्नुहोस् । दुवै अब्राहाम र इसाहाकले यो कठिन अवस्थामा कसरी परमेश्वरमा भरोसा गर्नुपर्‍यो भनेर पनि कुराकानी गर्नुहोस् । हामीले त्यही क्षणमा देख्न नसके तापनि परमेश्वर सधैं भलो, सधैं सत्य, सधैं ठिक हुनुहुन्छ । जब हामी देख्न सक्दैनौं तब साथीले हामीलाई वरिपरि असल तरिकाले डोऱ्याउँछ भन्ने कुरामा भरोसा गर्छौं भने हाम्रो जीवनमा हामीलाई असल मार्गमा डोऱ्याउनु हुने परमेश्वरमा कत्ति धेरै भरोसा गर्नुपर्छ होला विचार गर्नुहोस् । उहाँ हाम्रो सृष्टिकर्ता र सारा जगतको मालिक हुनुहुन्छ । उहाँ सधैं भरोसाको योग्य हुनुहुन्छ ।

**कण्ठ गर्नुपर्ने पद**
**क्रियाकलापः उफ्रनुहोस्**

कण्ठ गर्ने पदको वाक्याशंहरूलाई ठूला ठूला अक्षरहरूमा कागजको पानाहरूमा लेख्नुहोस् । ती पदका वाक्याशंहरू लेखिएको कागजहरूलाई मिश्रित रूपमा एक पाईलामा भेट्न सकिने गरि टेपले भुईंमा टाँस्नुहोस् । बालबालिकाहरूले ती वाक्याशंहरू उच्चारण गर्दै एक पटकमा एउटा वाक्याशंमा क्रम मिलाउदै टेक्नु पर्नेछ । प्रत्येक बालबालिकाहरूलाई यो क्रियाकलाप गर्ने मौका दिनुहोस् ।

**बाइबलीय क्रियाकलापः विश्वासको हिँडाई**

चाहिने सामग्रीहरूः कक्षामा बालबालिकाहरूको संख्या आशा गरिएका भन्दा १/२ जनाको लागि आखाँमा बाँधने पट्टी बढि नै ल्याउनुहोस् (अभाव नहोस् भनेर, थप पट्टीहरू भएको असल हुन्छ)

## ४) पाठको समीक्षा गर्नुहोस्

सहमत/असहमत भनाईहरू (यदि तपाईँ असहमत हुनुहुन्छ भने, किन असहमत हुनुहुन्छ ?)

१. अब्राहाम र इसाहाक मोरियाह पर्वतसम्म पुग्नलाई तीन दिनको यात्रा गरेका थिए । (सहमत)

२. आफ्नो पुत्र इसाहाकलाई परमेश्वरले बचाउनुहुनेछ भनेर अब्राहामलाई पक्का भरोसा थिएन । (असहमत किनभने उनलाई परमेश्वरमा पूर्ण भरोसा थियो) ।

३. अब्राहामले यस पर्वतलाई "मोरियाह पर्वत" भनेर नाम दिएका थिए । (असहमत उनले त्यसलाई, परमेश्वरले प्रवन्ध गर्नुहुनेछ भनेर नाम दिएका थिए)

४. साराले यो एउटा असल विचार हो भन्ने सोचिनन् । (असहमत मोरियाह पर्वतमा यात्रा गर्ने कुराको बारेमा सारालई जानकारी थियो वा थिएन बाइबलले बताउँदैन)

५. कुनै पशुलाई बलिदानको रूपमा प्रयोग गरिएको घटना बाइबलमा यो पहिलो पटक हो । (असहमत परमेश्वरले आदम र हव्बाको लागि लुगा पशुको छाला बाट नै बनाउनुभयो)

**पाठको समीक्षा गर्ने क्रियाकलापः सहमत र असहमत भनाईहरू**

यी भनाईहरूमा सहमती वा असहमती जनाउनको लागि बालबालिकाहरूले एकदमै रमाइलो मान्नेछन् । उनीहरूलाई सहमती वा असहमती जनाउनको लागि तपाइँको आफ्नै केहि थप भनाईहरू पनि राख्न सक्नुहुन्छ ।

## ५) पाठ लागु गर्नुहोस्

बाइबलको महान् कथामा आठ ओटा महत्वपूर्ण विषयहरू पाइन्छन् । ती निम्न प्रकार छन् १.परमेश्वर, २.मानिस, ३.पाप, ४.मृत्यु, ५.ख्रीष्ट, ६.क्रुस, ७. विश्वास र ८.जीवन

अब्राहामले परमेश्वरमा धेरै वर्षसम्म भरोसा गरे । अब उनले जब अनिकालको सामना गर्नुपऱ्यो तब पनि फेरि उनले परमेश्वरमा नै भरोसा गरेका छन् । एउटा वा दुईओटा तरिकाहरू बताउनुहोस् जसद्वारा तपाईंले परमेश्वरले तपाईंको लागि के गर्न सक्नुहुन्छ र उहाँले जुटाउनुहुन्छ भनेर विश्वास गर्नुहुन्छ । यस पाठले भरोसा वा विश्वासलाई जोड दिन्छ ।

**कथाको मूख्य सारः परमेश्वरले इसाहाकको बलिदान गर भनेर अब्रामको परिक्षा गर्नुभयो । अन्त्यमा इसाहाकको सट्टामा परमेश्वरले एउटा थुमा जुटाउनुभयो ।**

# रोचक घटना नं २१

## उत्पत्ति ३२:२४-२९

**कथाको मूख्य सारः याकूबले स्वर्गदूतसँग कुश्ती लडेर एउटा नयाँ नाम प्राप्त गरेका थिए ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- इसाहाकको मोरियाह पर्वतमा भएको घटनाको अनुभव पछि उनी दक्षिणी कनानमा गएर हुर्किएका थिए । परमेश्वरले उनलाई मेसोपोटामिया, सम्भवतः अहिलेको आधुनिक इराकमा बसोवास गर्ने एउटा पत्नी दिनुभयो । उनको नाम रिबेका थियो । सारा जस्तै रिबेका पनि बालबालिका जन्माउन असक्षम थिईन् तर इसाहकले आफ्नो पिताले गरे जस्तै गरि प्रार्थना गरे र परमेश्वरले उनलाई र रिबेकालाई जुम्ल्याहा छोराहरू दिनुभयो, जस्को नाम याकूब र एसाव थियो ।
- परमेश्वरले उहाँको आशिषको भागेदार हुन कान्छा छोरा याकूबलाई चुन्नुभयो । याकूबलाई धोकामा पार्ने व्यक्तिको रूपमा चिनिन्थ्यो र उसको नामको अर्थ पनि "कुर्कुच्चो पक्रने भन्ने हुन्छ" ।
- एसावलाई उसको जन्मसिद्ध अधिकार र उसको आशिषबाट याकूबद्वारा छल गरिएको थियो । जब यी सबै घटनाहरू भए एसाब धेरै रिसाए तब एसावदेखि याकूब टाढा भाग्नु परेको थियो ।
- उत्पत्ति २८:४मा हामी सिक्छौं कि इसाहाकले याकूबलाई फेरि आशिष् दिए । यस पटक उनको भनाई प्रष्ट थियो । जेठाले कान्छाको सेवा गर्नेछ । एसावले याकूबको सेवा गर्नेछ जसरी इश्माएलले इसाहाकको सेवा गरे ।
- याकूब मेसोपोटामिया तर्फ लागे र जहाँ उनले लाबानका छोरीहरू लेआ र राहेललाई विवाह गरेका छन् । उनले राहेललाई लेआ भन्दा बढी नै माया गर्थे । याकूब र उनको ससुरा लाबानको बीचमा झन् झन् तनावहरू बढदै गयो । त्यसैले याकूब फर्किनुपर्यो, यस पटक उनी आफ्नो मातृभूमिमा फर्किए । जब एसावले सुने कि याकूब आउदैछन् तब उनीसँग भेट्नको लागि एसाव बाहिर निस्किए ।
- अब हामी यहाँ याकूबको जीवनमा आत्मिक संकट परेको समयमा आइपुगेका छौं । बेथेलमा उनले भर्याङ्ग देखे, जब्बोकमा उनले परमेश्वरलाई देखे; बेथेलमा उनी एउटा विश्वासीलो व्यक्ति ठहरिएका छन् यहाँ उनी एउटा कमजोर व्यक्ति भएकाछन्; बेथेलमा उनी परमेश्वरको छोरा कहलाइएका छन्, यहाँ उनी परमेश्वरको एक सन्त भए ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

**खराब समाचार दिने संवाददाताहरू :**

- लुसिफरले परमेश्वरको बिरूद्धमा विद्रोह गऱ्यो ।
- लुसिफरले आदम र हब्बालाई परमेश्वरको विरूद्ध पाप गर्नलाई उक्सायो ।
- कयिनले हाबिललाई माऱ्यो ।
- नोआको समयका मानिसहरू धेरै दुष्ट थिए ।
- केहि मानिसहरूले परमेश्वरसम्म पुग्ने धरहरा बनाउने प्रयास गरे ।
- शुरूवातमा साराले परमेश्वरमा विश्वास गरिनन् ।

**असल समाचार दिने संवाददाताहरू :**

- परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ ।
- परमेश्वरले पृथ्वीलाई सृष्टि गर्नुभयो ।
- परमेश्वरले आदम र हव्वाको लागि लुगाको प्रबन्ध गर्नुभयो ।
- शेत हाबिलको सट्टामा एउटा ईश्वरीय विकल्पको रूपमा जन्मिएको थियो ।
- नोआ एक धर्मी मानिस थिए ।
- अब्राहामले पूर्णरूपले परमेश्वरमा विश्वास गरे ।

बालबालिकाहरूलाई यस्तै खबरहरूको सम्भव भएसम्म बढी भन्दा बढी विवरण दिन आग्रह गर्नुहोस् । उनीहरूलाई असल वा खराब भनेर नछुट्टयाउनुहोस् । त्यसको सट्टामा उनीहरूले असल र खराब समाचारहरू दुवै मध्ये कुनै पनि गर्न सक्छन् ।

**पाठ शुरू गर्ने क्रियाकलाप: खराब र असल समाचार दिने संवाददाता**

एउटा समूहलाई बाइबलका कथाहरूमा भएका खराब कुराहरूलाई जति सक्छन् त्यती नै धेरै भन्दा धेरै सूची बनाउन लगाउनुहोस् । यी तपाईंका खराब समाचार संवाददाताहरू हुन् ।

अर्को समूहलाई बाइबलका कथाहरूमा भएका असल कुराहरूको सूची बनाउन लगाउनुहोस् । यी तपाईंका असल समाचार दिने संवाददाताहरू हुन् ।

## ३) पाठ सिकाउनुहोस्

बालबालिकाहरूलाई सोध्नुहोस् कि उनीहरूसँग कहिल्यै कसैले झूट बोलेको वा उनीहरूलाई धोका दिएको छ कि छैन । आजको कथामा भएको मुख्य पात्र याकूबको जीवनमा छल गर्ने र झुक्याउने योजनाको त एउटा इतिहास नै थियो । वास्तवमा उनको नामको अर्थ पनि छल गर्ने व्यक्ति नै हुन्छ । बालबालिकाहरूलाई उनीहरूलाई कहिले झुट बोलिएको थियो वा धोका दिईएको थियो त्यस बारेमा केहि अनुभवहरू बताउन पनि दिनसक्नुहुन्छ ।

## कथा भन्नुहोस्

इसाहाक....उनको नामको शाब्दिक अर्थ हाँसो हुन्छ । शायद अब्राहाम र सारा दुवै जना बुढेसकालमा बालबालिका जन्माउने कुरा सोँच्दा हाँसेको हुनसक्छ, । इसाहाककी पत्नी रिबेकाले जुम्ल्याहा छोराहरू एसाव र याकूबलाई जमाएकी थिईन् अब, इसाहाक भर्खरै बुबा भएको अवस्था थियो । एसाव पहिले जन्मिएको थियो जसको अर्थ सामान्यतया उसले विशेष आशिष् र उत्तराधिकार पाउनु पर्ने थियो । जब याकूब दोस्रो भएर जन्मिए तब उसका आमा-बुबाले उसलाई “छल गर्ने” (याकुब) नाम दिए । त्यो एकदम अनौठो थियो र यो कुरा सत्य साबित भयो कि याकूबले आफ्नै परिवार समेत, आफ्नै बुबा र दाई दुवैलाई पनि धोका दिएका छन् । जसै केटाहरू हुर्किदै गए एसाव एउटा निपुण शिकारी भए भने याकूब प्राय घरमा नै बस्ने सादा मानिस भए । एसाव इसाहाकको प्रिय छोरा थिए भने याकूब रिबेकाको प्रिय छोरा थिए । जब इसाहाक साह्रै बृद्ध भइसकेका थिए तब एसावले कुनै पशु मारेर स्वादिलो भोजन तयार गरेको उनी चाहान्थे । जब एसाव शिकार गर्न गएको थियो तब रिबेका र याकूब मिलेर इसाहाक जस्ले राम्ररी आँखा देख्न सक्दैन थिए उनलाई धोका दिने योजना बनाए । यसरी आफू एसावको ठाउँमा म एसाव हो भनेर बुवाको लागि स्वादिलो भोजन तयार पारेर लगे र एसाव फर्कन अघि नै याकूबले आफ्नो बाबुलाई धोका दिए । यो योजनाले काम गऱ्यो..... इसाहाकले उसलाई एउटा विशेष आशिष् दिए र एसाव घर आई पुग्दा धेरै ढिलो भईसकेको थियो । एसाव धेरै क्रोधित भए । यसरी नै अर्को समयमा पनि जब एसाव शिकार गरेर आएको थियो र ऊ धेरै भोकाएको थियो । याकूबले एउटा स्वादिलो भोजन दिएर एसावको जेष्ठ उत्तराधिकार आफू लिने सम्झौता गरेर उसलाई छल गऱ्यो । फेरि पनि याकूबको धोकेबाज काम सफल भयो । एसाव यति सम्म उदास भए कि आफ्नो भाईलाई मार्न चाहान्थे ।

त्यसैले याकूब ४०० माईल उत्तर तर्फ यात्रा गरेर हारानमा उनको मामा लाबानकोमा गए । जहाँ उनले लाबनका छोरीहरू लेआ र राहेललाई भेटे र विवाह गरे । चाखलाग्दो कुरा यो छ कि छल गर्ने व्यक्ति याकूबलाई लाबानले लेआलाई पहिले विवाह गराईदिएर छल गरेका छन् जबकि याकूबले राहेललाई विवाह गर्न चाहान्थे । त्यसपछि दोस्रो पटक पनि लाबानले भेडा र बाखाहरूको बाँडफाँट गर्ने कुरामा पनि उनलाई छल गरे । याकूबले हारान छोड्नु पऱ्यो र यो पटक चाहिँ उसले घर नै फर्किने निर्णय गऱ्यो । यद्यपि उसको एउटा ठूलो समस्या थियो: एसाव, एसावले के सोच्ला वा के गर्ला ? भन्ने थियो ।

दुई दाजुभाई एकजुट हुनु भन्दा अघिल्लो रात, परमेश्वरको एउटा स्वर्गदूत देखा परे र छल गर्ने याकूबसँग कुश्ती लडे । याकूब आफ्नो पाप स्वभाव सहित नै स्वर्गदूतसँग आमनेसामने भए र उनलाई आशिष् दिन आग्रह गरे स्वर्गदूतले उनलाई आशिष् दिएका छन् । स्वर्गदूतले उसलाई एउटा नयाँ नाम दिएका छन् । याकूब अब देखि उसो छल गर्ने व्यक्ति रहनेछैन, अब उप्रान्त उनलाई इस्राएल अर्थात् परमेश्वरसँग सङ्घर्ष गर्ने व्यक्ति कहलाईनेछन् । अब परमेश्वर याकूबको लागि लड्नुहुनेछ किनभने याकूब आफ्नै मृत्युको आमनेसामने भएर त्यसको सामना गरेका थिए । एसावले उसलाई र उसको परिवारलाई के गर्लान् भन्ने बारेमा याकूब धेरै डराएका हुनसक्छ । जब परमेश्वर उसको सामु देखा पर्नुभयो र उसँग कुश्ती पनि लड्नुभईसके पछि उसको

**कथा भन्ने क्रियाकलाप : याकूबको छल र परमेश्वरको हस्तक्षेप**

जब तपाईं कथा भन्नुहुन्छ तब बालबालिकाहरूलाई याकूबले कति पटक सम्म छल गरेका थिए, त्यो गन्न लगाउनुहोस् । र भन्नुहोस्, “हामीलाई उसको बारेमा थाहा भएको यति मात्र हो; त्यहाँ अझै अरू पनि हुनसक्छ ।”

बालबालिकाहरूलाई याकूबले छल गरेका मानिसहरूको सूचि पनि बनाउन लगाउनुहोस् । त्यहाँ उसले छल गरेका व्यक्तिहरू धेरै नै थिए ।

याकूबले गरेको छलहरू:

धेरै पटक....धेरै व्यक्तिहरू

परमेश्वरको हस्तक्षेप : याकूबले अब उसो जीवनमा छल गर्ने छैन । के भएर याकूबको जीवन परिवर्तन भयो ?

परिवारका सदस्यहरू जस्तै परमेश्वर चतुर्याईमा चल्नु हुन्न भन्ने कुरा याकूब (इस्राएल) ले अब स्पष्टरूपले थाहा पाएका थिए। याकूबले पूर्ण सत्यतामा व्यवहार गर्नुपर्ने थियो र मात्र परमेश्वर उसको लागि लड्नुहुने थियो।

जब याकूब र एसावको फेरि मिलन भएको थियो, यो एउटा अति नै अद्भुत दृश्य थियो। सबैजना खुशी थिए। एसावको लागि आफ्नो भाईलाई क्षमा दिनलाई परमेश्वरले सम्भव तुल्याईदिनुभयो। याकूबको लागि पनि परमेश्वरले प्रतिज्ञा गर्नुभएको पारिवारिक आशिष् पाउनलाई सम्भव तुल्याईदिनुभयो।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति ३२:३० (टि.बी.एस)** - अनि याकूबले त्यस ठाउँको नाम पनिएल राखे; किनकि मैले परमेश्वरलाई आमने सामने देखेको छु, र पनि मेरो प्राण बाँचेको छ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "पिता अब्राहामका धेरै सन्तान" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

"सत्य" शब्दलाई ठूलो अक्षरहरूमा चकले, मार्करले बोर्डमा वा कागजको ठूलो टुक्रामा लेखेर कक्षामा भएका सबैजनाले देख्ने गरी राख्नुहोस्।

आफ्नो परिवार, आफु र परमेश्वर दुवैको लागि सधैं याकूब एउटा छल गर्ने व्यक्तिको रूपमा परिचित थियो। जब उसको नाम परिवर्तन भएर इस्राएल भयो, उसको चरित्रमा पनि परिवर्तन भएकोछ। अब यहाँ हामी "सत्य" शब्दसँग मेल खाने कति ओटा आशिषहरू सूचीबद्ध गर्न सक्छौं भन्ने कुरा हेर्नेछौं।

तपाईंसँग शुरू गर्नको लागि तपाईंको दिमागमा केहि शब्दहरू हुनुपर्दछ।

उदाहरण:

**T- Trust** (भरोसा) (तपाईं सत्य हुनुहुन्छ भने मात्र मानिसहरूले तपाईंलाई भरोसा गर्न सक्छन्)

**R- Right** (सही) (सत्य हुनु भनेको सही काम गर्नु हो र यसले परमेश्वरलाई प्रसन्न तुल्याउँछ)

**U- Unreserved** (अटल) (प्रतिबन्धित नहुनु)

**T- Truth Telling** (सत्य बोल्नु) (तपाईंको मुखबाट सत्य निस्कनुपर्छ झूट होइन)

**H-Habitually** बानी (सत्य बोल्नु एक नियमित बानी हुन्छ)

**F-Factual** (यथार्थ) (यथार्थमा आधारित सत्यता)
**U-Unreserved** (अकाट्य) (पूर्ण र सम्पूर्ण सत्य)
**L- Like It Is** (जस्ताको तस्तै) (वास्तवमै भएको कुरा)

**शिक्षक साहयता**

**पद कण्ठ गराउने क्रियाकलापः शब्दको मिश्रण**

प्रत्येक शब्दलाई एउटा एउटा कागजको टुक्राहरूमा लेखेर ती सबै कागजको टुक्राहरूलाई एकै ठाउँमा मिसाउनुहोस्। त्यसपछि, बालबालिकाहरूलाई ती शब्दहरू खोजेर सही क्रममा मिलाउन लगाउनुहोस्।

## ४) पाठको समीक्षा गर्नुहोस्

याकूबका छलहरू:

१) याकूबले आशिष् पाउनको लागि एसावलाई छल गऱ्यो ।।

२) याकूबले उत्तराधिकार पाउनको लागि एसाव र इसाहाक दुवैलाई छल गऱ्यो ।

३) याकूबले लाबानलाई छल गऱ्यो ।

४) लाबानले पनि याकूबलाई छल गरे ।

## ५) पाठ लागु गर्नुहोस्

- छल : २ वा ३ ओटा त्यस्ता तरिकाहरूको सूची बनाउनुहोस् जुन तपाईंले कसैलाई छल गर्नलाई प्रयोग गर्नुभएको थियो ।
- सत्यता : अब सत्यता देखाउनलाई तपाईंले ती हरेक अवस्थाहरूमा के गरेको भए असल हुन्थ्यो सो बताउनुहोस् ।
- छनौट : परमेश्वर (परमेश्वरको दूत) लाई भेटे पछि याकूबले सत्य हुने छनौट गरे । एउटा पूर्ण झूट र छलले भरिएको याकूबको जीवन पछि पूरै परिवर्तन भयो । बाइबलमा एउटा आशाको सन्देश भेटियो कि परमेश्वरले जस्तो सुकै व्यक्तिलाई पनि परिवर्तन गर्न सक्नुहुन्छ । के तपाईंले पनि तपाईंको जीवन उहाँलाई परिवर्तन गर्न दिनुहुन्छ ?

**कथाको मूख्य सार: याकूबले स्वर्गदूतसँग कुश्ती लडेर एउटा नयाँ नाम प्राप्त गरेका थिए ।**

**समीक्षा**
**क्रियाकलाप: नाटकिय खेल**

याकूबले गरेको कुनै एउटा छलको विषयमा अभिनय गर्नुहोस् र कुन छलको तपाईंले अभिनय गर्दै हुनुहुन्छ त्यो पत्ता लगाउने कोसिस गर्न लगाउनुहोस्, बालबालिकाहरूले अवश्य पनि यो क्रियाकलाप रमाइलो मान्नेछन् । तर कुनै पनि शब्दको प्रयोग नगर्नुहोस् ।

# रोचक घटना नं २२

## उत्पत्ति ३७:३-४; २३-२८; ३९:१-४; ४५:४-१३; ४७:५-६

**कथाको मूख्य सार : मानिसहरूले खराब गर्दा पनि असल हुनसक्छ ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- उत्पत्तिको पुस्तकको एक चौथाई भाग यूसुफको जीवनमा समर्पित छ। परमेश्वरले आकाश र पृथ्वी बाहेक संसारहरूको अन्य सृष्टिलाई जम्मा चारवटा शब्दहरूमा वर्णन गर्नुभयो, उहाँले ताराहरूलाई पनि बनाउनुभयो । परमेश्वरले एउटा मानिसको कथामा एउटा अध्याय पछि अर्को अध्याय लेख्नलाई प्रेरित गर्नुभएको छ जसको वंशसँग मसिहको कुनै सम्बन्ध नै छैन ।
- याकूबका चार जना फरक-फरक पत्नीहरूबाटका बाह्र जना छोराहरू थिए । परमेश्वरको प्रतिज्ञा अनुसार अब्राहाम र उसका सन्तानहरू सबै जातिको लागि आशिष् हुनुपर्ने थियो । यद्पी याकूबका छोराहरू यस आशिषको भागेदार भएको जस्तो देखिँदैन ।
- याकूबका बाह्र जना छोराहरू मध्ये उनको एउटा प्रिय छोरा थिए, एघारौं छोरा, यूसुफ जो उनको प्रिय पत्नी राहेलबाट जन्मेको जेठो छोरो थियो । याकूबले धेरै कुराहरूमा यूसुफ र उनका दाजुहरू बीचमा भेदभाव देखाएका थिए । सबैभन्दा उल्लेखनीय कुरा के छ भने याकूबले यूसुफलाई एउटा विशेष रङ्गबिरङ्गी पहिरन (लुगा) ल्याई दिएका छन् जुन जेठो छोरोको लागि हुनुपर्ने थियो ।
- त्यसकारण हुनसक्छ अरू बाँकि दश जना दाजुभाईहरूले यूसुफको डाह गर्थे । यहूदाको नेतृत्वमा उनीहरूले उसलाई बेच्ने निर्णय गरे । अरू दाजुभाईहरूले उसलाई मार्न चाहान्थे । तर परमेश्वरले यूसुफको जीवन बचाउन यहूदालाई प्रयोग गर्नुभयो । यूसुफ मिद्यानी व्यापारीहरूद्वारा दासको रूपमा किनिएका थिए र जोहरूले उसलाई मिश्रमा लगेर गए ।
- यूसुफ मिश्रमा एक असल विश्वासयोग्य दास भए । तर उनको मालिकको पत्नीले यूसुफलाई यौन सम्पर्कको प्रस्ताव राखिन् । उनले ऊ माथि बलात्कारको आरोप समेत लगाईन् । यस आरोपको लागि पोतिफरले यूसुफलाई झ्यालखानामा हालिदिए । यूसुफ झ्यालखानामा पनि एक शासक भए र सपनाहरूको अर्थ खोल्ने व्यक्ति भए । उनी अरू कैदीहरूको प्रमुख भए ।
- त्यहाँ अनिकाल भयो र याकूबको परिवारले मिश्रमा अन्न थियो भन्ने कुरा सुने । याकूबका छोराहरू अन्न लिन गए जुन उनीहरूले अन्ततः यूसुफबाट नै पाए । यूसुफले कुनै मनमुटाव राखेनन् र आफ्ना दाजुभाईहरूलाई क्षमा दिए ।
- यस पछि याकूबको परिवार मिश्रमा करिब ४०० वर्ष सम्म बसोवास गरेका छन् ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

तपाईंहरू बाइबलको एउटा महान् कथा सिक्दै हुनुहुन्छ भनि तपाईंको कक्षालाई स्मरण गराउनुहोस् । जबकि बाइबलमा धेरै कथाहरू छन्, ती सबै कथाहरू बाइबलको एउटा मुख्य विषयसँग वा कथासँग सम्बन्धित छन् । यो एउटा आशाको कथा हो । त्यसैकारण, तपाईंको विद्यार्थीहरूलाई त्यो कथा बुझ्नको लागि र सबै पाठहरूलाई एकसाथ मिलाउनको लागि सहायता गर्न, हामी अगाडिका पाठहरूको समीक्षा गर्नेछौं । “**हामीले बाइबलमा अध्ययन गरेका मुख्य घटनाहरू के के हुन् ?**” भनेर सोध्नुहोस् ।

- परमेश्वर सधैं हुनुहुन्थ्यो र उहाँ धेरै शक्तिशाली हुनुहुन्छ ।
- परमेश्वरले पृथ्वीलाई र पृथ्वीमा भएका सबैथोक सृष्टि गर्नुभयो ।
- परमेश्वरले मानिसलाई उहाँको विशेष मित्र हुनलाई सृष्टि गर्नुभयो ।
- लुसिफरले परमेश्वरको विरूद्ध विद्रोह गऱ्यो र एक तिहाइ स्वर्दूतले उसलाई पछ्याए ।
- लुसिफर, वा शैतानले हव्वालाई छल गऱ्यो । तिनीहरूले परमेश्वरमा अनाज्ञाकारी भएर पाप गरे ।
- परमेश्वरले आदम र हव्वालाई एउटा पशुको छालाबाट लुगा बनाएर लगाई दिनुभयो ।
- कयिनले हाबिललाई मारे ।
- परमेश्वरले एक विश्वव्यापी जलप्रलय ल्याउनुभयो जसले गर्दा लगभग पृथ्वीमा भएका सबै जिवित प्राणीहरूको मृत्यु भयो । परमेश्वरले नूह र उनको परिवार साथै उनीहरूसँगै जहाजमा भएका सबै जिवित प्राणीहरूलाई भने बचाउनुभयो किनभने नूह एक धर्मी मानिस थिए ।
- परमेश्वरले मानिसहरूको अनाज्ञाकारिता र झूटा देवताहरूको पूजा गरेको कारणले तिनीहरूको भाषा खल्बलाई दिनुभयो ।
- परमेश्वरले अब्राहामलाई विशेष प्रतिज्ञाहरू गर्नुभयो ।
- अब्राहामले मोरियाह पर्वतमा आफ्नो छोरो, इसाहाकको सट्टामा एउटा थूमाको बलि चढाए ।
- याकूबले परमेश्वरको दूतसँग कुश्ती लडे र एउटा नयाँ नाम इस्राएल प्राप्त गरे ।

### पाठ शुरू गर्ने क्रियाकलापः मुख्य घटनाहरू

समीक्षा गर्नु चाहिँ सिकाईको एउटा महत्वपूर्ण भाग हो । यहाँ १९ वटा घटनाहरू सूचीगत गरिएका छन् । प्रत्येक घटनाहरूलाई कागजको छुट्टा छुट्टै पानाहरूमा वा पोस्टरमा र बोर्डमा लेख्नुहोस् र बालबालिकाहरूलाई घटनाहरू क्रमैसँग मिलाएर राख्न लगाउनुहोस् । उनीहरूलाई २ वा ३ जनाको सानो समूहमा विभाजन भई सँगै मिलेर यो काम गर्न दिनुहोस् । प्रत्येक समूहले यी घटनाहरू सही क्रममा मिलाएर राख्नको लागि कति समय लिन्छन् सो हेर्नुहोस् । जित्ने समूहको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ ।

## ३) पाठ सिकाउनुहोस्

कुनै एउटा परदेशी भूमिमा बस्नु कहिलेकाहिँ कठिन हुन्छ । इस्राएलीहरूले पनि यस्तै नै अनुभव गर्नु परेको थियो । उनीहरू ४०० वर्ष भन्दा बढी मिश्रमा बसे । तपाईंलाई लामो समय सम्म फरक संस्कृतिमा रहदा इस्राएलीहरूले सामना गर्नु परेका केहि कठिनाईहरू के के हुन् जस्तो लाग्छ ?

## कथा भन्नुहोस्

मेरो नाम यूसुफ हो र म आज तपाईंहरूलाई मेरो कथा भन्न चाहान्छु । म कनानमा मेरा ११ जना दाजुभाईहरूसँग हुर्किएको थिए । हामी बाह्र जना मध्येमा म कान्छो भन्दा माथिको थिए । मेरो आमा राहेल हुनुहुन्थ्यो र म उहाँको सबैभन्दा प्रिय छोरा थिए । त्यसैले कहिले काहिँ मैले मेरो आमा-बुबाबाट विशेष वास्ता पाउने गर्थे जुन मेरो दाजुहरूले पाउँदैन थिए । मेरा दाजुहरू म प्रति ईर्ष्यालु व्यवाहार गर्नुहुन्थ्यो । उनीहरू मध्ये कतिले त मलाई घृणा पनि गर्दथे । एकदिन उनीहरूले मबाट छुट्कारा पाउनको लागि एउटा योजना बनाए । उनीहरूको डाह यति सम्म बढेर आयो कि हामी मैदानमा भएको बेला उनीहरूले मलाई एउटा गहिरो खाल्डोभित्र हाले र मैले लगाई राखेको लुगा पनि उनीहरूले लिए । उनीहरूले मेरो बुबालाई एउटा पशु आएर मलाई खायो भनेर भन्ने योजना बनाएका थिए । जुन कुरा झुट थियो तर उनीहरू सबै नै त्यसमा सहमत भए । तब मेरा दाजुहरूले केहि मिद्यानी व्यापारीहरूलाई देखे र मलाई दासत्वमा बेचिदिनुभयो । उनीहरूले सोचे कि अब उनीहरूले मलाई फेरि कहिल्यै भेट्ने छैनन् ।

अन्ततः म मिश्रमा पुगे र म दरवारको प्रमुख अङ्गरक्षकको घरमा दास भए । परमेश्वरले मलाई मेरो काम असल तरिकाले गर्न सक्षम बनाउनुभयो । उहाँले मलाई दासको रूपमा पनि मेरो काम गर्न मलाई यति सक्षम बनाउनुभयो कि पोतिफरले मलाई सबैकुरा को जिम्मा दिएका थिए । यद्यपि उनकी पत्नी साच्चै अनौठो थिईन् र तिनले मबाट केहि अनैतिक फाइदा लिन खोजिन् । मैले उनको त्यस अनैतिक प्रसतावको प्रतिरोध गरे तर उनी चिच्याईन् र मैले उनलाई केहि नराम्रो गर्न खोजेको भनेर दाबी गरिन् । केहि कारणहरूले गर्दा पोतिफरले उनको श्रीमतीको कुरा सुने र मलाई झ्यालखानामा राखियो । झ्यालखानामा परमेश्वरले मलाई सबैजनाको माझमा अनुग्रह गर्नुभयो र म एउटा प्रमुख व्यक्ति भए । परमेश्वरले निम्न सपनाहरू र ती सपनाहरूको अनुवाद गर्नको लागि मलाई प्रयोग गर्नुभयो ।

एक रात मिश्रका राजाले दुई वटा सपनाहरू देखे जसको अर्थ एउटै प्रकारको थियो । म मात्र एउटा यस्तो व्यक्ति थिए जसले त्यो सपनाहरूको अर्थ खुलाउन सक्छु भन्ने कुरा राजालाई थाहा भयो । यी सपनाहरू परमेश्वरबाट थियो र यी सपनाहरूले सात वर्ष सम्म एउटा ठूलो अनिकाल हुनेछ भनेर देखाए । राजाले मेरो कुरा सुन्नुभयो र मलाई उहाँ पछाडी सबैकुराको जिम्मावारी दिनुभयो । मैले सहकालका सात वर्षको अन्तरालमा अन्न भण्डार गरे । तर जब अनिकालको सात वर्ष आयो तब मेरा दाजुहरू सहित सबैजना अन्न लिनका लागि मकहाँ आए । मेरा दाजुहरूले अन्न चाहान्थे तर त्यति बेला उनीहरूले मलाई चिनेनन् ।

जब मेरा दाजुहरूले म को हुँ भनी चिने तब उनीहरू मैले उनीसँग बदला लिनेछु भनी डराए । उनीहरूलाई थाहा थियो कि म धेरै शक्तिशाली थिए । तर मेरा दाजुहरूले एक समय मलाई घृणा गरे पनि मैले उनीहरूलाई माया गरे र उनीहरूलाई मद्दत गर्न चाहे । यो एक अद्भूत पुनःमिलन थियो जब हामी सबैजना मेरो बुबाको साथमा मिश्रमा भेट भएका थियौं । मेरो बुबा मिश्रमा १७ वर्ष बस्नुभयो र त्यसपछि मर्नुभयो । हाम्रा सबै परिवार मिश्रमा नै बस्यौं । वास्तवमा हाम्रा सन्तानहरू अर्को ४०० वर्ष सम्म मिश्रमै बसे ।

परमेश्वरले अरू जातिहरूलाई आशिष् दिनको लागि मलाई प्रयोग गरि रहनुभएको

**कथा भन्ने क्रियाकलापः यूसुफको कथा**

शिक्षकले कुनै एक जना अतिथि वक्ता खोज्नुपर्छ जसले यूसुफको कथालाई असल र रोचक तरिकाले भन्नु पर्ने हुन्छ । सम्भव हुन्छ भने यूसुफको जस्तै लुगा लगाईदिनुहोस् । तपाईंको अतिथि वक्तालाई एउटा यस्तो व्यतिको रूपमा चिनाउनुहोस् जो लामो समय पहिले यस पृथ्वीमा जिउनु भएको थियो तर आज हामी सबैको लागि उहाँसँग एउटा अति नै महत्वपूर्ण सन्देश छ ।

यस कथा यूसुफको र उनको नजिकका मानिसहरूको जीवनीमा आधारित रहेर भनिएको हो । तर अर्को अर्थमा भन्नुपर्दा यस कथाले बाइबलको एउटा महान् कथालाई बताएको पाईन्छ ।

थियो । त्यो आशिष् परमेश्वरले अब्राहाम र उहाँको परिवारलाई गर्नुभएको प्रतिज्ञा थियो जसको म पनि एउटा सानो हिस्सा हुँ । परमेश्वरले मलाई मेरा दाजुहरू, मेरो परिवार, मेरा देशवासीहरू, र सबै जातिहरूको लागि एक आशिषको मूल हुनलाई प्रयोग गर्नुभयो ।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति ३९:२ (टि.बी.एस) -** अनि परमप्रभु यूसफको साथमा हुनुहुन्थ्यो; अनि उनी उन्नतिशील मानिस थिए; अनि उनी आफ्ना मिश्री मालिकको घरमा थिए ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "पिता अब्राहामका धेरै सन्तान" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

कक्षालाई दुईवटा समूहहरूमा विभाजन गर्नुहोस् । एउटा समूह यूसुफलाई निराश बनाउने वा चोट पुर्‍याउने सबै व्यक्तिहरू वा परिस्थितिहरूको नामहरू दिन लगाउनुहोस् । अर्को समूहलाई "तर परमेश्वर यूसुफप्रति विश्वासयोग्य हुनुहुन्थ्यो" भनेर जवाफ दिन लगाउनुहोस्। कागजको टुक्राहरूमा वा कार्डमा यी परिस्थितिहरू वा मानिसहरूको नाम लेख्नुहोस् जसले यूसुफलाई चोट पुर्‍याएका थिए, निराश बनाएका थिए, वा बिर्सिएका थिए :

१. उनका दाजुहरू

२. दास हुनु

३. परदेशी भूमिमा एक्लै हुनु

४. पोतिफरकी पत्नी

५. पोतिफर

६. उनले केहि गलत नगर्दा पनि उनी झ्यालखानामा हालिनु

कुनै एक जनालाई वा एउटा समूहलाई प्रत्येक कार्डमा लेखिएका हब्दहरू पढ्न लगाउनुहोस् । प्रत्येक कार्ड पढिसके पछि अर्को समूहले "तर परमेश्वर यूसुफप्रति विश्वासयोग्य हुनुहुन्थ्यो" भन्नु पर्छ । यो एउटा रमाइलो भाग हो: प्रत्येक पटक जब उनीहरूले त्यस वाक्यांश भन्छन्, उनीहरूले त्यो मधुर र सानो आवाजमा भन्नुपर्नेछ । अन्तिम कार्ड पढिसके पछि दुवै अर्थात् सबै समूहले एकै चोटी "तर परमेश्वर यूसुफप्रति विश्वासयोग्य हुनुहुन्थ्यो" भनेर भन्नु पर्छ । हामीले कसरी यो सम्भव हुन्छ भनेर देख्न नसकेता पनि परमेश्वर सधैँ हामी प्रति विश्वासयोग्य हुनुहुन्छ भन्ने कुरालाई जोड दिनुहोस् । हाम्रो काम भनेको परिस्थितिहरू जस्तो सुकै किन नहोस् हामीले हाम्रो आखाँहरू सधैँ परमेश्वरमा र उहाँको विश्वासयोग्यतामा राख्नुपर्दछ । यस सिद्धान्तको लागि यूसुफ एउटा उत्कृष्ट उदाहरण हुन् ।

**कण्ठ गर्नुपर्ने पद क्रियाकलाप: बीन ब्याग टस**

टेपले भुईंमा करिब ३६ ईन्चको ठूलो वर्गकार बनाउनुहोस् । त्यो वर्गाकारको भित्री कुनाहरूलाई जोड्नुहोस् र अंग्रेजी शब्दको "X" आकार बनाउनुहोस् । यदि तपाईंका विद्यार्थीहरू धेरै छन् र ठाउँ छ भने, अर्को वर्गाकार पनि बनाउनुहोस् । प्रत्येक भागलाई नम्बर दिनुहोस् जस्तै: १, २, ३, ४ । त्यहाँबाट केहि दूरी पर, टेपले सिधा रेखा बनाउनुहोस्, जहाँबाट विद्यार्थीहरूले त्यस ब्यागलाई वर्गाकार भित्रको भागमा फ्याँक्नुपर्नेछ । विद्यार्थीहरूको दुईवटा समूहमा बनाउनुहोस् । प्रत्येक विद्यार्थीले पालै पालो कुनै एउटा भाग भित्र त्यो ब्याग फ्याँक्नुपर्ने हुन्छ । तपाईंले बीन ब्याग बनाउनको लागि मोजामा सिमी भरेर रबरले कसिलो गरी बाँध्नुहोस् । मोजाको लामो भाग लिनुहोस् र त्यस ब्यागको सिमी भएको भाग पट्टी फर्काउनुहोस् । यदि उनीहरूले पद सही तरिकाले भन्न सकेको खण्डमा, उसको समूहले त्यो बीन ब्याग जुन भागमा फ्याँक्छन् त्यति नै अंक पाउनेछन् ।

नोट: तपाईंले यो खेल सिक्काको प्रयोग गरेर पनि खेल्न सक्नु हुन्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

कक्षालाई दुई समूहहरूमा विभाजन गर्नुहोस् । समूहहरूलाई यूसुफ, उनको परिवार, र मिश्रमा तिनीहरूको बसाईको विषयमा उनीहरूले याद गरेका धेरै भन्दा धेरै भलाईहरू, शब्दहरू लेख्न एक मिनट समय दिनुहोस् ।

- यूसुफका ११ जना दाजु भाईहरू
- मिश्रमा ४०० वर्षहरू
- सात वर्ष सम्म सहकाल र सात वर्ष सम्म अनिकाल भयो ।
- परमेश्वर यूसुफसँग हुनुहुन्थ्यो ।
- यूसुफको पिता १७ वर्ष सम्म मिश्रमा बसे ।

## ५) पाठ लागु गर्नुहोस्

एउटा कागजको टुक्रामा ती सबै व्यक्तिहरूको नाम लेख्नुहोस् जसले तपाईंलाई शब्दहरू वा उनीहरूले गरेका कामहरूद्वारा चोट पुयाएका छन् । अब कागजको अर्को पट्टि ती सबै व्यक्तिहरूको नाम लेख्नुहोस् जसलाई तपाईंले शब्दहरू वा तपाईंले गरेको कामहरूद्वारा चोट पुऱ्याउनु भएको छ ।

यूसुफ जस्तै के तपाईं पनि उनीहरूलाई क्षमा दिन चाहानुहुन्छ ? यदि तपाईंले अरू कसैलाई चोट पुऱ्यानुभएको छ भने तपाईं उनीहरूको सामु गएर उनीहरूसँग क्षमा माग्नुपदर्छ । तपाईंको छनौट तितोपन वा क्षमादान हो । क्षमादान एउटा प्रेमीलो काम हो जुन परमेश्वरले सधैं गर्नुहुन्छ ।

तितोपन एउटा घृणित काम हो । हामीलाई नराम्रो व्यवहार गर्ने र चोट पुयाउने व्यक्तिहरूलाई हामीले क्षमा नगरेको होस् भन्ने शैतान चाहान्छ ।

**कथाको मूख्य सार : मानिसहरुले खराब गर्दा पनि असल हुनसक्छ ।**

**पाठको समीक्षा गर्ने क्रियाकलाप: एक मिनटको सूची**

शिक्षकले पाठको बारेमा जति सक्दो धेरै तथ्यहरूको सूची बनाउन प्रत्येक समूहलाई एक मिनटको समय दिनुपर्दछ ।

एक मिनेट सकिएपछि, उनीहरूले बनाएको सूचीको तुलना गर्नुहोस् र कसले धेरै तथ्यहरू लेखेका छन् सो हेर्नुहोस् । तपाईंले तथ्य कुराहरू खोज्दै हुनुहुन्छ भनि बालबालिकाहरूले याद गर्नुपर्छ भनेर निश्चित गर्नुहोस् ।

# रोचक घटना नं २३

## प्रस्थान १:१-१४



**कथाको मूख्य सार: ठूलो कष्टको बावजुद पनि परमेश्वरले इस्राएलीहरूलाई ठूलो आशिष् दिनुभयो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- करिब १८७६ ई.पू.मा जब यूसुफले आफ्ना पिता र परिवारलाई मिश्रमा स्वागत गरेका थिए तब त्यहाँ ७० जना मानिसहरू थिए । यूसुफ र प्रस्थान १ अध्यायको बीचमा लगभग १०० वर्ष बितिसकेको थियो । त्यसैले यो समय अवधिमा इस्राएली पुरूषहरूको जनसंख्या ७० देखि ६००,००० सम्म बढेको थियो ।
- इस्राएली मानिसहरूले मिश्रमा आएको करिब ४३० वर्ष पछि मिश्रलाई छाडेका थिए ।
- यस समयमा मिश्रको गोसेन नामक भूमिमा लगभग २० लाख इस्राएलीहरूले बसोवास गरिरहेका थिए । परमेश्वरले अब्राहामसँग गर्नुभएको आफ्नो प्रतिज्ञालाई पूरा गर्दैहुनुहुन्थ्यो (उत्पत्ति १२:१-३) यद्यपि इस्राएलीहरूसँग अझैं पनि आफ्नै भूमि थिएन ।
- इस्राएल र मिश्रको संस्कृतिहरू बीचमा धेरै कुराहरूको भिन्नता थियो । इस्राएलले एक मात्र ईश्वरलाई आराधना गर्ने गर्दथे (एकईश्वरवाद-एक मात्र इश्वर छ भन्ने कुरामा विश्वास गर्ने) । मिश्रीहरूले धेरै ईश्वरहरूको पुजा गर्ने गर्दथे (बहुईश्वरवाद-एक भन्दा बढी ईश्वरमा विश्वास गर्ने) । इस्राएलीहरू भ्रमण गर्दै चारैतिर घुमि हिँडेका मानिसहरू थिए तर मिश्रीहरू भने स्थिर बसेका मानिसहरू थिए । मिश्रीहरू निर्माणकर्ता हुँदा इस्राएलीहरू गोठालाहरू थिए ।
- प्राचीन मिश्रको संस्कृति १,५०० भन्दा बढी ईश्वरहरूमा विश्वास गर्ने बहुईश्वरवाद संस्कृतिमा स्थापना भएको थियो । रा, आमोन र पताह भन्ने देवताहरूलाई अन्य देवताहरू भन्दा उच्च स्थानका भनेर मानिन्थे ।
- बाइबलले भन्दछ कि यहाँ एक ईश्वर हुनुहुन्छ र उहाँ अनन्त हुनुहुन्छ । मिश्री ईश्वरहरू अनन्त थिएनन् र उनीहरू मर्न पनि सक्थे ।
- मिश्री संस्कृतिमा, उनीहरूको धर्ममा तन्त्रमन्त्रले महत्वपूर्ण भूमिका खेलेको थियो । सैद्धान्तिक रूपमा, तिनीहरूका ईश्वरहरूले जादुई शक्तिहरूमा आधारित भएको श्रापहरू र शब्दहरू जप्यो भने मात्र प्रतिक्रिया दिन्छन् भन्ने भनाई थियो ।
- यहाँसम्म कि बाइबलका परमेश्वरले त्यहाँ उहाँ बाहेक अरू कुनै ईश्वरहरू छैनन् भन्ने कुरामा जोड मात्र दिनुभएन । यद्यपि उहाँ यसबारेमा उहाँ लामो समयसम्म चुपचाप बस्नुभएन ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

पाठको समीक्षा गर्नको लागि खेल खेल्नलाई बोर्डमा एउटा तालिका बनाउनुहोस् जुन यस्तो प्रकारको देखियोस्:

| समय रेखा | कथाको मूख्य सार | भजनहरू | कण्ठ गर्नुपर्ने पदहरू |
|---|---|---|---|
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |

अहिले सम्म अध्ययन गरिसकेका १० वटा पाठहरूको समीक्षा गर्नुहोस् र बालबालिकाहरूलाई प्रत्येक समय रेखाको लागि १०० अंक, कथाको मुख्य सारको लागि २०० अंक, भजनको लागि ३०० अंक, र कण्ठ गर्नुपर्ने पदहरूको लागि ४०० अंक दिनुहोस् ।

जित्ने समूहको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ। प्राय: प्रतियोगिताहरू बालबालिकाहरूको लागि रमाइलो खेल समान हुन्छन् । यसैले, उनीहरू सबैलाई सहभागी गराउनुहोस् । तपाईंको कक्षाको संख्याको आधारमा तपाईंले प्रत्येक विद्यार्थीलाई १ वा २ प्रश्नको मात्र उत्तरमा दिन लगाउन सक्नुहुन्छ। यसो गर्नुको कारण के हो भने यदि तपाईंले मौका दिनुभएको खण्डमा कोहि विद्यार्थीले सबै प्रश्नका उत्तरहरू आफुले मात्र दिन सक्छन् ।

## ३) पाठ सिकाउनुहोस्

एउटा केटो जो एउटा फरक संस्कृतिमा बस्नका लागि गईरहेको थियो, उसले भन्यो कि ऊ नयाँ भाषा सिक्न चाहँदैन ,नयाँ साथि बनाउन चाहँदैन, नयाँ विद्यालयमा जान चाहँदैन र नयाँ खाना खान चाहँदैन अनि त्यस्तै अरू कुराहरू पनि ।

अब तपाईं यस्तो नयाँ संस्कृतिमा बसोवास गरि रहनुभएको छ भनेर कल्पना गर्नुहोस् जहाँ मनिसहरूले तपाईंलाई मन पराउँदैनन् र तपाई केहि पनि होइन जस्तो व्यवहार गर्छन । तपाईंलाई कस्तो महसुस हुन्छ होला ? तपाईंले कस्तो प्रतिक्रिया दिनुहुन्छ होला ? तपाईंले आफ्नो आमा-बुबालाई यस विषयमा के भन्नुहुन्छ होला ?

**पाठ शुरू गर्ने क्रियाकलाप: बाइबलीय जोखिम**

कक्षालाई बराबर गरि दुई समूहमा विभाजन गर्नुहोस् । समूहहरू यस प्रकारले छान्न सक्नुहुन्छ:

- जसको जनवरी देखि जुन सम्म जन्मदिन पर्दछ ती व्यक्तिहरू
- जसको जुलाई देखि डिसेम्बर सम्म जन्मदिन पर्दछ ती व्यक्तिहरू

यो खेल पाठको अन्तसम्मको समीक्षामा निरन्तर जारी रहनेछ ।

## कथा भन्नुहोस्

जब याकूब मिश्रमा आए तब त्यहाँ अरूहरू सबै गरी जम्मा ७० जना मानिसहरू थिए। तर करिब एक सय वर्ष पछि त्यहाँ ६,००,००० जना त पुरूष मानिसहरू मात्र भए। अधिकांश इस्राएली परिवारहरू मिश्रको उत्तरपूर्वी भागमा बस्थे। परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभएको थियो कि उनका सन्तानहरू समुन्द्रको किनारमा भएका वालुवाको कणहरू जत्तिकै असंख्य हुनेछन्। त्यहाँ धेरै इस्राएलीहरू थिए, शायद २० लाख जति थिए।

यस कुराले मिश्रको नयाँ राजालाई चिन्तित बनायो। नयाँ राजाले यूसुफलाई चिन्दैन थिए। यूसुफको मृत्यु भएको केहि समय भईसकेको थियो। यूसुफ जीवितै छँदा उनी मिश्रमा धेरै शक्तिशाली थिए यद्यपि त्यो धेरै लामो समय अगाडीको कुरा थियो। मिश्रका राजा इस्राएलीहरूको बारेमा चिन्तित मात्र थिएनन्, उनी तिनीहरू छिट्टै संख्यामा वृद्धि नहून् भनेर तिनीहरूमा कामको भार बढाईदिन चाहान्थे। राजाले यो कुरालाई चाहिँ महसुस गरेनन् कि परमेश्वरले अब्राहामका सन्तानहरूलाई समुन्द्रको किनारमा भएको वालुवाको कण जत्तिकै असंख्य बनाउनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो। राजाले परमेश्वरको प्रतिज्ञालाई पूर्ण रूपले बेवास्ता गरे। यदि उनले परमेश्वरले गर्नुभएको प्रतिज्ञामा ध्यान दिएको भए अवस्था फरक हुन सक्थ्यो।

राजाले इस्राएलीहरूका निम्ति थप कामको घोषणा गरेपछि केहि चाखलादो कुरा भयो। जति राजाले उनीहरूलाई काम गर्न लगाउन कोसिस गरे त्यति नै धेरै इस्राएलीहरू जन्मिए। उनीहरू अझैं धेरै संख्यामा बढे। यसले राजालाई वास्तवमै निराश बनाएको हुनुपर्छ। उनले अब के गर्न लागेका थिए? उनले इस्राएलीहरू संख्यामा अझ धेरै नबढुन् भन्ने साँचेर जति सक्दो उनीहरूको जीवन दर्दनाक बनाइराखेका थिए। उनले योजना बनाएको भन्दा ठीक विपरित भइराखेको थियो। अब इस्राएलीहरूलाई दासको जस्तो व्यवहार गरियो। एक सय वर्ष पहिले मात्र उनीहरूलाई राजपरिवारको सदस्य जस्तै व्यवहार गरिएको थियो। तर अहिले चाहिँ थिएन। इस्राएलीहरूलाई राजपरिवारको सदस्य जस्तै व्यवहार नगरिएको मात्र होइन, मिश्रीहरूले उनीहरूलाई भयभित पनि बनाईरहेका थिए। तिनीहरूले इस्राएलीहरूलाई घृणा र अवहेलना गरे। मिश्रका राजाले इस्राएलका मानिसहरूलाई जे गरिरहेका थिए त्यो अत्यन्त क्रुर थियो।

परमेश्वरले उहाँको आफ्ना मानिसहरूको जीवनमा जे भइराखेको थियो त्यो सबै कुरालाई देख्नुभयो। जब कुनै एउटा मानिसले अर्को मानिसलाई कठोर व्यवहार गर्छ तब त्यस कुराले परमेश्वरलाई धेरै नै निराश तुल्याउँछ। तर जसरी परमेश्वरले सारालाई बालबालिका पाउन असक्षम भएको बेलामा देख्नुभयो त्यसरी नै परमेश्वरले इस्राएलका मानिसहरूलाई पनि उनीहरूमाथि धेरै गलत व्यवहार गरिरहेको देख्नुभयो। परमेश्वरले उनीहरूको दुःख देख्नुभयो र इस्राएलीहरूको लागि उहाँले एउटा अति नै विशेष कुरा गर्न लाग्नुभएको थियो। परमेश्वर आफ्ना जनहरूको दुःखाई र कष्ट देखेर कहिले पनि चुप बस्नुहुनेछैन। उहाँले उनीहरूका विन्तीहरू सुन्नुहुन्छ र उत्तर दिनुहुनेछ। परमेश्वरको प्रतिज्ञाहरू त्यहाँ पुरा भइराखेको थियो; एकदमै छोटो समयमा पनि इस्राएलीहरू धेरै संख्यामा थिए। तर उनीहरूलाई अझैं पनि आफ्नै देश चाहिएको थियो र यो अवस्थामा उनीहरू कसरी राष्ट्रहरूका लागि एउटा आशिष् हुनेछन् भन्ने कुरा चाहिँ स्पष्ट थिएन। यसकारण इस्राएलीहरूले मिश्रीहरूको लागि कडा मेहेनत गरे। उनीहरूले दासहरूले काम गरे झैं काम गरे। उनीहरूको कडा मेहेनतको बावजुद पनि उनीहरूले धेरै भन्दा धेरै बालबालिकाहरू जन्माउनमा सक्षम थिए। परमेश्वरले उनीहरूको कष्टहरूमा पनि उनीहरूलाई आशिष् दिई राख्नुभएको थियो।

**कथा भन्ने क्रियाकलाप : इस्राएलीहरूको लागि खुशी मनाउने**

बालबालिकाहरूलाई कथा सुनाउनुहोस्। जसै तपाईंले कथा भन्नुहुन्छ, “इस्राएलीहरू”, “परमेश्वर”, र “आशिष” जस्ता शब्दहरू जब बालबालिकाहरूले सुन्नेछन् तब तिनीहरूलाई ताली बजाउनु वा रमाउनु भन्नुहोस्।

यी तीन शब्दहरूमा बालबालिकाहरू रमाएको कुरामा ध्यान दिनुहोस् परमेश्वरले इस्राएलीहरूलाई उनीहरूको कष्टको बेलामा आशिष् दिन लाग्नुभएको थियो।

## कण्ठ गर्नुपर्ने पद

**प्रस्थान १:१२ (टि.बी.एस) -** तर तिनीहरूले उनीहरूलाई जति बढी कष्ट दिए, त्यति नै बढी उनीहरू संख्यामा बढ्दै गए र फैलिँदै गए ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "पिता अब्राहामका धेरै सन्तान" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

बालबालिकाहरूसँग कुरा गर्न शुरू गर्दैगर्दा एउटा दास हुनुको कष्टको बारेमा कुराकानी गर्नुहोस् । के परमेश्वरले उहाँका मानिसहरू दासत्वमा भएको चाहानुहुन्छ ? विल्कुल होइन !! उनीहरूलाई छुटकारा दिनको लागि उहाँसँग एउटा योजना थियो तर त्यो समयमा उनीहरूको जीवन धेरै कठिन थियो । बालबालिकाहरूलाई गत हप्ताको पाठ र परमेश्वर यूसुफप्रति कसरी विश्वासयोग्य हुनुहुथ्यो भनेर स्मरण गराउनुहोस्, यद्यपि यूसुफलाई यी सबै कुराहरू कसरी अन्त्य हुन्छ भन्नेकुरा थाहा थिएन ।

बालबालिकाहरूलाई भन्नुहोस: हामीहरूको जीवनमा प्राय केहि त्यस्ता चीजहरू हुन्छन् जुन हामी बुझ्दैनौं तर केहि अन्य चीजहरू छन् जुन हामीलाई निश्चय थाहा छ ! बाइबलमा हामीले परमेश्वरको बारेमा सिक्ने कुराहरू यी नै हुन् । आऔं हामी परमेश्वरको बारेमा सिक्न सक्ने कति कुराहरू छन् जून हामीलाई निश्चय थाहा छ सो हेर्नेछौं:

- प्रेमिलो
- विश्वासयोग्य
- न्यायी
- दयालु
- पवित्र
- धर्मी

**शिक्षक साहयता**

**कण्ठ गर्ने पद**
**क्रियाकलापः टेलिफोनको खेल**

टेलिफोन खेलको प्रयोग गरेर यो पद कण्ठ गर्नुहोस् । तपाईंको कक्षालाई सिधा लाईनमा उभिन लगाउनुहोस् । अनि लाइनमा उभिएको पहिलो व्यक्तिलाई त्यो पदको पहिलो वाक्यांश सुस्तरी कानमा भन्नुहोस्, त्यो वाक्यांश अर्को व्यक्तिलाई त्यसरी नै कानमा भन्न लगाउनुहोस् । सबैले त्यो पहिलो वाक्यांश भनि नसकुन्जेल त्यसो गरि नै रहनुहोस् । यसरी नै दोस्रो वाक्यांश, तेस्रो वाक्यांश गर्दै तिनीहरूले उक्त पद कण्ठ नगरून्जेल सम्म यो क्रियाकलाप दोहोऱ्याई राख्नुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

समीक्षा खेललाई निरन्तर गर्नुहोस् जुन पाठको शूरूवातमा अंकहरू शुरू गर्नुभएको थियो ।

- १०० अंकको लागि, इस्राएलीहरू मिश्रमा कति वर्ष सम्म थिए ? (४३०)
- २०० अंकको लागि, याकूबसँग वास्तवमै कति जना मानिसहरू मिश्रमा गएका थिए ? (७०)
- ३०० अंकको लागि, जब यो कथा भएको समयमा युसूफ बितेको कति वर्ष भएको थियो ?(करिब १००)
- ४०० अंकको लागि, मिश्रीहरूले एउटा ईश्वरमा वा धेरै ईश्वरहरूमा विश्वास गर्दथे ? (धेरै ईश्वरहरूमा)
- ५०० अंक बराबरको बोनस प्रश्न: यो पाठको विषयवस्तु के हो ? (धेरै कष्टहरूको बावजुद पनि इस्राएलीहरूलाई परमेश्वरले ठूलो आशिष् दिनुभयो)

**पाठको समीक्षा क्रियाकलाप: बाइबल जोखिम**

यो समीक्षा क्रियाकलाप पाठको शुरूवातमा शुरू गरिएको समीक्षा खेलको निरन्तरता हो ।

## ५) पाठ लागु गर्नुहोस्

कष्टमा थिचोमिचोमा परेका इस्राएलीहरूलाई परमेश्वरले धेरै सन्तानहरू दिनुभयो जुन अलिक अफ्ठेरो अर्थात् अनौठो देखिन्छ । यसले उत्पत्ति १२:१-३ मा उहाँले अब्राहामलाई गर्नुभएको प्रतिज्ञालाई पुरा गरिरहेको थियो जसको कारण यो भयो ।

बाइबलमा भएका दुई वा तीन प्रतिज्ञाहरू के के हुन् जुन तपाईंलाई सत्य हो भन्ने थाहा छ र जसको लागि तपाइँ परमेश्वरलाई धन्यवाद दिन सक्नुहुन्छ ?

- क्षमादानको लागि प्रतिज्ञा १ यूहन्ना १:९
- प्रार्थनाको उत्तर दिने प्रतिज्ञा यूहन्ना १५:७
- निर्देशनको प्रतिज्ञा हितोपदेश ३:५-६

**कथाको मूख्य सार: ठूलो कष्टको बावजुद पनि परमेश्वरले इस्राएललाई ठूलो आशिष् दिनुभयो ।**

# रोचक घटना नं २४

## प्रस्थान १:१-१४ र प्रस्थान ३:१-१७

**कथाको मूख्य सारः परमेश्वरले मोशालाई एउटा विशेष तरिकाले बोलाउनुभयो । मोशाले परमेश्वरको आज्ञापालन गरे ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- मोशा मिद्दानको उजाडस्थानमा ४० वर्षसम्म एउटा गोठालो भएर बसेका थिए तर अब परमेश्वरले उनलाई अब्राहामका सन्तानहरूलाई मिश्रबाट निकाल्नलाई बोलाउनुभयो ।
- एउटा गोठालोको रूपमा मोशाले आफ्नै लागि सबैथोक आफै गरिराखेका थिए । अब उनले परमेश्वरमा भर पर्नुपर्ने थियो ।
- परमेश्वर पहिलो पटक मोशासँग सिनै पर्वतमा बोल्नुभएको थियो उहाँ एउटा बलिरहेको पोथ्राबाट बोल्नुभएको थियो । यो त्यही पर्वत थियो जहाँ परमेश्वरले मोशालाई दश आज्ञाहरू दिनुभएको थियो (प्रस्थान १९:१-२०:२१) ।
- परमेश्वर मोशासँग एउटा अनपेक्षित ठाउँबाट बोल्नुभयो र मोशाले त्यसमा ध्यान दिएको थियो ।
- जब मोशाले आफ्नो जुत्ता खोले, जुन एउटा आराधनाको कार्य थियो । यस कार्यले परमेश्वरप्रति आदर देखाएको थियो । मोशाले परमेश्वरलाई आफु अयोग्य भएको र परमेश्वर उसको आराधना र भक्तिको योग्य हुनुहुन्छ भन्ने कुरा देखाइरहेका थिए ।
- मोशाले परमेश्वरलाई बहानाहरू बनाए किनकि उनले महसुस गरेको थियो कि परमेश्वरले उसको लागि राख्नुभएको काम गर्न ऊ सक्षम छैन । मोशालाई लाग्यो कि उसले एक्लै काम गर्नु पर्नेछ तर परमेश्वरसँग मोशालाई सहयोग गर्न अन्य धेरै स्रोतहरू थियो जस्तै आश्चर्य कामहरू र मोशाको दाई, हारून । जब मोशाले परमेश्वरको स्रोतहरू प्रयोग गरे तब उनी एउटा अगुवाको रूपमा एकदम प्रभावकारी भएका थिए । जब मोशाले परमेश्वरको स्रोतहरू प्रयोग गरेनन् तब उनी अगुवाको रूपमा अप्रभावकारी भए ।
- आफ्नो क्षमताको अभाव (प्रस्थान ३:११) र आफ्नो अधिकारको अभाव (प्रस्थान ३:१३) को कारणले मोशाले तुरून्तै परमेश्वरको आज्ञाप्रति आपत्ति जनाए । परमेश्वरले दुईवटा प्रतिज्ञाहरू सहितको जवाफ दिनुभयो: उहाँको उपस्थितिको प्रतिज्ञा (प्रस्थान ३:१४) र होरेब पर्वतमा फर्कने उहाँको प्रतिज्ञा ।
- देवताहरू र परमप्रभुको बीचमा युद्ध शुरू हुन लागेको थियो, जुन एउटा कथा विगत ३००० वर्ष देखि भनिदै आएको थियो ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

समीक्षा गर्नुको एउटा मुख्य लक्ष्य भनेको बालबालिकाहरूले बाइबलको महान् कथालाई नियालेर हेर्नु हो । आज, हामी बालबालिकाहरूलाई हामीले आजसम्म अध्ययन गरिसकेका कथाबाट केहि दोहोरिएका विषयहरू के के हुन् भनेर सोध्न चाहान्छौं । उदाहरणको लागि, बालबालिकाहरूलाई उत्तरहरू स्वयम् दिनको लागि प्रोत्साहन गर्नुहोस्, तर तपाईंले निम्न उदाहरणहरूको पनि प्रयोग गर्न सक्नुहुन्छः

परमेश्वरको अद्भुत शक्ति :
- सृष्टि
- संसारभरी जलप्रलय

जनावरको प्रतिस्थापन :
- आदम र हव्वा
- हाबिल
- मोरियाह पर्वतमा अब्राहाम र इसाहाक

परमेश्वरलाई प्रसन्न तुल्याउने विश्वास :
- हाबिल
- नोआ
- अब्राहाम

परमेश्वरले पापको सजाय दिनुहुन्छ :
- आदम र हव्वा
- कयिन
- सदोम र गमोरा
- बाबेल

**पाठ शुरू गराउने क्रियाकलापः एउटा महान् कथा**

शिक्षकले कक्षालाई केहि शिर्षकहरू दिन सक्नुहुन्छ जस्तैः परमेश्वरको अद्भुत शक्ति, जनावरको प्रतिस्थापन, परमेश्वरलाई प्रसन्न तुल्याउने विश्वास र परमेश्वरले पापको सजाय दिनुहुन्छ । त्यसपछि बालबालिकाहरूलाई ती कथाहरूको बाइबलीय उदाहरणहरू भन्न दिनुहोस् जुन हामीले अगाडी अध्ययन गरेका थियौं ।

यस क्रियाकलापको उदेश्य बालबालिकाहरूको लागि बाइबलको एउटा महान् कथामा दोहोरिने विषयवस्तुहरू बुझ्नको लागि हो ।

## ३) पाठ सिकाउनुहोस्

पोथ्रामा आगो लाग्नु र त्यसपछि त्यो पोथ्रा तपाईंसँग बोल्नु प्रायः सामान्य कुरा होइन । तर यदि त्यो घटना तपाईंसँग भएको भए तपाईंसँग बोलिरहेको र बलिरहेको त्यो पोथ्राबाट तपाईं के थाहा पाउन चाहानुहुन्थ्यो ? (शायद, तपाईं को हो ? र तपाईं किन मसँग बोलिरहनु भएको छ ? जस्ता कुरा थाहा पाउन चाहानुहुन्थ्यो होला)

## कथा भन्नुहोस्

इस्राएलीहरूलाई अझै पनि दासहरू जस्तो व्यवहार गरिन्थ्यो र उनीहरूसँग अझै पनि आफ्नो देश भन्न सकिने कुनै पनि भूमि थिएन । यो कुरा इस्राएलीहरूको लागि अत्यन्त निरुत्साहित कुरा हुनुपर्छ । उनीहरूसँग जाने अरू कुनै ठाउँ थिएन र उनीहरू बस्न सक्ने ठाउँ भनेको त्यही ठाउँ थियो जहाँ उनीहरूलाई अत्यन्त कठोर व्यवहार गरिन्थ्यो । अवस्थालाई अझै नराम्रो बनाउनको लागि मिश्रका राजाले सबै इस्राएलीहरूको छोरा सन्तानहरूलाई नील नदिमा फाल्ने आदेश दिए ।

मोशाकी आमा, योकेवेदले बालक मोशालाई नील नदिको एउटा सहि ठाउँमा पानी नछिर्ने कोक्रोमा राखेर बगाईन । अवश्य पनि योकेवेदलाई फारोकी छोरी नुहाउने ठाउँ थाहा थियो । फारोकी छोरीले बालकलाई भेटाइन् र पानीबाट बाहिर निकालिन् । उनले त्यस बालकलाई एउटा धेरै साधारण मिश्री नाम, मोशा दिईन् । फारोकी छोरीले योकेवेदलाई केहि समय मोशाको हेरचाह गर्ने अनुमति दिईन् । त्यसपछि फारोकी छोरीले मोशालाई दरवारमा नै हुर्काइन् । मोशाले कहिल्यै पनि आफ्नो साँचो धरोहरलाई बिर्सेनन् । करिब ४० वर्षपछि मोशाले एउटा मिश्रीले एउटा इस्राएलीलाई कुटिरहेको देखे । त्यसकारण मोशाले मिश्रीलाई मारे । भोलिपल्ट मोशाले अरू कसैले यो देखेछ भनी थाहा पाए र उनी मरूभूमितिर भागे । त्यहाँ उनले एउटी युवतीलाई भेटे र विवाह गरे र उनीहरू ४० वर्षसम्म उजाडस्थानमा बसोवास गरेका थिए ।

मोशा उजाडस्थानमा बसिरहेकै बेला उनी एउटा पोथ्राको नजिक थिए जुन बलिरहेको थियो तर त्यो भस्म भईरहेको वा जलिरहेको थिएन । जब उनले त्यो बलिरहेको पोथ्रा देखे तर त्यो जलिरहेको छैन भन्ने याद गरे तब त्यस बलिरहेको पोथ्राबाट उनलाई एउटा आवाज आयो । मोशाको लागि यो साँच्चै नै अनौठो अनुभव थियो होला । मोशाले त्यस आवाजसँग बातचीत गरे जुन परमेश्वरबाटको दूत थिए । ती स्वर्गदूतले स्पष्ट रूपमा भने कि "म हुँ" जो तिम्रो लागि पठाइएको हुँ । मोशाले यो कुरामा विश्वास गरे । त्यसपछि स्वर्गदूतले मोशालाई भने कि उनी नै त्यो एउटा व्यक्ति हुनेछन् जसले इस्राएलीहरूलाई मिश्रबाट निकाल्नेछन् । मोशा अकमकाए....उनी हिचकिचाए । उनले उनी त्यो कामको लागि सहि व्यक्ति हो भनेर सोचेनन् । तर मोशाले अरू नै कसैले उनले भन्दा अझै राम्ररी यो काम गर्न सक्छ, भनेर सोचेका थिए, शायद उनको दाई हारून; वा अरू नै कोहि हुनसक्छ ।

परमेश्वरले इस्राएलीहरूलाई मिश्रबाट निकाल्नको निम्ति मोशालाई अह्राउनुभएको थियो भनेर इस्राएलीहरूले विश्वास नगर्लान् कि भन्ने कुरामा उनी चिन्तित थिए । परमेश्वरले मोशाको चिन्तालाई बुझ्नुभयो र उनीप्रति धैर्यवान हुनुभयो । उनको नेतृत्व प्रमाणित गर्न परमेश्वरले मोशालाई उनको हातमा के छ भनेर सोध्नुभयो.......त्यो एउटा लौरो थियो । जब परमेश्वरले उनलाई लौरो भुइँमा फाल भन्नुभयो तब उनले फाले अनि त्यो सर्प भयो । अनि जब उनले सर्पलाई उठाए तब त्यो फेरि लौरो भयो । अनि परमेश्वरले मोशालाई आफ्नो हात आफ्नो कोखिलाभित्र हाल भन्नुभयो जुन उनले गरे । जब उनले आफ्नो हात बाहिर निकाले तब उनको हात कुष्ट रोग भनिने रोगले भरिएको थियो । इस्राएलीहरूले मोशालाई विश्वास गरे र जीवित परमेश्वरलाई आराधना गरे । परमेश्वरको उपस्थितिको साथ सशस्त्र भई, परमेश्वरको आज्ञालाई बुझेर र हारूनको साहायताद्वारा मोशाले इस्राएलका मानिसहरूलाई मिश्रबाट डोऱ्याएर निकाल्ने निर्णय गरे । अब्राहामका परमेश्वरले मिश्रका ईश्वरहरूको विरूद्धमा युद्ध गर्नुहुने थियो ।

**कथा भन्ने क्रियाकलापः बहानाहरू**

यदी परमेश्वरले तपाइँलाई उहाँको लागि एउटा ठूलो काम गर्न लगाउनुभयो भने तपाइँ के के बहानाहरू बनाउनु हुन्छ होला:

- धेरै सानो छु
- केहि पनि थाहा छैन
- कसैलाई चिन्दिन
- के गर्ने थाहा छैन
- पर्याप्त बाठो छैन
- पर्याप्त बलियो छैन
- एउटा असल अगुवा होइन म

बालबालिकाहरूलाई उनीहरूको उत्तरहरू भन्न र उनीहरूको कारणहरू वा वहानाहरू उनीहरूको ईच्छ अनुसार नै भन्न दिनुहोस् । के उनीहरूका कुनै वाहनाहरू मोशाका जस्तै छन् ?

## कण्ठ गर्नुपर्ने पद

**प्रस्थान ३:१४ (टि.बी.एस)** - परमेश्वरले मोशालाई भन्नुभयो: "म हुँ, जो म हुँ ।" अनि उहाँले भन्नुभयो: तिमीले इस्राएलीहरूलाई यसो भन्नु: "म हुँ" ले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो"

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "पिता अब्राहामका धेरै सन्तान" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

प्रस्थान ३:१७ लाई दुई पटक पढ्नुहोस् । मोशाले उनलाई दिन लाग्नु भएको विशेष कामको बारेमा परमेश्वरसँग बहस गरे । मोशाले के भने ? परमेश्वरले कसरी उत्तर दिनुभयो ?

#१ - (संकेत: पद ११ हेर्नुहोस्) - मोशाले विरोध गरे र भने, "म को हुँ ?" परमेश्वरको जवाफ के थियो ? (संकेत - १२ पद) - "म तिम्रो साथमा हुनेछु ।"

#२ - (पद १३) - मोशा: यदि मैले मेरा पिता-पुर्खाहरूका परमेश्वरले मलाई पठाउनुभएको हो भनेर भनेको खण्डमा उनीहरूले मलाई सोध्नेछन् "उहाँको नाम के हो ?" परमेश्वरको जवाफ: (पद १४) "तिनीहरूलाई भन्नु: "म हुँ" भन्नेले मलाई पठाउनुभएको हो ।"

परमेश्वरले आफ्ना सन्तानहरूसँग कसरी व्यवहार गर्नुहुन्छ भन्ने बारेको यस कुराकानीबाट हामीले के सिक्न सक्छौं ? (धैर्यता, दृढता, प्रोत्साहन) हामीले बनाउन खोज्ने वा बनाउन सक्ने केहि वहानाहरू के के हुन् ? तपाईंको कक्षामा बालबालिकाहरूले ल्याएका कारणहरू अर्थात् वहानाहरूको सूची बनाउनुहोस् । परमेश्वरसँग गरिने बहानाहरू र बहसको सम्बन्धमा उहाँले के सोच्नुहुन्छ ?

**पदक कण्ठ गर्ने क्रियाकलाप: शब्दचित्र लेखन**

बालबालिकाहरूलाई यो पद याद गर्न मद्दत पुऱ्याउनको लागि शब्दचित्र लेखनको प्रयोग गर्न सकिन्छ । यस पदको प्रत्येक शब्द छुट्टाछुट्टै कागजको पानामा लेख्नुहोस् । त्यसपछि शब्दहरू क्रमबद्ध रूपमा मिलाउनको लागि बालबालिकाहरूलाई २ वा ३ समूहमा विभाजन गर्नुहोस् । जब प्रत्येक समूहले पदका शब्दहरूलाई क्रमबद्ध रूपमा मिलाउँछन् सम्भवत: यो पद उनीहरूले कण्ठ गरिसकेका हुनेछन् ।

**बाइबलीय क्रियाकलाप: परमेश्वरसँगको छलफल**

अतिरिक्त बाँकि काम (ठूला बालबालिकाहरूको लागि) । घरमा प्रस्थान ४:१-१७ पढ्नु र थप ३ पटक मोशाले यस कामको बारेमा परमेश्वरसँग गरेको बहस साथै मोशालाई परमेश्वरले दिनुभएको उत्तर पत्ता लगाउन भन्नुहोस् । र अर्को हप्ता कक्षामा यी कुराहरू प्रस्तुत गर्न तयार भएर आउनुपर्छ भनेर पनि भन्नुहोस् । यदि तपाईंले चाहानुहुन्छ भने उनीहरूको प्रोत्साहनको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

यो पाठ तीन मुख्य तथ्यहरूसँग सम्बन्धित छ:

१. परमेश्वरले इस्राएलीहरूलाई दासको रूपमा व्यवहार गरिएको देख्नुभयो । उहाँले तिनीहरूमाथि कृपा राख्नुभयो ।

२. परमेश्वर मोशासँग बोल्नुभयो । परमेश्वरले मोशालाई उहाँ को हुनुहुन्छ र उसले के गरेको उहाँ चाहानुहुन्छ सो बताउनुभयो ।

३. शुरूमा मोशाले परमेश्वरको आज्ञापालन गर्न हिचकिचाएका थिए । तर अन्तमा मोशाले आज्ञापालन गरे र इस्राएलीहरूलाई मिश्रबाट छुटाएर निकाले ।

**पाठको समीक्षा गराउने क्रियाकलापः तीन मुख्य तथ्यहरू**

बालबालिकाहरूलाई यस पाठबाट उनीहरूले सिकेका एउटा मुख्य कुरा लेख्न लगाउनुहोस् । त्यसपछि कक्षामा उनीहरूलाई एउटा अर्को व्यक्तिसँग उनीहरूले सिकेको कुरा बताउन लगाउनुहोस् । उनीहरूले कक्षामा अरू कसैले सिकेका प्रत्येक नयाँ कुराहरू पनि लेख्नुपर्नेछ । यो प्रक्रियालाई धेरै पटक दोहोऱ्याउनुहोस् । त्यसपछि बालबालिकाहरूले पाठबाट सिकेका ती कुराहरूको मुख्य सूची बनाउनुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

आज्ञाकारी क्लबमा सामेल हुनुहोस् । मोशा आज्ञाकारी क्लबमा छन् । अब्राहाम आज्ञाकारी क्लबमा छन् । त्यसै गरि हाबिल र नोआ पनि । तपाईं पनि किन सामेल नहुने त ? तपाईंले गर्नुपर्ने भनेको परमेश्वरको कुरा सुन्नु र उहाँले भन्नुभएको कुरा पालना गर्नु हो । त्यसपछि तपाईं आज्ञाकारी क्लबमा हुनुहुनेछ । आज नै तयार हुनुहोस् !

- एउटा दयालु व्यक्ति बन्नमा आज्ञाकारिता
- सत्य कुराहरू बोल्नुमा आज्ञाकारिता ।
- अरूलाई पहिलो स्थानमा दिने कुरामा आज्ञाकारिता ।
- परमेश्वरको आवाज सुन्नुमा आज्ञाकारिता
- आमाबुबाको आज्ञापालन गर्नुमा आज्ञाकारीता ।

**कथाको मूख्य सारः परमेश्वरले मोशालाई एउटा विशेष तरिकाले बोलाउनुभयो । मोशाले परमेश्वरको आज्ञापालन गरे ।**

# रोचक घटना नं २५

## प्रस्थान ७:२०-९:२२

**कथाको मुख्य सारः इस्राएलीहरूलाई छुटकारा गराउनको लागि परमेश्वरले मिश्रमा विपतिहरू पठाउनुभयो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- परमेश्वर आफ्ना जनहरूलाई दासत्वबाट छुटाउन चाहानुहुन्थ्यो त्यसैले उहाँको हुनुहुन्छ र उहाँ कस्तो हुनुहुन्छ भनेर प्रदर्शन गर्न १० विपत्तिहरू पठाउनुभयो । मिश्रका कुनै पनि ईश्वरहरू बाइबलका परमेश्वर विरूद्ध खडा हुन सकेनन् ।
- विपत्ति #१: नील नदी रगतमा परिणत भएको (प्रस्थान ७) । मिश्रीहरूका खनूम (*Khnum*) देवता पराजित भयो । खनूम (*Khnum*) नील नदीको मिश्री देवता थियो ।
- विपत्ति #२: भ्यागुताहरू (प्रस्थान ८) । यो खनूमको पत्नी, (*Heket*) हेकेटको पराजय थियो जसले पुनरूत्थान र सन्तान जन्माउनुमा महिलाहरूको लागि सहयोगको प्रतीक रूपमा मानिन्थ्यो ।
- विपत्ति #३: भुसुनाहरू (प्रस्थान ८) । यो मिश्रीहरूको भूमि देवता (*Geb*) गेबको अपमानजनक हार थियो ।
- विपत्ति #४: झिँगाहरू (प्रस्थान ८) । मिश्रीहरूको झिँगाहरूका देवता (*Kheper*) खिप्परको पनि पराजित भयो ।
- विपत्ति #५: गाईवस्तु (प्रस्थान ९) । मिश्रमा गाईको बाछाको पूजा लोकप्रिय थियो । प्रेमको देवी भनेर गाईले प्रतिनिधित्व गर्ने गर्दथ्यो (*Hathor*) तर यहाँ हथोरको पनि एउटा दर्दनाक पराजित भयो ।
- विपत्ति #६: खटिराहरू (प्रस्थान ९) । मिश्री देवताहरू (*Serapsis*) सेराप्सिस, (*Isis*) आईसिस, (*Imhotep*) इम्फोटेप स्पष्ट रूपमा असहाय भएका थिए ।
- विपत्ति #७: असिना (प्रस्थान ९) । वनस्पतिजगतको मिश्री देवता (*Osiris*) ओसीरिसले पनि सहयोग गर्न सकेन ।
- विपत्ति #८: सलहहरू (प्रस्थान १०) । फेरि पनि (*Osiris*) ओसीरिस पराजित भए ।
- विपत्ति #९: अन्धकार (प्रस्थान १०) । मिश्री सुर्य देवता (*Ra*) रा पनि पराजित भए ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

बालबालिकाहरूलाई अघिल्लो कण्ठ गर्नु-पर्ने पदहरू भनेर तपाईंलाई मद्दत गर्न लगाउनुहोस् । "कसले याद गरेको छ यस पदले के भनेको छ ?" यसरी भन्न सक्नुहुन्छ ।

- रोचक घटना नं. १: उत्पत्ति १:१
- रोचक घटना नं. २: कलस्सी १:१६
- रोचक घटना नं. ३: उत्पत्ति २:२
- रोचक घटना नं. ४: उत्पत्ति १:२७
- रोचक घटना नं. ५: उत्पत्ति २:८
- रोचक घटना नं. ६: यशैया १४:१२
- रोचक घटना नं. ७: उत्पत्ति ३:६
- रोचक घटना नं. ८: रोमी ५:१२
- रोचक घटना नं. ९: उत्पत्ति ३:१५
- रोचक घटना नं. १० रोमी ८:२०
- रोचक घटना नं. ११: उत्पत्ति ३:२१
- रोचक घटना नं. १२: लेवी १९:२
- रोचक घटना नं. १३: उत्पत्ति ४:७
- रोचक घटना नं. १४: उत्पत्ति ५:१
- रोचक घटना नं. १५: उत्पत्ति १६:८
- रोचक घटना नं. १६: उत्पत्ति ११:९ ।
- रोचक घटना नं. १७: उत्पत्ति १२:३
- रोचक घटना नं. १८: उत्पत्ती १९:२९
- रोचक घटना नं. १९: उत्पत्ति १५:६
- रोचक घटना नं. २०: उत्पत्ति २२:१४
- रोचक घटना नं. २१: उत्पत्ति ३२:३०
- रोचक घटना नं. २२: उत्पत्ति ३९:२
- रोचक घटना नं. २३: प्रस्थान १:१२
- रोचक घटना नं. २४: प्रस्थान ३:१४

**पाठ शुरू गर्ने क्रियाकलापः कण्ठ गर्नुपर्ने पद समीक्षा**

सम्भवतः धेरै बालबालिका-हरूलाई यी पदहरूमा केहि सहयोग चाहिन सक्छ । यदि बालबालिकाहरू मध्ये कसैलाई शुरूवात गर्नको लागि मद्दत चाहिएको खण्डमा पदका पहिलो दुई वा तीन शब्दहरू भनिदिएर मद्दत गर्न सक्नुहुन्छ । तपाईंले कक्षालाई यो कुरा बुझाउनुहोस् कि यदि उनीहरूले शुरूका केहि शब्दहरू भन्न सके भने उनीहरूको शुरूवात राम्रो हुनेछ र बाँकी पद भन्न सम्झन धेरै सजिलो हुनेछ ।

## ३) पाठ सिकाउनुहोस्

रोग नियन्त्रण केन्द्र (CDC) एउटा विश्वव्यापी सँगठन हो जसले रोग र माहामारीहरू-को अनुसन्धान र हेरबिचार गर्दछ । सीडीसीले "माहामारी" लाई "मानव र अन्य स्तनपान गराउने जन्तुहरूलाई असर गर्ने रोग भनेर परिभाषित गर्दछ । रोग नियन्त्रण केन्द्र ।

यस संस्था बाइबलको यो घटना भएको बेलामा उपलब्ध थिएन, तर सीडीसीले इजिप्टबाट लगभग १० बिभिन्न विपत्तिहरूको बारे प्रत्येक दिन फोन कलहरू प्राप्त गर्दा कस्तो हुन्थ्यो होला कल्पना गर्नुहोस् । उनीहरू के गर्थे होला जस्तो लाग्छ ?

## कथा भन्नुहोस्

हाम्रो यो भन्दा अगाडिको कथा यसरी टुंगिएको थियो: "अब्राहामका परमेश्वरले मिश्रका देवताहरूको विरूद्ध लडाई गर्नुहुनेछ ।" युद्ध शुरू हुन लागेको थियो । के मिश्रका देवताहरू बाइबलको परमेश्वरमाथि विजयी हुन्छन् ? दुवै पक्षले जित्छन् कि ? केहि युद्धहरू दुवै पक्षले जिते भने के हुन्छ ? युद्धको रेखाचित्र कोरिएको थियो । मिश्रका देवताहरूले बाइबलका परमेश्वरको सामना गर्नुपर्ने थियो किनभने बाइबलको परमेश्वरले उहाँका मानिसहरूलाई दासत्वबाट स्वतन्त्र पार्न चाहानुहुन्थ्यो ।

पहिलो लडाईंमा नील नदीको रक्षा गर्ने मिश्री देवता (*Khnum*) खनूमको हार भएको थियो । जब नील नदी रगतमा परिणत भयो, परमेश्वर खनूममाथि विजयी हुनुभयो ।

दोस्रो लडाईं (*Heket*) हेकेट र परमेश्वर बीचमा थियो । हेकेट पुनरूत्थानको मिश्री देवता थियो । तर जब भ्यागुताहरूले नील नदीलाई घेरे पछि हेकेट देवताको पनि पराजित भयो । अहिले सम्मको अंक, परमेश्वर-२ र मिश्री देवताहरू-० ।

तेस्रो लडाईं भूमिको देवता गेब र परमेश्वर बीचको लडाईं थियो । जब भुसुनाको हुलले मानिसलाई र पशुलाई घेरे तब गेब पूर्ण रूपमा अपमानित भएको थियो । फेरि परमेश्वरको अर्को विजय र मिश्री देवताहरूको अर्को हार भयो ।

चौथो लडाईंमा झिँगाको मिश्री देवता (*Kheper*) खेपर पराजित भयो ।

पाँचौं लडाईंमा सबै मिश्री गाईवस्तुहरू मरे । फेरि पनि बाइबलका परमेश्वर मिश्री देवताहरूमाथि विजयी हुनुभयो ।

छैटौं लडाँईको बिपत्तिले सबै मानिस र पशुहरूमा खटिरा ल्याएको थियो । जब बाइबलका परमेश्वरले खटिरा ल्याउनुभयो तब मिश्री देवताहरूले केहि गर्न सकेनन् । पुन: अहिले सम्मको अंक: परमेश्वर-६ र मिश्री देवताहरू-० ।

सातौं (असिना), आठौं (सलहहरू) र नवौं (अन्धकार) विपत्तिहरू सबैको नतिजा उस्तै थियो । मिश्री देवताहरूमाथि परमेश्वर पूर्ण रूपमा विजयी हुनुभयो । यी सबै शक्तिशाली विपत्तिहरूको बावजुद पनि फारोले इस्राएलका मानिसहरूलाई जान र बलिदान चढाउन दिएनन् ।

मिश्रीहरू एक पछि अर्को विपत्तिबाट धेरै थकित भएको हुनुपर्छ । परमेश्वर आफ्ना मानिसहरू स्वतन्त्र भएको चाहानुहुन्थ्यो तर मिश्र देशको राजाले परमेश्वरका मानिसहरूलाई स्वतन्त्र हुन दिएनन् । केहि व्यक्तिहरूको लागि यो मोशाको र फारो बीचको लडाईं जस्तो लागेको हुनसक्छ । तर वास्तवमा यो बाइबलका परमेश्वर र मूख्य मिश्री देवताहरू बीचको लडाईं थियो । मिश्री देवताहरूमाथि परमेश्वरको शक्ति मिश्री देवताहरूमाथि हावी भएको थियो । हामीले अझै एउटा विपत्ति हेर्नु पर्नेछ, तर हामी त्यसको बारेमा अर्को पटक हामी सँगै हुँदा कुरा गर्नेछौं ।

**कथा भन्ने**
**क्रियाकलाप: स्कोरबोर्ड**

एउटा फुटबल खेलमा हुने जस्तै मिल्दोजुल्दो एउटा स्कोरबोर्ड बनाउनुहोस् एक तर्फ, "परमेश्वर" राख्नुहोस् र यसमा स्कोर अर्थात् अंकको लागि खाली ठाउँ छोड्नुहोस् । अर्को तर्फ, "मिश्री देवताहरू" राख्नुहोस् र त्यसमा पनि स्कोर अर्थात् अंकको लागि खाली ठाउँ छोड्नुहोस् ।

जब तपाईंले यस पाठको नौ विपत्तिहरूको कथा भन्नुहुनेछ तब बालबालिकाहरूलाई (अंक) स्कोर राख्नु लगाउनुहोस् । जब स्कोर फरक हुन्छ तब एउटा अर्को कुनै एक जना बालबालिकालाई बोलाएर र त्यो स्कोरलाई परिवर्तन गर्न दिनुहोस् ।

निश्चित गर्नुहोस् कि बालबालिकाहरूलाई प्रति-स्पर्धी को को हुन् भनेर थाहा होस्: मोशा र फारो होइनन् तर परमेश्वर र मिश्री देवताहरू हुन ।

## कण्ठ गर्नुपर्ने पद

**प्रस्थान १२:१२ (टि.बी.एस)** - अनि मिश्रका सबै देवताहरूको विरोधमा म न्याय गर्नेछु; म परमप्रभु हुँ ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "पिता अब्राहामका धेरै सन्तान" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

प्रत्येक कार्डमा प्रत्येक विपत्तिको नाम लेखेर कार्ड बनाउनुहोस् । मिश्री देवताहरूको नाम लेखेको कार्डहरूको दोस्रो सेट बनाउनुहोस् जो प्रत्येक विपत्तिहरूसँग मिल्दो हुनुपर्छ । यदि सम्भव हुन्छ भने विपत्तिहरूको लागि एउटा रंगको कागज र झुटा देवताहरूको लागि विभिन्न रंगको कागजको प्रयोग गर्नुहोस् । बालबालिकाहरूलाई विपत्तिलाई झुटा देवताहरूसँग मिलाउन लगाउनुहोस् र कसले यसलाई छिटो गर्न सक्छ त्यो हेर्नुहोस् । तपाईंको कक्षाको आधारमा तपाईंले उनीहरूलाई समूहमा वा व्यक्तिगत रूपमा काम गर्न दिन सक्नुहुन्छ । एउटा साँचो परमेश्वर संसारका अन्य शक्तिहरू भन्दा शक्तिशाली हुनुहुन्छ भन्ने कुरामा जोड दिनुहोस् ।

**पद कण्ठ गर्ने**
**क्रियाकलाप: चित्रहरू**

बालबालिकाहरूलाई यस पदका शब्दहरू कुनै चित्रहरूको प्रयोग गरेर कण्ठ गराउनुहोस् । उदाहारणको लागि, मिश्रको प्रतिनिधित्व गर्न शिक्षकले मिश्रको नक्सा राख्न सक्नुहुन्छ । न्यायलाई प्रतिनिधित्व गर्नको लागि कुनै सिहांसन वा न्यायधीशले प्रयोग गर्ने जस्तो मुङ्ग्रोको प्रयोग गर्न सकिन्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

बालबालिकाहरूलाई आफ्नै शब्दहरूमा १० वा त्यो भन्दा कम शब्दहरू प्रयोग गरेर पाठलाई सरल बनाउन लगाउनुहोस् । उनीहरूको उत्तर कस्तो हुन सक्छ ? जब बालबालिकाहरूले दश वा त्यो भन्दा कम शब्दहरूमा पाठलाई सरल बनाउनेछन्, शायद उनीहरूले केहि यस्तै उत्तरहरू दिने छन्:

- बाइबलको परमेश्वरले मिश्रका देवताहरूलाई पराजित गर्नुभयो ।
- परमेश्वरले आफ्ना मानिसहरूलाई दासत्वबाट छुटकारा गराउन चाहानुहुन्थ्यो ।
- परमेश्वरले विपत्तिहरूमा उहाँको शक्ति देखाउनुभयो ।
- फारो धेरै हठी थिए ।
- परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ ।

**पाठको समीक्षा गर्ने क्रियाकलाप : सरल बनाउने**

सरल बनाउने क्रियाकलाप बालबालिकाहरूको लागि उपयोगी खेल हुन सक्छ । बालबालिकाहरूलाई दुई वा तीन जनाको समूह बनाई १-२ मिनेटको समय दिएर यस पाठमा भएका १० वटा महत्वपूर्ण शब्दहरू पत्ता लगाएर लेख्न लगाउनुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

शक्ति क्लबमा (समूह) सामेल हुनुहोस् । गत हप्ता हामी आज्ञाकारी क्लबमा सामेल भयौं । आजको शक्ति क्लब ती व्यक्तिहरूसँग सम्बन्धित छ जसले आफ्नो जीवनमा परमेश्वरलाई काम गर्न दिन्छन् र सामान्यतया हामी उहाँमा आफुलाई समर्पण गर्दछौं भन्ने विषयमा छ । फारोले गरे जस्तो उहाँको विरोध नगर्नुहोस् । मोशाले गरेझैं उहाँमा समर्पित हुनुहोस् ।

आज नै तयार हुनुहोस् !

- दैनिक ईसाई जीवन जीउनको लागि शक्ति
- शैतानको परिक्षाहरूलाई प्रतिरोध गर्ने शक्ति
- सुसमाचार प्रचार गर्नको लागि शक्ति
- परमेश्वरको आज्ञापालन गर्नको लागि शक्ति

**कथाको मूख्य सारः इस्राएलीहरूलाई छुटकारा गराउनको लागि परमेश्वरले मिश्रमा विपत्तिहरू पठाउनुभयो ।**

# रोचक घटना नं २६

## प्रस्थान १२:१-३२

**कथाको मूख्य सारः परमेश्वरले ती मानिसहरूको रक्षा गर्नुभयो जसले उहाँमाथि विश्वास गरेका थिए ।**

शिक्षक साहायता

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- इस्राएलीहरू मिश्रमा बसोवास गरिरहेकै समयमा परमेश्वरले मिश्रमा दश विपत्तिहरू पठाउनुभयो तर फारोले इस्राएलका मानिसहरूलाई आफ्ना परमेश्वरलाई बलिदान चढाउनको लागि मिश्र छोड्न दिएनन् ।
- परमेश्वर नै हुनुहुन्छ जसले आफ्ना मानिसहरूलाई असहाय र आशा विहिन बन्धनबाट बचाउनुभयो ।
- अन्तिम विपत्तिमा मानिसहरू र पशुहरूको पहिलो जन्मेको वा जेठो सन्तानको मृत्यु हुने कुरा थियो ।
- मिश्रमा अन्तिम विपत्ति भनेको प्रत्येक घरको पहिलो वा जेठो सन्तानको मृत्यु हुने थियो । फारोलाई ईश्वरीय ठानिन्थ्यो, त्यसकारण उसका छोरालाई, "ईश्वरको छोरा भनेर मानिन्थ्यो ।"
- विश्वासीहरूको समुदायले बेलुकी पख एउटा थुमा मार्नुपर्ने थियो र मारिएको त्यस थुमाको रगतलाई घरको ढोकाका दुई पट्टि र माथि पट्टि छर्कीनुपर्ने थियो ।
- परमेश्वरले जन्मेको जेठो छोरो उहाँमा समर्पित गरिएको चाहानुहुन्थ्यो किनकि ती दिनहरूमा जेठो छोरो सबै परिवारमा सबैभन्दा मुल्यवान् र सबैभन्दा प्यारो मानिन्थ्यो । जब उनीहरूले आफ्नो जेठो छोरा उहाँमा समर्पण गर्दथे तब उनीहरूले उहाँलाई आफ्नो सबैभन्दा उत्तम कुरा दिएको मानिन्थ्यो ।
- थुमा एउटा बलिदान थियो । त्यसको निर्दोष रगत बहाइएको थियो ।
- परमेश्वरका मानिसहरूलाई थाहा थियो कि यदि उनीहरू मृत्युबाट बचाइनु थियो भने उनीहरूको ठाउँमा एउटा निर्दोष जीवन बलिदान गरिनुपर्थ्यो ।
- थुमा मारेर इस्राएलीहरूले निर्दोष रगत बगाएका थिए । थुमा एउटा बलिदान थियो जो विपत्तिमा मर्नुपर्ने व्यक्तिको विकल्प थियो । यस समयदेखि हिब्रू मानिसहरूले स्पष्ट रूपमा बुझेका थिए कि तिनीहरूलाई मृत्युबाट बचाउन तिनीहरूको ठाउँमा निर्दोष जीवनको बलिदान चढाईनुपर्ने थियो ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

हामीले अध्ययन गरिसकेका २५ वटा रोचक घटनाहरूको बारेमा विचार गरेर ती रोचक घटनाहरूलाई क्रमबद्ध रूपमा मिलाएर राख्ने प्रायास गर्नेछौं । यहाँ तल हामीले अध्ययन गरिसकेका २५ वटा रोचक घटनाहरूको विषयवस्तुहरू दिइएका छन्:

१) परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ ।

२) परमेश्वरले स्वर्गदूतहरूलाई बनाउनुभयो।

३) परमेश्वरले सबैथोक सृष्टि गर्नुभयो ।

४) परमेश्वरले पुरूष र स्त्रीलाई उहाँको विशेष र असल मित्रहरू हुनको लागि सृष्टि गर्नुभयो ।

५) बगैंचामा जीवन आनन्दमय थियो ।

६) शैतान परमेश्वरको शत्रु हो । शैतान घमण्डी थियो । परमेश्वरले शैतानलाई स्वर्गबाट निकालिदिनुभयो ।

७) शैतानले आदम र उनकी पत्नीलाई परिक्षा गऱ्यो । आदम र हव्वाले परमेश्वरको आज्ञा उल्लङ्घन गरे ।

८) पापले आदम र हव्वालाई परमेश्वरबाट अलग गऱ्यो ।

९) परमेश्वरले शैतानको शिरलाई सधैंको लागि कुल्चिने एउटा विशेष व्यक्ति पठाउने प्रतिज्ञा गर्नुभयो ।

१०) पापले परमेश्वरको सृष्टिलाई धेरै नकारात्मक तरिकामा असर पुऱ्यायो ।

११) परमेश्वरले आदम र तिनकी पत्नीलाई वस्त्र बनाईदिनको लागि एउटा निर्दोष पशुलाई मार्नुभयो ।

१२) परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ । आदम र हव्वालाई पापको कारणले परमेश्वरले बगैंचाबाट निकाल्नुभयो ।

१३) कयिन र हाबिलले परमेश्वरलाई दुई भिन्न तरिकामा प्रतिक्रिया दिएका थिए ।

१४) शेत एउटा धेरै ईश्वरीय परिवारको अगुवा भए ।

१५) मानिसहरू धेरै दुष्ट भएका थिए । परमेश्वरले एउटा जलप्रलय पठाउनुभयो । नोआले परमेश्वरलाई विश्वास गरे र उहाँको आज्ञापालन गरे ।

१६) परमेश्वरले मानिसहरूका भाषा खल्बल्याइ दिनुभयो ।

१७) परमेश्वरले अब्रामलाई एउटा ठूलो जाति र सबै मानिसहरूका लागि एउटा आशिष् हुनको लागि बोलाउनुभयो ।

१८) परमेश्वरले सदोमलाई नष्ट गर्नुभयो किनभने त्यहाँका मानिसहरू साह्रै दुष्ट र पापी थिए ।

१९) साराले परमेश्वरको प्रतिज्ञामा विश्वास गरिनन् तर अब्राहामले चाहिँ गरे ।

२०) परमेश्वरले अब्राहामलाई इसाहाक बलिदान दिन परिक्षा गर्नुभयो । यसको सट्टामा परमेश्वरले एउटा थुमा जुटाउनुभयो ।

२१) याकूबले स्वर्गदूतसँगको कुश्ती लडेर एउटा नयाँ नाम प्राप्त गरेका थिए ।

२२) मानिसहरूले खराब कामहरू गर्दा पनि असल हुनसक्छ

२३) ठूलो कष्टको बावजुद पनि परमेश्वरले इस्राएललाई ठूलो आशिष् दिनुभयो ।

२४) परमेश्वरले मोशालाई एउटा विशेष तरिकामा बलगाउनुभयो । मोशाले परमेश्वरको आज्ञापालन गरे ।

२५) इस्राएलीहरूलाई मुक्त गराउन परमेश्वरले मिश्रमा विपत्तिहरू पठाउनुभयो ।

**पाठ शुरू गर्ने क्रियाकलाप: विषयवस्तुको समीक्षा**

शिक्षकले यी व्याक्यहरूलाई कागजका टुक्राहरूमा लेख्नुपर्दछ र त्यसपछि तिनीहरूलाई मिसाउनु पर्दछ । कागजका टुक्राहरूमा पाठका संख्या नलेख्नुहोस् । बालबालिकाहरूलाई कक्षाको आधारमा २ वा ३ समूहहरूमा विभाजन गर्नुहोस् । प्रत्येक समूहले वाक्यहरूलाई ठिक क्रममा राख्न कति समय लिन्छन् भनेर हेर्नुहोस् । याद राख्नुहोस्, बालबालिकाहरूले क्रमैसँग लेखिएको अंकद्वारा सोच्लान् भनेर तपाईंले कागजको पानामा अंक नलेख्नुहोस् ।

## ३) पाठ सिकाउनुहोस्

यी तीनवटा घटनाहरूमा समानता के छ ?

- परमेश्वरले आदम र हव्वाको लागि वस्त्र प्रदान गर्नुभयो ।
- परमेश्वरले अब्राहामलाई इसाहाकको सट्टामा एउटा बलिदानको थुमा प्रदान गर्नुभयो ।
- परमेश्वरले इस्राएलीहरूका जेठो सन्तानहरूलाई बचाएर, उनीहरूलाई सुरक्षा प्रदान गर्नुभयो ।

उत्तर: परमेश्वरले ती प्रत्येकको लागि प्रबन्ध गर्नुभयो ।

## कथा भन्नुहोस्

नौ विपत्तिहरू बितिसकेका थिए र फारो एकदमै रिसाएका थिए । नवौं विपत्ति पछि उसले मोशा र हारूनलाई उसको सउपस्थितिबाट जान भनेको थियो । उसलाई थोरै भए पनि थाहा भइसकेको थियो कि दशौं विपत्ति उसको लागि पहिलो नौ विपत्तिहरू भन्दा अझ खराब हुनेछ ।

अन्तिम विपत्ति मानिस वा पशुहरूको पहिलो जन्मेका पुरूष सन्तानहरूको मृत्यु हुनुपर्ने थियो । सबै जेठा जन्मेकाहरू मर्नुपर्ने थियो । परमेश्वरले उहाँको भय मान्ने इस्राएलीहरू र मिश्रीहरूलाई थुमाको रगत लिएर घरको ढोकामा लगाउनु भन्नुभएको थियो । परमेश्वर र उहाँको भय मान्ने जोसुकैको बीचमा एउटा प्रतिज्ञा गरिएको थियो । त्यो प्रतिज्ञा यो थियो: मृत्युका दूतले थुमाको रगत भएको कुनै पनि घरलाई नाघेर जानेछन् । यदि उनीहरूले परमेश्वरको आज्ञा माने र आज्ञापालन गरे भने कोहि पनि मर्नेछैनन् । परमेश्वर कति शक्तिशाली हुनुहुन्छ भनेर उहाँले सबैलाई प्रमाणित गरिसक्नुभएको थियो । अब यो उहाँको निर्देशन पालन गर्ने कि नगर्ने चाहिँ उनीहरूमा निर्भर थियो ।

यो रातको समयमा भएको थियो । मृत्युका दूत मिश्रको भूमिमा प्रत्येक घरको ढोकामा हेर्दै जानुहुने थियो । परमप्रभुमा विश्वास गर्नेहरूले थुमाको रगत घरको ढोकाको दुवै तर्फमा र माथिल्लो भागमा लगाएर उनीहरूको विश्वासलाई व्यक्त गर्नुपर्ने थियो । जसले परमप्रभुको निर्देशन पछ्याएका थिए उनीहरूलाई जेठो छोराको मृत्युको दोष नलागोस् भनेर उनीहरू आफ्नो घरभित्र नै बस्नुपर्थ्यो । साथै उनीहरूले परमेश्वरको कुनै पनि सृष्टिको मृत्युमा उत्सव मनाउनु हुँदैनथ्यो । बिहान नभएसम्म उनीहरू घरमै पर्खिरहेका थिए । जब उनीहरूले फारोको छोरालाई पनि मृत्युका दूतले मार्‍यो भन्ने कुराको जानकारी प्राप्त गरे तब परमेश्वरले आफ्नो वचन पूरा गर्नुहुन्छ र तिनीहरूको उद्धारको प्रबन्ध गर्नुहुन्छ भन्ने कुरा तिनीहरूले महसुस गरेका थिए । फारोले मोशा र हारूनलाई देश छोडेर जाऊ भन्ने आदेश दिए । तिनीहरूले आफ्ना सबै मानिसहरू र सबै पशुहरूलाई लिएर जानुपर्ने थियो । तिनीहरूले परमप्रभुको सेवा र उहाँलाई प्रार्थना गर्नुपर्ने थियो ।

**कथा भन्ने क्रियाकलाप: थुमाको महत्व**

शिक्षकले बालबालिका-हरूलाई निस्तार-चाडको कथा सुनाउनु पर्नेछ र कसैको भलाईको लागि एउटा थुमा मारिनु परेको थियो भनेर अघिल्लो कथामा भएको कुरा याद गराउनुपर्छ । कक्षाले के के उदाहरणहरू सोच्न सक्छन् होला ?

सम्भावित उत्तरहरू:

- आदम र हव्वा
- कयिन र हाबिल
- अब्राहाम र इसाहाक
- निस्तार-चाड

बाइबलको महान् कथाले हामीलाई थुमाको महत्वको सम्झना गराउँदछ ।

## कण्ठ गर्नुपर्ने पद

**प्रस्थान १२:१३ (टि.बी.एस)** - अनि त्यो रगतचाहिँ तिमीहरू बसेका घरहरूमा तिमीहरूका निम्ति चिन्ह ठहरिनेछ; अनि जब म त्यो रगत देख्छु, तब म तिमीहरूलाई छोडेर जानेछु र जब म मिश्र देशलाई हिर्काउँछु, तब त्यो विपत्ति तिमीहरूलाई नष्ट गर्न तिमीहरूमाथि आइपर्नेछैन ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "पिता अब्राहामका धेरै सन्तान" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

विपत्तिहरू र निस्तार-चाड

यदि सम्भव हुन्छ भने, आज अखामिरी रोटि खाजाको रूपमा कक्षामा ल्याउनुहोस् । पिठो, चिनी र नुन मिसाउनुहोस् । पिठो मुछ्नको लागि पर्याप्त हुने अलिकति दुध थप्नुहोस् । गिलो नभएसम्म हल्का मुछ्नुहोस् । यस मुछेको पिठोलाई बेलनाको प्रयोग गरेर १/४ इन्चको बाक्लो आकारमा रोटी बेल्नुहोस् । यस मुछेको पिठोलाई करिब १/२ इन्चको वर्गाआकारमा काट्नुहोस् । त्यो मुछेको पिठोलाई सबैतिर काँटाको साहायताले प्वाल पार्नुहोस् । हल्का खैरो वा बदामी रङ नभएसम्म १५-२० मिनटसम्म ३७५ डिग्री तापक्रममा पकाउनुहोस् ।

यो केहि किराना पसलहरूमा किन्न सकिन्छ वा तपाईंले यो सरल पकाउने विधिको प्रयोग गरेर आफै पनि बनाउन सक्नुहुन्छ । बालबालिकाहरूलाई रोटी दुईवटा कारणले अखमिरी हुनुपर्थ्यो भनेर बुझाउनुहोस्:

१. उनीहरूले खमिर हाल्न र रोटी फुलाउनको लागि समय पाएनन् किनभने तिनीहरू मिश्रबाट तुरून्तै प्रस्थान हुँदैथिए ।

२. खमिर, वा "ईस्ट" ले एउटा व्यक्तिको जीवनमा पापको प्रतिनिधित्व गर्दछ । तिनीहरू पापले दाग लगाइएको हुनु हुँदैनथ्यो तर परमेश्वरसँग असल सम्बन्धमा हुनुपर्ने थियो ।

**पद कण्ठ गर्ने क्रियाकलाप: कक्षाको वरिपरी**

बालबालिकाहरूलाई गोलो घेरामा बस्न लगाउनुहोस् र कुनै गीतको धुन बजाउँदै कण्ठ गर्ने पद लेखिएको कागजको टुक्रा एकअर्कालाई पास गर्न लगाउनुहोस् । जब गीत रोकिन्छ तब जसको हातमा त्यो कागजको टुक्रा हुनेछ उसले पद भन्ने प्रयास गर्नुपर्छ । सबैजनालाई सम्पूर्ण पद कण्ठ नभएसम्म यो क्रियाकलाप निरन्तर गर्नसक्नुहुन्छ ।

**बाइबलीय क्रियाकलाप: अखामिरी रोटीको पक्वान विधि**

१ कप पिठो

३ ठूलो चम्चा चिनी

१/३ सानो चम्चा नुन

१/३ कप नौनी वा घिऊ

२-२ १/२ ठूलो चम्चा दुध

## ४) पाठको समीक्षा गर्नुहोस्

बाइबलको आशाको महान् कथाबाट दुईवटा प्रमुख विषयवस्तुहरू मिलेर रहेको पाईन्छ । तिनीहरू "परमेश्वरको प्रावधान" र "मानिसको विश्वास अनुसारको प्रतिक्रिया" हो । निस्तार-चाडको यो कथामा हामी यी दुवै विषयवस्तुहरू धेरै स्पष्टसँग देख्छौं । बाइबलका कुन कथाहरूमा तपाईंले यी दुई प्रमुख विषयवस्तुहरू देख्नुहुन्छ ?

- मानिसका आवश्यकताहरूका लागि परमेश्वरको प्रावधान (आदम र हव्वा)
- हव्वा सम्पूर्ण मानिसजातिको आमा भईन्
- नोआ र उनले बनाएको जहाज
- अब्राहाम र इसाहाक
- निस्तार-चाड विपत्ति

**पाठको समीक्षा क्रियाकलापः दुई मूख्य विषयवस्तुहरू**

बालबालिकाहरूलाई यी दुई मूख्य विषयवस्तुहरू देखाउने धेरै भन्दा धेरै बाइबलका घटनाहरूको नाम भन्न र वर्णन गर्न लगाउनुहोस्: परमेश्वरको प्रावधान र मानिसको आवश्यक विश्वासको प्रतिक्रिया ।

## ५) पाठ लागु गर्नुहोस्

बाइबल भरि नै परमेश्वरले गर्नु भएको प्रावधानलाई विश्वासद्वारा प्रतिक्रिया दिएको देखिन्छ । हामी यसलाई आउने पाठहरूमा अझ बढी देख्नेछौं ।

केहि तरिकाहरू के के हुन् जुन परमेश्वरले तपाईंको लागि प्रबन्ध गर्नुभएको छ र उहाँले तपाईंको विश्वाससहितको प्रतिक्रियाको आशा गर्नुहुन्छ ?

- येशू ख्रीष्टले क्रुसमा दिनुभएको बलिदानद्वारा उहाँले मुक्ति दिने प्रतिज्ञा गर्नुभएको छ र तपाईंबाट विश्वासको प्रतिक्रियाको आशा गर्नुहुन्छ ।
- के तपाईं येशू ख्रीष्टले क्रुसमा दिनुभएको बलिदानलाई विश्वासद्वारा प्रतिक्रिया दिनुहुन्छ ?

**कथाको मूख्य सारः परमेश्वरले ती मानिसहरूको रक्षा गर्नुभयो जसले उहाँमाथि विश्वास गरेका थिए ।**

# रोचक घटना नं २७

## प्रस्थान १४:१-३१

शिक्षक साहायता

**कथाको मूख्य सार: परमेश्वर रक्षा गर्नको लागि शक्तिशाली हुनुहुन्छ । परमेश्वरले लाल समुद्रलाई विभाजित गर्नुभयो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- ६०० रथहरू इस्राएलीहरूमाथि उर्लिएर आईरहेको थियो । प्रत्येक रथमा दुई सिपाहीहरू थिए, एउटा रथ चलाउनको निम्ति र अर्को लडाईंको निम्ति ।
- इस्राएलीहरू निरुत्साहित भए किनकि उनीहरूले आफुहरू फस्यौं भनेर सोचेका थिए । तिनीहरूको अगाडी लाल समुद्र थियो र पछाडी मिश्री सेनाहरू थिए जसले उनीहरूलाई लखेट्दै थिए । उनीहरूले मोशा र परमप्रभुको समक्ष पनि आफ्नो हताश अवस्थाको बारेमा गुनासो गरेका थिए ।
- इस्राएलीहरूले प्रतिज्ञा गरिएको भूमिमा यात्रा गर्दै गर्दा गुनासो गरेको यो हामी पहिलो पटक सुन्दछौं । यो एउटा यस्तो समस्या थियो जुन उनीहरूले कहिले छोडेनन् ।
- इस्राएलीहरूसँग कम्तिमा पनि ६,००,००० मानिसहरू थिए । फारोले ६०० रथहरू, चालकहरू र सेनाहरू ल्याएका थिए । यद्यपि, मिश्रीहरूको उच्च सैन्य बलको कारणले इस्राएलीहरू गुनासो गर्न बाध्य भएका थिए ।
- परमप्रभुले मोशालाई उहाँसँग बिन्ती गर्न छोडेर अगाडी हिंड्न नछोड भन्नुभयो । प्रार्थना महत्वपूर्ण थियो तर त्यसैगरी कार्य पनि महत्वपूर्ण थियो ।
- इस्राएलीहरूलाई जानको लागि कुनै स्पष्ट ठाउँ नभएको हुनाले, परमेश्वरले इस्राएलीहरूले पार गरून् भनेर लाल समुद्रलाई सुख्खा बनाईदिनुभयो ।
- जब इस्राएलीहरूले लाल समुद्रलाई पार गरे तब मिश्री रथहरूले पनि समुद्र पार गर्न खोजे । जसै घाम उदायो मोशाले आफ्नो हात उठाए र लाल समुद्रको पानीले मिश्री रथहरू र तिनीहरूको (रथ चालक) सारथीहरूलाई डुबायो ।
- जब इस्राएलीहरूले मिश्री सेनाको पराजयलाई देखे तब उनीहरू भयभीत भए र परमेश्वरको प्रशंसा गरे । उनीहरूले परमेश्वर र उहाँको सेवक मोशामाथि पनि विश्वास गरे ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

## २) पाठ शुरू गर्नुहोस्

- समयरेखालाई नाम दिनुहोस् भन्ने कुराले कक्षालाई अगाडीका प्रत्येक घटनाहरूलाई क्रमानुसार समयरेखा अनुसार मिलाएर राख्नु हो। यदि कुनै बोर्ड उपलब्ध छ भने एउटा बोर्डको प्रयोग गर्नुहोस्। यदि शिक्षकले सबैले देख्न सक्ने गरि समयरेखाका घटनाहरूलाई भित्तामा राख्न सक्नुहुन्छ भने त्यो धेरै उत्तम हुनेछ।
- घटनाको समयरेखा र व्यक्तिहरू
  - स्वर्गदूतहरूको शुरूवात
  - संसारको शुरूवात
  - मानिसको शुरूवात
  - शैतानको पतनको शुरूवात
  - मानिसहरूको पापको शुरूवात
  - बगैंचाबाट निकालिएको
  - कयिन र हाबिल
  - नोआ र जलप्रलय
  - सदोम र गमोरा
  - अब्राहाम
  - इसाहक
  - याकूब

## ३) पाठ सिकाउनुहोस्

तपाईंको राष्ट्रको इतिहासमा तीन सबैभन्दा महत्वपूर्ण घटनाहरू के-के हुन् ?

१)

२)

३)

**समीक्षा**
**क्रियाकलापः घटनालाई नाम दिनुहोस्**

शिक्षकले सबै घटनाहरू र मानिसहरूलाई मिसाएर राख्न सक्नुहुन्छ र स्वयंसेवकलाई ती घटनाहरूसँग र मानिसहरूलाई भित्तामा क्रम मिलाएर राख्न अनुरोध गर्न सक्नुहुन्छ।

समयरेखामा घटनाहरूलाई सही क्रम मिलाउनको लागि ,२ वा ३ वटा समूहहरू बनाएर सँगै बसेर काम गराउन सक्नुहुन्छ।

**पाठ सिकाउने**
**क्रियाकलापः तीन सबैभन्दा महत्वपूर्ण घटनाहरू**

इस्राएल राष्ट्रको इतिहासमा यो घटना सबैभन्दा महत्वपूर्ण घटनाहरू मध्ये एक हो।

## कथा भन्नुहोस्

इस्राएलीहरू अहिले उनीहरूलाई प्रतिज्ञा गरिएको उनीहरूको आफ्नै भूमिमा फर्केर गईरहेका थिए जुन परमेश्वरले उनीहरूलाई प्रतिज्ञा गर्नुभएको थियो। त्यो समय अवश्य पनि रमाइलो भएको हुनुपर्छ...उनीहरूको आफ्नै भूमि र अब उप्रान्त कुनै दासत्व छैन। त्यसलाई अझै उत्तम बनाउन परमेश्वर प्रत्यक्ष रूपमा उनीहरूको पक्षमा हुनुहुन्थ्यो। तिनीहरूले मिश्री देवताहरूमाथि उहाँको शक्तिशाली कामलाई देखेका थिए र तिनीहरूका परमेश्वर कति शक्तिशाली हुनुहुन्छ भनेर तिनीहरूले महसुस गरेका थिए।

तिनीहरू सडकमा पुगे पछि केहि समस्या सृजना भयो। पहिले त मिश्रका राजाले मैले एउटा गल्ती गरेँ भनेर महसुस गरे। उनले आफ्ना दासहरूलाई कुनै पनि भुक्तानी र कुनै प्रतिज्ञा बिना छोडिदिएका थिए। यसकारण राजाले आफ्ना उत्तम सेनाका साथ इस्राएलीहरूको पछि लाग्ने निर्णय गरे जो कुनै पनि हतियार विनाका थिए। यो एउटा सजिलो लडाइँ भएको हुनुपर्छ। असाहाय इस्राएलीहरूको विरूद्धमा छ सय मिश्री सर्वश्रेष्ठ रथहरू थिए जो त्यस समयको बलियो सेनाको गाडी थियो। यसमा अझ थप्नुपर्दा मिश्रीहरूसँग सर्वश्रेष्ठ सेनाहरू थिए। यो मिश्रीहरूका लागि सजिलो विजय हुने थियो।

अनि इस्राएलीहरूले ठ्याक्कै यही नै सोचेका थिए। जब उनीहरूले यो ठूलो सेना उनीहरूको पछि आउँदै गरेको देखे, तब उनीहरूले मोशालाई गुनासो गर्न थाले। तिनीहरूले यो मरूभूमिमा मर्नुभन्दा मिश्रमा नै दासको रूपमा मर्नु राम्रो हुने थियो भने। वास्तवमा तिनीहरूले त्यस शक्तिशाली परमेश्वरलाई बिर्सेका थिए जसले भर्खरै मात्र मिश्री देवताहरूको विरूद्धमा विपत्ति पठाएर १० ठूला विजयहरू प्राप्त गर्नुभएको थियो।

परमेश्वरले मोशालाई प्रार्थना रोक्न र हिँड्न आज्ञा गर्नुभयो। त्यहाँ प्रार्थना गर्ने समय पनि थियो तर यो समय चाहिँ यात्रा गर्ने थियो। परमेश्वरले इस्राएलीहरूलाई उनीहरूको अगाडी एउटा उज्यालो प्रकाश भएर र उनीहरूको पछाडी बादलको खाँबो भनेर डोऱ्याउनुभयो। यो कुरा पूर्ण रूपमा परमेश्वरको नियन्त्रणमा थियो। अब यो रातको समय थियो र दुवै पक्ष शान्त रहे। मिश्रीहरूले आक्रमण नगरेको कुरा परमेश्वरले निश्चित गर्नुभयो। बिहान पूर्वबाट जोडको बतास चलेपछि मोशाले आफ्नो लहुरो समातेर उठाए; समुद्र विभाजित भयो र लाखौँ इस्राएलीहरूले सुख्खा जमिनमा लाल समुद्र पार गरे। इस्राएलीहरूमाथि परमेश्वरले फेरि आफ्नो सामर्थ देखाउनुभयो।

मिश्री सेनाहरूले पनि सुख्खा जमिनमा पार गर्न सक्छन् भनेर सोचेका थिए। तर यो उनीहरूको ठूलो गल्ती थियो। उनीहरूले पनि सोचेको हुनुपर्छ कि लाल समुद्रको दुवै पक्षमा भएको पानीको दुई पर्खालहरूले जसरी इस्राएलीहरूलाई सुरक्षा दियो त्यही पर्खालले उनीहरूलाई पनि सुरक्षा दिनेछ। उनीहरूले त्यो पानीलाई थाम्ने परमेश्वर नै हुनुहुन्छ भन्ने कुरा चाहिँ महसुस गरेनन् र परमेश्वरले लाल समुद्रको पानीलाई छोड्नु हुँदा सम्पूर्ण मिश्री सेनाहरू डुबेर मरेका थिए। कुनै पनि मिश्री बाँचेनन्। यो एउटा अविश्वनीय दृश्य थियो।

मोशाले यस छुट्काराको विषयमा एउटा गीत लेखेका थिए र इस्राएलीहरूले परमेश्वरको प्रशंसा गरे। तिनीहरूले कमसेकम अहिलेको लागि मोशा र मोशाको परमेश्वरमाथि विश्वास गर्न सिके।

**कथा भन्ने क्रियाकलाप: गुनासो गर्ने वा प्रशंसा गर्ने ?**

हामीले यहाँ इस्राएलीहरूले गुनासो गरेका थिए भनेर पहिलो पटक थाहा पाँउछौं। तिनीहरूका परमेश्वरबाटको भर्खरैको विजयहरू देखेर पनि परमेश्वर विरूद्ध गुनासो गर्नुले के कसैले सोच्यो होला उनीहरूको यात्रामा अगाडी बढ्ाउने परमेश्वर हुनुहुन्छ। यद्यपि गुनासो गर्नु त उनीहरूको दैनिक जीवनको एउटा नियमित हिस्सा भयो।

यो कथा भनिसके पछि तपाईंको कक्षालाई दुईवटा समूहमा विभाजन गर्नुहोस्: गुनासो गर्नेहरू र प्रशंसकहरू। एउटाले अर्को समूहलाई उनीहरूको समूहमा सहभागी हुनको लागि उनीहरूलाई मनाउन सक्दो प्रयास गर्नु भन्नुहोस्।

बालबालिकाहरूलाई परमे-श्वरले के गरिरहनु भएको छ र त्यो कुराको लागि उहाँको प्रशंसा गर्न प्रोत्साहित गर्दै पाठको यस अंशलाई सक्नुहोस्। साथै गुनासो गर्ने व्यक्तिहरूमा सामेल हुने परिक्षाको प्रतिकार गर्न उनीहरूलाई प्रोत्साहित गर्नुहोस्।

## कण्ठ गर्नुपर्ने पद

**प्रस्थान १४:२९ (टि.बी.एस)** - तर इस्राएलीहरू समुद्रको बीचमा सुक्खा जमिनै-जमिन हिँडे; अनि पानीचाहिँ उनीहरूको दाहिने हातपट्टि र उनीहरूको देब्रे हातपट्टि पर्खाल भयो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "पिता अब्राहामका धेरै सन्तान" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

"आज हाम्रो बाइबल पाठमा हामीले सिक्यौं कि मानिसहरूले लाल समुद्र पार गरे । हामी पनि लाल समुद्र पार गर्ने नाटक गर्न गईरहेका छौं ।"

- कक्षाको एक छेउमा बालबालिकाहरूलाई लाइनमा राख्नुहोस् ।
- डोरीहरू समाउनको लागि तपाईंलाई ४ जना बिद्यार्थीहरू वा ४ जना शिक्षकहरूको आवश्यक पर्न सक्छ ।
- तिनीहरूको बीचमा करिब एक फीटको दूरीमा डोरीहरू तान्नुहोस् । बाल-बालिकाहरूलाई दुवै डोरीहरूमाथिबाट उफ्रिन लगाउनुहोस् ।
- सबै बालबालिकाहरूले डोरीमाथिबाट उफ्रेर पार गरिसकेपछि डोरीलाई अलिक पर सार्नुहोस् । तिनीहरूलाई फेरि उफ्रिन लगाउनुहोस् ।
- जबसम्म कुनै पनि बालबालिकाको लागि पार गर्नलाई दूरी गाह्रो नभएसम्म डोरीलाई तन्काई नै राख्नुहोस् ।

**पद कण्ठ गर्ने क्रियाकलाप: वाक्यांशहरू**

वाक्यांशहरू । प्रस्थान १४:२९ लाई तीनवटा छोटो छोटो वाक्यांशहरूमा लेख्नुहोस् । कक्षामा प्रत्येकलाई मात्र एउटा वाक्यांश सिक्नको लागि दिनुहोस् । एउटा वाक्यांश सिकिसकेपछि तीन वटै वाक्यांशलाई पालैपालो गरि सबै बालबालिकाहरूले कण्ठ गरि नसिके सम्म आपसमा पास गरि राख्नुहोस् ।

**बाइबलीय क्रियाकलाप: लाल समूद्र पार गर्नु**

यो क्रियाकलाप गर्नको लागि शिक्षकलाई दुई वटा डोरीको आवश्यकता पर्नेछ ।

यो क्रियाकलाप दुई भागमा विभाजित छ । पहिलो भाग डोरीहरू नजिक हुँदा सबैले "लाल समुद्र पार गर्न सक्छन्" भन्नु हो ।

दोस्रो भाग चाहिँ डोरीहरू धेरै टाढा हुँदा कसैले पनि सफलतापूर्वक (मिश्री सेनाहरू) "लाल समुद्र पार गर्न नसक्नु" हो ।

## ४) पाठको समीक्षा गर्नुहोस्

"को" प्रश्नहरू:

१. कसले परमेश्वरको लौरो उठायो र समुद्र दुई भाग बनायो ?

२. कसले आफ्नो विचार परिवर्तन गर्नुभयो ?

"के" प्रश्नहरू:

१. इस्राएलीहरूलाई के कुराले डोऱ्यायो ?

२. इस्राएलीहरूलाई के ले पछ्यायो?

"कहिले" प्रश्नहरू:

१. इस्राएलीहरूले कहिले लाल समुद्रलाई पार गरे ?

२. फारो राजा कहिले इस्राएलीहरूको पछि आए ?

"कहाँ" प्रश्नहरू:

१. लाल समुद्र कहाँ छ ?

२. इस्राएलीहरूले हामी जान चाहान्छौँ भनि मोशालाई कहाँ भने ?

"कसरी" प्रश्नहरू:

१. इस्राएलीहरूले कसरी परमेश्वरमा विश्वास देखाए ?

२. परमेश्वरले समुद्रलाई कसरी सुख्खा बनाउनुभयो ?

"किन" प्रश्नहरू:

१. इस्राएलीहरूले किन गनगन गरे ?

२. इस्राएलीहरूले किन परमेश्वरको प्रशंसा गरे ?

**पाठको समीक्षाको क्रियाकलापः अनुसन्धान क्युब**

कक्षालाई दुई समूहमा विभाजन गर्नुहोस् । कुनै एउटा क्यूब किन्नुहोस् वा बनाउनुहोस् र त्यस क्यूबको प्रत्येक भागमा, के, कहिले, कहाँ, किन शब्दहरू लेखेर टाँस्नुहोस् । त्यसपछि, क्यूबलाई समूहमा पालै पालो गुडाउनुहोस् र क्यूबको माथिल्लो भागमा देखिएको प्रश्नको उत्तर दिनुपर्ने हुन्छ । उदाहरणको लागि, यदि क्यूबको माथिल्लो भागमा "किन" भन्ने शब्द देखापर्छ भने, समूहले "किन" भन्ने प्रश्नको उत्तर दिनुपर्छ । शिक्षकले पाठ सम्बन्धित आफ्नै प्रश्नहरू पनि बनाउन सक्नुहुन्छ ।

## ५) पाठ लागु गर्नुहोस्

तपाईंले गुनासो गर्न छोड्नुपर्ने तीन कुराहरू भन्नुहोस् ।

तपाईंले परमेश्वरको प्रशंसा गर्नुपर्ने तीनवटा कुराहरू भन्नुहोस् ।

**कथाको मूख्य सारः परमेश्वर रक्षा गर्नको लागि शक्तिशाली हुनुहुन्छ । परमेश्वरले लाल समुद्रलाई विभाजित गर्नुभयो ।**

# रोचक घटना नं २८

## प्रस्थान २०:१-१७

**कथाको मूख्य सारः परमेश्वर पवित्र हुनुहुन्छ । परमेश्वरले दश आज्ञाहरू दिनुभयो । उहाँको आज्ञापालन नगर्नु पाप हो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- परमेश्वरले मोशालाई दश आज्ञाहरू दुईवटा ढुङ्गाको पाटीहरूमा सीनै पर्वतमा दिनुभएको थियो जुन मिश्रको ठूलो भागमा सुईजको खाडीपट्टि सीनै पेनिन्सुलामा अवस्थित छ ।
- इस्राएलीहरू भर्खर मात्र मिश्रबाट आएका थिए जहाँ उनीहरू ४३० वर्ष सम्म बसोवास गरेका थिए जहाँ मिश्रीहरूले पुजा गर्ने धेरै देवताहरू थिए ।
- परमेश्वर सबैभन्दा ठूलो आदरको योग्य हुनुहुन्छ र अरू सबै कुराहरूलाई आदर गर्नु निषेधित थियो । उनीहरू जति नै सृजनात्माक रूपले बनाएको भएतापनि, ती कुनै पनि (प्रतिरूप) अर्थात् मूर्तिहरू परमप्रभुको उपासना गर्न योग्यका हुँदैनन् । इस्राएलीहरूले धेरै मूर्तिहरू भएका मानिसहरूसँग बसोवास गरेका थिए । अब तिनीहरूसँग कुनै मूर्तिहरू थिएनन् । यसलाई परमेश्वरले निषेध गर्नुभएको थियो ।
- परमेश्वरले इस्राएलीहरूलाई उहाँको नाम व्यर्थमा नलिनु भन्नुभएको थियो । उहाँ पवित्र हुनुहुन्छ र उहाँको नाम पवित्र छ ।
- परमेश्वरले इस्राएलीहरूले एउटा विशेष दिनमा उहाँको आराधना गरेको र आराम गरेको अपेक्षा गर्नुभयो । यस दिनलाई शबाथ भनिन्थ्यो ।
- इस्राएलीहरूका छोराछोरीहरूले आफ्ना आमाबाबुको आदर गर्नुपर्थ्यो । यो पहिलो आज्ञा हो जसमा एउटा प्रतिज्ञा जोडिएको थियो ।
- इस्राएलीहरूले अर्को निर्दोष मानिसको ज्यान लिनु हुँदैन्थ्यो; उनीहरूले हत्या गर्नुहुँदैन थियो ।
- इस्राएलीहरूले व्यभिचार गर्नुहुँदैन थियो । यसको अर्थ यो हो कि एउटा मानिससँग बस्न र सुत्नको लागि मात्र एउटा पत्नी हुनुपर्थ्यो ।
- उनीहरूले कुनै पनि चीज जुन उनीहरूको होइन त्यो चोर्न वा लिनु हुँदैन थियो ।
- उनीहरूले झुटो गवाही दिनुहुँदैन थियो । यसको अर्थ यो हो कि यदि उनीहरू अदालत गए र गवाही दिए भने उनीहरूले पुरै सत्य बोल्नुपर्ने थियो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

- हामीले सिकेको पहिलो रोचक घटना कुन थियो ? (सृष्टि) सृष्टि भन्ने समय अवधिबाट हामीले के सिक्यौं ? (परमेश्वर शक्तिशाली हुनुहुन्छ । परमेश्वरले सबैथोक सृष्टि गर्नुभयो । परमेश्वरले मानिसलाई उहाँको विशेष मित्र हुनको निम्ति सृष्टि गर्नुभयो) ।
- हामीले अरू कुन-कुन रोचक घटनाको बारेमा छलफल गर्यौं ? (पतन) हामीले पतनको समय अवधिबाट सिकेका केहि विषयवस्तुहरू के-के हुन् ? (शैतान उसको पापको कारण स्वर्गबाट निकालिएको थियो, शैतानले आदम र हव्वालाई परिक्षामा पार्‍यो र आदम र हव्वाले पाप गरेका थिए ) ।
- हामीले छलफल गरेको अर्को रोचक घटना कुन हो ? (जलप्रलय) हामीले जलप्रलयको समय अवधिबाट सिकेका केहि विषयवस्तुहरू के-के हुन् ? (परमेश्वरले पापको न्याय गर्नुहुन्छ ।)
- हामीले छलफल गरेको अर्को रोचक घटना कुन हो ? (बाबेलको धरहरा) हामीले बाबेलको समय अवधिबाट सिकेका केहि विषयवस्तुहरू के-के हुन् ? (मानिसले परमेश्वरको आराधना गर्ने आफ्नै शैलीको स्थापना गर्न सक्दैन । यो परमेश्वरकै आराधना गर्ने शैली हुनुपर्दछ ।)
- हामीले छलफल गरेको अर्को रोचक घटना कुन हो ? (राष्ट्रको शुरूवात) हामीले यस समय अवधिबाट सिकेका केहि विषयवस्तुहरू के-के हुन् ? (परमेश्वरले अब्राहामलाई एउटा ठुलो जाति र सबै मानिसहरूको लागि आशिष् हुनलाई बोलाउनुभयो ।)
- हामीले छलफल गरेको अर्को रोचक घटना कुन हो ? (मोशा) हामीले यो समय अवधिबाट सिकेका केहि विषयवस्तुहरू के-के हुन् ? (परमेश्वरले मोशालाई एउटा विशेष तरिकामा बोलाउनुभयो र मोशाले उहाँको आज्ञापालन गरे ।)

## ३) पाठ सिकाउनुहोस्

तपाईं बस्ने ठाउँमा कस्ता प्रकारका कानुनहरू महत्वपूर्ण छन् ?

यस बेलासम्म इस्राएलीहरूसँग उनीहरूले पालन गर्नुपर्ने नियम वा व्यवस्थाहरू थिएन । अब परमेश्वरले उनीहरूलाई एउटा धेरै विशेष नैतिक नियम दिन लाग्नुभएको थियो जसलाई हामी दश आज्ञाहरू भन्दछौं । परमेश्वरले जे गर्नु र जे नगर्नु भन्नुभएको थियो त्यो पालन गरेर राष्ट्रले यी नैतिक नियमहरू राम्ररी पछ्याउनुपर्ने थियो ।

## कथा भन्नुहोस्

इस्राएलीहरूले दुई महिनादेखि यात्रा गरिरहेका थिए । उनीहरू मिश्र देश छोडेर प्रतिज्ञाको भूमितर्फ जाँदै थिए । उनीहरू मोशाको लागि एउटा परिचित ठाउँ, सिनै पर्वतमा आइपुगेका थिए । यही ठाउँमा मोशाले बलिरहेको पोथ्राबाट परमेश्वर बोल्नुभएको सुनेका थिए । यही ठाउँमा नै मोशाले उनलाई इस्राएलका मानिसहरूलाई मिश्रबाट निकाल्नको लागि उनीहरूलाई डोर्याउनलाई परमेश्वरले बोलाउनुभएको हो भन्ने कुरा थाहा पाएका थिए । यो मोशाको लागि एउटा पवित्र ठाउँ थियो र अब बाँकी रहेका सबै इस्राएलकै लागि पनि यो एउटा पवित्र ठाउँ हुने थियो ।

इस्राएलीहरू आफ्नो परमेश्वरप्रति आज्ञाकारिताको एउटा नैतिक नियमविना नै बाँची रहेका थिए । धेरै देवताहरू भएका मिश्रीहरूको बीचमा बस्दा पनि तिनीहरूले उनीहरूलाई कुनै साहायता गरेनन् । अवश्य पनि उनीहरूले मिश्रीहरूका केहि धर्महरूका रितिहरू भने अपनाएका थिए । अब परमेश्वर आफैलाई अलग गर्न चाहानु हुन्थ्यो र इस्राएल राष्ट्रसँग एउटा नयाँ करारमा प्रवेश गर्न चाहानुहुन्थ्यो । यी मानिसहरूका लागि करारहरू नयाँ कुरा थिएनन् । तिनीहरूलाई नोआसँग गरिएको करार थाहा थियो । तिनीहरूलाई अब्राहामसँग गरिएको करार पनि थाहा थियो । अब तिनीहरूले मोशाद्वारा परमेश्वरसँग उनीहरूको आफ्नै करार प्राप्त गर्दै थिए ।

इस्राएलका मानिसहरूले मोशालाई पर्खिरहेका थिए जो परमेश्वरसँग भेट गर्न र आज्ञाकारिताको नैतिक नियम ग्रहण गर्न पर्वतको टुप्पोमा गएका थिए । हामी यो नियमलाई दश आज्ञाहरू भन्दछौं । ती आज्ञाहरूले के भन्दछन् र संक्षिप्तमा तिनीहरूको अर्थ के हो त्यो यहाँ तल दिईएको छ ।

१) "म बाहेक तिमीहरूको अरू कुनै ईश्वरहरू हुनुहुँदैन ।" परमेश्वरले उहाँप्रति इमानदारीताको आशा गर्नुभयो ।

२) "तिमीहरूले आफ्ना निम्ति कुनै खोपेको मूर्ति नबनाउनू ।" कुनै पनि रचनात्मक मूर्तिहरूले महिमाका परमप्रभुको चित्रण गर्न सक्दैन ।

३) "तिमीले परमप्रभु आफ्ना परमेश्वरको नाम व्यर्थैमा नलिनू ।" परमेश्वरको नामलाई उच्च आदर र सम्मानका साथ मान्नुपर्ने थियो ।

४) "विश्रामदिन पवित्र मान्नलाई यसको सम्झना राख्नू ।" परमेश्वरका मानिसहरू परमेश्वरको आराधना गर्ने मानिसहरू हुनुपर्दछ । उनीहरूका सृष्टिकर्ताले विश्राम लिनुभयो र उनीहरूले पनि त्यस्तै गर्नुपर्दछ ।

५) "आफ्ना बुबा र आफ्नी आमालाई आदर गर ।" हरेक छोराछोरीहरूले आफ्ना अभिभावकहरूलाई विशेष सहयोग र आदर दिनुपर्ने थियो ।

६) "तिमीले हत्या नगर्नु ।" निर्दोष जीवन लिन निषेध गरिएको थियो ।

७) "तिमीले व्यभिचार नगर्नू ।" एउटा पुरुष र एउटा स्त्रीको लागि वैवाहिक सम्बन्ध मात्र विशेष हुनुपर्थ्यो ।

**कथा भन्ने क्रियाकलाप: धेरै स्वीकार्य र थोरै स्वीकार्य आज्ञाहरू**

बालबालिकाहरूलाई सबै दश आज्ञाहरू पढ्नु भन्नुहोस् । शिक्षकले तिनीहरूलाई दश आज्ञाहरू लेखिएको एउटा कागज पनि दिन सक्नुहुन्छ ।

जसै तपाईंले तिनीहरूलाई दश आज्ञाहरू भन्नुहुन्छ, बालबालिकाहरूलाई उनीहरू बस्ने ठाउँमा धेरै स्वीकार्य अर्थात् पालन गरिएका आज्ञाहरूमा गोलो घेरा बनाउन लगाउनुहोस् ।

साथै उनीहरू बस्ने ठाउँमा स्वीकार्य नभएका अर्थात् पालन नगरिएका आज्ञाहरूको छेउमा "**X**" राख्न लगाउनुहोस् ।

जब तपाईंले कथा भनेर सक्नुहुन्छ तब बालबालिकाहरूलाई तिनीहरूको संस्कृतिमा सबैभन्दा धेरै स्वीकार गरिएको र थोरै मात्रामा स्वीकार गरिएको आज्ञाहरू के थियो भनेर उनीहरूले सोचेका थिए सोध्नुहोस् ।

८) "तिमीले चोरी नगर्नू ।" आफ्नो सम्पत्ति राख वा देऊ तर अरू कसैको चीजहरू उनीहरूको जानकारी विना नलिऊ ।

९) "तिमीले आफ्नो छिमेकीको विरोधमा झुटा गवाही नदिनू ।" झुटो नबोल ।

१०) "तिमीले लालच नगर्नू ।" उनीहरूले अरू कसैको चीज चोर्न नहुने मात्र होइन, उनीहरू आफूसित भएको कुरामा सन्तुष्ट हुनुपर्थ्यो र अरूसँग भएको कुरालाई चाहाना गर्नुहुँदैन थियो ।

## कण्ठ गर्नुपर्ने पद

**प्रस्थान २०:३ (टि.बी.एस)** - मेरो सामु तिम्रा अरू कुनै ईश्वरहरू हुनुहुँदैन !

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "पिता अब्राहामका धेरै सन्तान" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

एउटा ठूलो पोस्टर बनाउनुहोस् । बायाँ तर्फ प्रत्येक दश आज्ञाहरूको सूची बनाउनुहोस् । दायाँ तर्फ प्रत्येक आज्ञाहरूले परमेश्वरको बारेमा के भन्दछ भनेर देखाउनुहोस् ।

१. परमेश्वर एक मात्र हुनुहुन्छ - मात्र परमेश्वर ।

२. परमेश्वरले आफ्नो महिमा बाँड्नु हुनेछैन - यो उहाँको मात्र हो ।

३. परमेश्वरको नाम एकदम विशेष छ - उहाँको नामलाई आदर गर्नुहोस् ।

४. परमेश्वरको दिन विशेष छ - विश्राम दिन महत्वपूर्ण छ ।

५. परिवार परमेश्वरले स्थापित गर्नुहुन्छ - त्यसलाई सम्मान गर्नुहोस् ।

६. परमेश्वरले जीवनको आदर देखाउनुहुन्छ, त्यसैले हामीले पनि देखाउनुपर्छ ।

७. परमेश्वर शुद्ध र आत्म-नियन्त्रित हुनुहुन्छ ।

८. परमेश्वर न्यायी हुनुहुन्छ ।

९. परमेश्वर सत्य हुनुहुन्छ ।

१०. परमेश्वर सन्तुष्टि हुनुहुन्छ, उहाँ लालच गर्नुहुन्न ।

**शिक्षक साहयता**

**पद कण्ठ गर्ने क्रियाकलाप: एउटा पद निर्माण गर्नुहोस्**

बालबालिकाहरूलाई दुई समूहमा विभाजन गर्नुहोस् । अर्को समूहले जे भनेका छन् त्यसमा एउटा शब्द थप्दै हरेक समूहले पदलाई निम्न तरिकाले दोहोराउनुहोस् ।

समूह १: प्रस्थान

समूह २: प्रस्थान २०

समूह १: प्रस्थान २०:३

समूह २: प्रस्थान २०:३, "मेरो

समूह १: प्रस्थान २०:३, "मेरो सामु..."

**बाइबलीय क्रियाकलाप: चर्मपत्र आज्ञाहरू**

यहाँ भनाईहरूका केहि उदाहरणहरू छन् जुन पोस्टरको दाहिने तर्फका हुन सक्छ । परमेश्वरका व्यवस्थाहरू जीवनमा भएका सबै आनन्दलाई नाश गर्नका लागि बनाइएका होइनन् ! यी व्यवस्थाहरूले परमेश्वरको स्वभाव र चरित्रहरूको वर्णन गर्दछन् । परमेश्वरका व्यवस्थाहरूले हामीलाई धेरै तरिकाहरूले हानी हुनबाट बचाउँदछ ! यदि तपाईंसँग समय छ भने बालबालिकाहरूलाई प्रत्येक आज्ञाहरूले हामीलाई कसरी सुरक्षा दिँदछ भनेर सोच्नलाई मद्दत गर्नुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

अघिल्लो पाठमा छलफल गर्नुभएको “कम पालना” गरिएका आज्ञाहरू मध्यबाट मूख्य तीन आज्ञाहरू लिनुहोस्। कक्षामा बालबालिकाहरूसँग छलफल गर्नुहोस्:

- यी आज्ञाहरू हाम्रो संस्कृतिमा किन स्वीकार गरिँदैनन् ?
- जब परमेश्वरले हाम्रो समाजमा नभएको नैतिक नियमहरू पालना गर्ने आज्ञाहरू हामीलाई दिनुहुन्छ तब परमेश्वरले हामीबाट के अपेक्षा गर्नुहुन्छ ?
- परमेश्वरको आज्ञापालन गर्नु धेरै महत्वपूर्ण छ वा सबैले गर्ने कुरालाई पछ्याउनु महत्वपूर्ण छ ? किन ?
- के परमेश्वरले हामीले हरसमय उहाँको आज्ञापालन गरेको आशा गर्नुहुन्छ ? हाम्रा वरिपरीका धेरै मानिसहरू उहाँप्रति आज्ञाकारी नहुँदा पनि के हामीले उहाँको आज्ञापालन गरेको उहाँ आशा गर्नुहुन्छ ?

**पाठको समीक्षाको क्रियाकलाप: प्रश्न र उत्तर**

यी चार प्रश्नहरू पाठको “कथा भन्नुहोस्” भन्ने खण्डसँग जोडेर प्रयोग गर्न सकिन्छ। शिक्षकले आफु बस्ने ठाउँमा कम पालना गरिएका आज्ञाहरूलाई ध्यान दिनुपर्दछ र बालबालिकाहरूलाई परमेश्वरको संस्कृति अनुसार जिउन र उहाँमा आज्ञाकारी हुन प्रोत्साहित गर्नुपर्दछ।

## ५) पाठ लागु गर्नुहोस्

१. **परमेश्वर** - शुरूमा त्यहाँ एक मात्र शक्तिशाली र अनन्त परमेश्वर हुनुहुन्थ्यो।

२. **मानिस** - परमेश्वरले सबैथोकलाई सृष्टि गर्नुभयो। उहाँले पुरूष र स्त्री दुवैलाई उहाँको असल मित्रहरू हुनको लागि आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो।

३. **पाप** - पुरूष र स्त्रीले परमेश्वरको आज्ञा उल्लंघन गरे। उहाँले जे भन्नु भएको थियो त्यो उनीहरूले नगरेर पाप गरे र त्यसदिन देखि मानव जातीमा पापले प्रवेश गऱ्यो।

४. **मृत्यु** - परमेश्वरले पुरुष र स्त्रीलाई तिनीहरूको अनाज्ञाकारिताको निम्ति दण्ड दिनुभयो। बाइबलमा उल्लेख गरिएको यस मृत्युले अलग हुने कुरालाई बुझाउँदछ।

५. **ख्रीष्ट** - परमेश्वरले आफ्नो एक मात्र विशेष पुत्रलाई संसारमा पठाउनुभयो जसले सिद्ध जीवन जीउनु भयो।

६. **क्रुस** - येशू संसारको पापको लागि क्रुसमा मर्नुभयो।

७. **विश्वास** - यदि कसैले ख्रीष्टमा विश्वास गर्छ भने, परमेश्वरले तिनीहरूलाई स्वागत गर्नुहुन्छ।

८. **जीवन** - ख्रीष्टमाथि विश्वास गर्नेहरूलाई परमेश्वरले अनन्त जीवन दिनुहुन्छ।

**पाठ लागु गर्ने क्रियाकलाप**

बाइबलको महान् कथामा भएका आठ आधारभूत सत्यताहरू महत्वपूर्ण छन्। दश आज्ञाहरूले कुन सत्यलाई जोड दिँदछन् र परमेश्वरले दिनुभएको नैतिक नियमलाई पछ्याउन तपाईं के गर्नुहुन्छ होला ?

**कथाको मूख्य सार: परमेश्वर पवित्र हुनुहुन्छ। परमेश्वरले दश आज्ञाहरू दिनुभयो। उहाँको आज्ञापालन नगर्नु पाप हो।**

# रोचक घटना नं २९

## प्रस्थान ३२:१-३५

**कथाको मूख्य सारः इस्राएलीहरूले परमेश्वरको विरूद्ध विद्रोह गरे ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- पर्वतको टूप्पामा परमेश्वरसँग भेट गर्नलाई गएका मोशा फर्कर आउँदैनन् होला भनेर इस्राएलीहरूले चिन्ता व्यक्त गरे । तिनीहरूले हारूनलाई तिनीहरूको लागि देवता बनाउन आदेश दिए ताकी त्यस देवताले उनीहरूलाई यात्रामा डोऱ्याउन सकोस् । त्यसैले हारूनले सुनहरू भेला पारे र एउटा सुनको बाछा बनाए ।
- (*Hapi*) हापी र (*Hathor*) हाथोर मिश्रीहरूको दुई प्रचलित देवताहरू एउटा साँढे र एउटा जवान गाईको रूपमा प्रतिनिधित्व गरिएका थिए । एक साँढेको रूपमा कनानीहरूले बाललाई पुजा गरे । त्यही क्रममा इस्राएलीहरूले आफू वरपरका धर्महरू अपनाईरहेका थिए र परमेश्वरले भर्खरै दिनुभएको दोस्रो आज्ञालाई बेवास्ता गरिरहेका थिए । तिनीहरूले कुनै प्रकारको मूर्ति वा प्रतिरूप बनाउनुहुँदैन थियो ।
- इस्राएलीहरूले मूर्तिपूजा गरेको देखेर मोशाले पाटीहरू भाँचे जुन परमेश्वरले उनलाई दिनुभएको थियो ।
- मानिसहरूलाई खुशी पार्नको लागि हारूनको सम्झौताले र अझै पनि परमेश्वर, वा देवताहरूको अनुसरणले पूर्ण विफलताको नतिजा ल्यायो । यद्यपि, यही सम्झौताको समयमा परमप्रभुले हारून र उनका छोराहरूलाई सर्वोच्च परमेश्वरको लागि पुजाहारीको रूपमा नियुक्त गर्नुभयो ।
- पालमा के भईरहेको छ भनेर परमप्रभुले मोशासँग बातचीत गर्नुभयो । मोशा रिसाएर पर्वत छोडेर इस्राएलीहरूलाई हप्काउन तल ओर्ले । जब हारून र मोशाको सामना भयो तब उनले मानिसहरूलाई दोष दिए ।
- मोशा पर्वतमा फर्किए जहाँ उनले परमेश्वरसँग क्षमा मागे । मानिसहरूका पापका लागि उनले आफैलाई पनि एक बलिदानको रूपमा अर्पण गरे । यद्यपि, हामी पछि सिक्नेछौं, परमेश्वरलाई मानव बलिदानहरू मनपर्दैन ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

- उत्पत्ति १:१ - शुरूमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।
- कलस्सी १:१६ - किनभने स्वर्गमा भएका र पृथ्वीमा भएका कुराहरू, देखिने र नदेखिने कुराहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानहरू, चाहे अधिकारीहरू, यी सबै कुराहरू उहाँद्वारा नै सृष्टि गरिएका हुन्, सबै कुराहरू उहाँद्वारा र उहाँकै निम्ति सृष्टि गरिएका हुन् ।
- उत्पत्ति २:२ - अनि सातौं दिनमा परमेश्वरले आफ्नो काम, जो उहाँले बनाउनुभएको थियो, सिध्याउनुभयो । अनि सातौं दिनमा उहाँले आफूले बनाउनुभएको आफ्नो सबै कामबाट विश्राम लिनुभयो ।
- उत्पत्ति २:८ - अनि परमप्रभु परमेश्वरले पूर्वपट्टि अदनमा एउटा बगैंचा लगाउनुभयो, र त्यहाँ आफूले रच्नुभएको मानिसलाई राख्नुभयो ।
- उत्पत्ति ३:१५ - अनि तेरो र त्यस स्त्रीको बीचमा अनि तेरो सन्तान र त्यसको सन्तानको बीचमा म दुश्मनी हाल्नेछु; उसले तेरो टाउको कुच्याउनेछ, र तैंले उसको कुर्कुच्चा डस्नेछस् ।
- रोमी ८:२० - किनकि सृष्टि व्यर्थताको अधिनतामा राखिएको छ; आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले जसले त्यसलाई अधिनतामा राख्नुभएको छ, यस आशामा;
- उत्पत्ति १२:३ - अनि जसले तिमीलाई आशिर्वाद दिनेछन्, तिनीहरूलाई म आशिष् दिनेछु; अनि जसले तिमीलाई श्राप दिनेछ, त्यसलाई म श्राप दिनेछु । अनि तिमीमा पृथ्वीका सबै कुलहरू अशिषित हुनेछन् ।
- प्रस्थान १२:१३ - अनि त्यो रगत चाहिँ तिमीहरू बसेका घरहरूमा तिमीहरूका निम्ति चिन्ह ठहरिनेछ; अनि जब म त्यो रगत देख्छु, तब म तिमीहरूलाई छोडेर जानेछु र जब म मिश्र देशलाई हिर्काउँछु, तब त्यो विपत्ति तिमीहरूलाई नष्ट गर्न तिमीहरूमाथि आइपर्नेछैन ।
- प्रस्थान १४:२९ - तर इस्राएलीहरू समुद्रको बीचमा सुख्खा जमिनै-जमिन हिँडे; अनि पानीचाहिँ उनीहरूको दाहिने हातपट्टि र उनीहरूको देब्रे हातपट्टि पर्खाल भयो ।
- प्रस्थान २०:३ - मेरो साम्‍नु तिम्रा अरू कुनै ईश्वरहरू हुनुहुँदैन ।

## ३) पाठ सिकाउनुहोस्

तपाईंले कहिले कसैलाई वास्तवमै निराश भएको देख्नुभयो ? उनीहरू त्यो कुरामा रिसाएको पनि हुनसक्छन् । ती समस्याहरू के थिए जसले उनीहरूलाई कुनै कुरामा दिक्क पारेको थियो ?

आजको पाठ मोशाको बारेमा छ जो इस्राएलीहरू प्रति उनीहरूले गरेका केहि कुराहरूको कारण एकदमै क्रोधित थिए । यसले उनको आफ्नै भाइ र बहिनीलाई पनि असर गर्‍यो ।

**शिक्षक साहयता**

**समीक्षा**
**क्रियाकलाप: अघिल्लो कण्ठ गर्नुपर्ने पदहरूलाई समीक्षा गर्नुहोस्**

शिक्षकले बालबालिका-हरूलाई अघिल्लो कण्ठ गर्नुपर्ने पदहरूलाई स्मरण गर्न लगाउनुपर्दछ । सबै कण्ठ गर्नुपर्ने पदहरू यो पृष्ठमा सूचीबद्ध त छैनन् तर यदि समय भएमा शिक्षकले सबै २८ वटा अघिल्लो कण्ठ गर्नुपर्ने पदहरूलाई पढ्न अनुरोध गर्न सक्नुहुन्छ । यसको लागि स्वयंसेवकहरू बोलाउनु सक्नुहुन्छ र आवश्यक परेको खण्डमा उनीहरूलाई केहि मद्दत गर्नुहोस् ।

## कथा भन्नुहोस्

मोशा र यहोशू एउटा लामो यात्राको लागि तयार भए जुन यात्रामा केवल मोशा मात्र पर्वतको टुप्पामा पुग्न सक्थे। मोशा पर्वतको टाकुरामा परमेश्वरसँग कुरा गर्न गए भने यहोशू पर्वतको केहि भाग माथि सम्म मात्र गए। यहोशूले धैर्यतापूर्वक मोशाको प्रतिक्षा गरे। इस्राएलीहरूले भने ठीक उल्टो काम गरे।

तिनीहरूले सोचे कि मोशा फर्केर आउनेदैनन् र तिनीहरू व्याकुल भए। उनीहरूले अब हारूनलाई उनीहरूको अगुवा हुनको लागि छान्नु नै उत्तम उपाय हो भनेर विचार गरे र उनीहरूले हारूनलाई केहि गर्न भनेका छन्। उनीहरूले भनेका छन्, त्यो जे भएपनि फरक पर्दैन...मात्र केहि गर्नुहोस्!

हारूनले के सोचिरहेका थिए? उनले ती मानिसहरूलाई आफूसँग भएका सुनका गहनाहरू ल्याउ र ती सुनका गहनाहरूबाट हामी एउटा बाछा बनाउनेछौं भनेका थिए। त्यसपछि, तिनीहरूले त्यो सुनको बाछालाई पूजा गर्न थाले र ठूलो भोज गर्न थाले। तिनीहरूले त्यस सुनको बाछालाई मिश्रबाट छुटाउने तिनीहरूको एक मात्र उद्धारकको रूपमा घोषणा गरे।

ओहो! परमेश्वर धेरै निराश हुनुभयो! उहाँले भर्खरै मात्र तिनीहरूलाई आफ्ना निम्ति कुनै खोपेको मूर्ति नबनाउनू भन्नुभएको थियो तर तिनीहरूले त्यहि नै गरे र हारून तिनीहरूका अगुवा थिए! परमेश्वरले ती सबै देख्नुभयो र मोशालाई जे भइरहेको थियो सो भन्नुभयो। परमेश्वर यति धेरै निराश हुनुभएको थियो कि उहाँले सबै मानिसहरूलाई नाश गर्ने धम्की दिनुभयो। मोशा पर्वतबाट तल ओर्लिए र यहोशू उनीसँग पुनःसामेल भए। यहोशूले इस्राएलीहरूको हल्ला सुने र उनीहरूले लडाइँ गरेको हुनुपर्छ भनेर विचार गरे तर मोशालाई यो कुरा राम्ररी थाहा थियो किनभने परमेश्वरले भन्नुभएको थियो कि इस्राएलीहरूले एउटा ठूलो भोज गरिरहेका छन् र त्यो उहाँलाई आदर दिने कुरा होइन। जब मोशाले के भइरहेको थियो सो देखे तब उनले दश आज्ञाहरू भएको त्यो दुई पाटिहरू फ्याँकिदिए र फुटाए। अब मोशा विशेष गरि उनको भाई हारूनसँग पनि साँच्चै नै निराश थिए।

मोशाले मानिसहरूलाई हप्काए। उनीहरूले ठूलो पाप गरेका छन् र अब तिनीहरूको लागि मोशाले प्रार्थना गर्नेछन् भनेर भनेका छन्। उनी फेरि पर्वतमा परमेश्वरको सामु फर्कने छन् र तिनीहरूका पापका लागि प्रायश्चित गर्नेछन्। तिनीहरूले त्यस सुनको बाछा बनाएर, त्यसलाई पूजा गरेको र भोज गरेको कारण तिनीहरू एउटा ठूलो समस्यामा परेका थिए।

परमेश्वरले मानिसहरूलाई त्यस्तो गलत काम गर्दा पनि क्षमा गर्नुभयो। उहाँले मोशालाई भन्नुभयो कि क्षमा चाहाने कसैलाई पनि परमेश्वरको पुस्तकबाट हटाइने छैन। परमेश्वरले मोशालाई यो आश्वासन दिनुभयो र उहाँले उनलाई दश आज्ञाहरू भएको अर्को पाटिहरू पनि दिनुभयो। परमेश्वरको अनुग्रह एकदम स्पष्ट छ किनकि उहाँले मानिसहरूलाई क्षमा दिनुभयो। यद्यपि, उनीहरूले यस्तो खराब काम गरेको हुनाले उहाँले तिनीहरूमाथि विपत्ति पठाउनुभयो। यो आदम र हव्वाले पाप गरेको समयसँग मिल्दोजुल्दो थियो। जब आदम र हव्वाले पाप गरे तब परमेश्वरले उनीहरूलाई क्षमा गर्नुभयो र उनीहरूलाई नयाँ लुगा दिनुभयो। तर उहाँले उनीहरूलाई बगैंचाबाट निकालेर सजाय पनि दिनुभयो। परमेश्वरले त्यसरी नै काम गर्नुहुन्छ। उहाँ अनुग्रही हुनुहुन्छ तर उहाँले पापलाई सधैं दण्ड दिनुहुन्छ।

**कथा भन्ने क्रियाकलापः सुन्ने स्थानहरू**

बालबालिकाहरूलाई विभिन्न स्थानहरूबाट कथा सुन्न आग्रह गर्नुहोस्।

१) पर्वतको टुप्पोबाट सुन्नहोस् जहाँ मोशा थिए। उनले के देखे? उनले के सुने? उनले के महसुस गरे?

२) पर्वतको बीचबाट सुन्नुहोस् जहाँ यहोशू थिए। उनले के देखे? उनले के सुने? उनले के महसुस गरे?

३) पर्वतको फेद वा तलबाट सुन्नुहोस् जहाँ हारून थिए। उनले के देखे? उनले के सुने? उनले के महसुस गरे?

स्थानहरूको तुलना गर्नुहोस्

यी प्रत्येक तीन स्थानहरूमा के कुरा समान थियो?

## कण्ठ गर्नुपर्ने पद

**प्रस्थान २०:४ (टि.बी.एस)** - तिमीले आफ्ना निम्ति कुनै खोपेको मूर्ति नबनाउनू ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति “पिता अब्राहामका धेरै सन्तान” बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

यस क्रियाकलापको लक्ष्य भनेको हाम्रो जीवनमा मूर्तिहरूको रूपमा भएका चीजहरूको चित्रण गर्नु हो । बालबालिकाहरूलाई यो प्रश्न सोध्नुहोस्: “यदी आज यहाँ सुनले बनेको एउटा गाई थियो भने के तपाईं त्यसलाई दण्डवत् गर्ने वा पूजा गर्ने परिक्षामा पर्नुहुन्थ्यो होला ?” (पर्दैन थियौं ! आज हामीले पाठमा सिकेका जस्तै: यो गर्नु गलत हुनेछ) ल हामी सबै सँगै यो भनौं है: “मूर्तिहरू होइन !!” (बालबालिकाहरूसँग यो धेरैपटक लगातार भन्नुहोस्) अब हामी मूर्तिहरूको रूपमा हामीसँग भएका चीजहरूको बारेमा विचार गरौं । तपाईंले मसँग कुनै सुनले बनेको गाई छैन, कुनै मूर्तिहरू छैन भनेर सोच्दै हुनुहुन्छ होला । तर मूर्ति भनेको के होला ? यो त्यस्तो चीज हो जसले हाम्रो जीवनमा परमेश्वरको स्थान लिन्छ । के त्यस्तो केहि कुरा छ जसले तपाईंको समय र ध्यान परमेश्वरको लागि भन्दा बढी लिन्छ ? (समयभन्दा अगाडी तयार हुनुहोस् र तपाईंको बालबालिकाहरूको लागि मूर्ति हुन सक्ने वस्तुहरू ल्याउनुहोस्) भिडियो गेमहरू ? टि.भी.? खेलकुदको सामाग्रीहरू ? एउटा चित्र वा वास्तविक वस्तु ल्याउनुहोस् जुन चीज तपाईंको कक्षाको लागि मूर्तिहरूको प्रतिनिधित्व गर्न सान्दर्भिक चीज हुनसक्छ । के तपाईं यसलाई......... हेर्न चाहानुहुन्छ र “मूर्तिहरू होइन” भन्न चाहानुहुन्छ ? हामी फेरि भन्नेछौं, यस वस्तुहरू आज म अन्तिम पटक समात्नेछु जुन हाम्रो लागि मूर्तिहरू हुनसक्छन् । यो सबैले सँगै गर्नुहोस् । प्रार्थना गर्नुहोस् र परमेश्वरलाई भन्नुहोस् कि हामीलाई मूर्तिहरूबाट टाढा राख्नुहोस् !

**पद कण्ठ गराउने क्रियाकलाप**

पदलाई केहि समय समीक्षा गर्नुहोस् र बालबालिकाहरूलाई दुई वा बढी समूहमा विभाजन गर्नुहोस् । ती समूहहरूलाई लाइनमा बसाएर बीचमा कुर्सी राखेर लेख्नको लागि सेतो बोर्ड वा कागजको पाना राख्नुहोस् । प्रत्येक समूहको अगाडि लेख्नको लागि केहि राख्नुहोस् । प्रत्येक समूहको पहिलो बालबालिकालाई दौडेर गई पहिलो शब्द लेखेर आफ्नो लाइनमा फर्कन लगाउनुहोस् । समूहको अर्को बालबालिकाले अर्को शब्द लेख्नेछ र पद पूरा नभए सम्म यो जारी रहन्छ । फेरी खेल्नु अघि सबैलाई समाप्त गर्ने अनुमति दिनुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

यो पाठ दुई मूख्य तथ्यहरूमा सम्बन्धित छ:

१. मोशाले परमेश्वरको आराधना पर्वतको टुप्पोमा गरे ।

२. इस्राएलीहरूले सुनको बाछ्रालाई पर्वतको फेदमा पूजा गरे ।

## ५) पाठ लागु गर्नुहोस्

को वा कसलाई आराधना गर्ने भनेर छनौट गर्नु यस पाठको लागि व्यावहारिक प्रयोग हो । इस्राएलीहरूले झुटो देवतालाई पूजा गर्ने र रमाउने छनौट गरे । परमेश्वरले विपत्तिहरू पठाएर उनीहरूको न्याय गर्नुभयो ।

एउटा धर्मी न्यायकर्ताको रूपमा उहाँले तपाईंको कामहरूको सहि परिणाम दिने छनौट गर्नुहुन्छ ।

परमेश्वरको आराधना गर्नको लागि तपाईंको केहि असल छनौटहरू के के हुन् ? (प्रार्थना गर्ने, बाइबल पढ्ने, मण्डली जाने, परमेश्वरको आज्ञापालन गर्ने)

तपाईंले परमेश्वरको आराधना नगर्न के गर्न सक्नुहुन्छ ?

जब कसैले परमेश्वरको आराधना नगर्ने छनौट गर्दछ तब त्यस छनौटको लागि खराब परिणामहरू छन् ।

**कथाको मूख्य सार: इस्राएलीहरूले परमेश्वरको विरुद्ध विद्रोह गरे ।**

### समीक्षा क्रियाकलाप

बालबालिकाहरूलाई यस पाठबाट उनीहरूले सिकेको एउटा मूख्य कुरा लेख्न लगाउनुहोस् । त्यसपछि, उनीहरूले सिकेको त्यस कुरा कक्षामा पालै पालो एकअर्कालाई सुनाउन लगाउनुहोस् । उनीहरूले हरेक नयाँ कुरा जुन अरूबाट सुन्छन् त्यो कुरा पनि लेख्नुपर्दछ । यो प्रक्रियालाई धेरैपटक सम्म दोहोऱ्याउन सक्नुहुन्छ । त्यसपछि, बालबालिकाहरूले पाठबाट सिकेका मूख्य कुराहरूको एउटा सूची बनाउनुहोस् ।

# रोचक घटना नं ३०

## प्रस्थान ४०:१७-३५

**कथाको मूख्य सारः इस्राएलीहरूले परमेश्वरलाई भेट्न सकून् र क्षमादानको लागि बलिदान चढाउन सकून् भनि उहाँले एउटा पाल निर्माण गर्ने आज्ञा दिनुभयो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- इस्राएलीहरूले मिश्र छोडेको झन्डै एक वर्षपछि पहिलो पटक सीनै पर्वतको नजिक भेट हुने पाल वा पवित्र वासस्थान निर्माण गरिएको थियो ।
- इस्राएलीहरू त्यहि स्थानमा साढे आठ महिनासम्म बसे । कम्तिमा ८० दिनसम्म मोशा सीनै पर्वतमा थिए । त्यसैले, लगभग ६ महिनासम्म इस्राएलीहरूले पवित्र वासस्थानको लागि आवश्यक सामग्रीहरू सङ्कलन गरिरहेका थिए ।
- प्रस्थान ४०मा सात पटक, मोशाले परमेश्वरले निर्देशन गर्नुभए अनुसार पवित्र वासस्थानको निर्माण गरेका छन् भनिएको छ ।
- मोशाले परमेश्वरबाट पाएका दश आज्ञाहरू भएको ढुङ्गाका दुई पाटीहरू करारको सन्दुकभित्र राखिएको थियो ।
- "म इस्राएलीहरूको बीचमा वास गर्नेछु र तिनीहरूको परमेश्वर हुनेछु" (प्रस्थान २९:४५) भन्ने उहाँको प्रतिज्ञा भेट हुने पाल (पवित्र वासस्थान)मा भरिएको परमेश्वरको महिमाको रूपमा पूरा भयो (प्रस्थान ४०:३४) ।
- पृथ्वीमा परमेश्वरको घर भेट हुने पाल (पवित्र वासस्थान) थियो । यही ठाउँमा उहाँले आफ्नो महिमा देखाउनुभयो जहाँ बलिहरू चढाउन सकिन्थ्यो र पापहरू क्षमा गरिन्थ्यो ।
- जब सामदानहरू तयार भए तब ती सामदानहरूमा दियोहरू बालियो ताकी आराधना वा पूजा गर्ने ठाउँ अँध्यारो नभएको होस् (पद. २५) ।
- भेट हुने पालको (पवित्र वासस्थान) निर्माण गर्ने ढाँचाले एउटा तरिकालाई अनुसरण गर्न सुझाव दिन्छ । सर्वप्रथम, विश्वासीहरूले परमेश्वरको निर्देशन स्पष्टसँग बुझ्नुपर्दछ । दोस्रो, ती निर्देशनहरूलाई ठीक तरिकाले लागू गर्नपर्दछ ।
- पवित्र वासस्थानले दुई वटा आधारभूत सिद्धान्तहरू सिकाएको छ । पहिलो, परमेश्वरले आफ्ना मानिसहरूको माझमा वास गर्नुभयो । दोस्रो, परमेश्वरको पवित्रताको कारण र उनीहरू पापी भएको कारण उहाँ तिनीहरूको पहुँचबाहिरको हुनुहुन्थ्यो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्



**रोचक घटना नं. २७: प्रस्थान**

१. परमेश्वरले इस्राएलीहरूलाई लाल समुद्रमा कसरी डोर्‍याउनुभयो ?

२. प्रस्थान १४:१९-२० पढ्नुहोस् ।

३. बादल र आगो ।

४. परमेश्वरलाई उहाँको स्पष्ट निर्देशनको लागि प्रशंसा गर्नुहोस् ।

**रोचक घटना नं.२८: दश आज्ञाहरू**

१. तपाईंले दश आज्ञाहरू मध्येका कति वटा आज्ञाहरू भन्न सक्नुहुन्छ ?

२. प्रस्थान २०:१-१७ पढ्नुहोस् ।

३. जीउनको लागि परमेश्वरको नैतिक नियम ।

४. हामी जीउनको लागि परमेश्वरको आज्ञाहरू पालन गर्न सकौं भनेर प्रार्थना गरौं ।

**रोचक घटना नं २९: सुनको बाछ्रको विद्रोह**

१. कसरी हारूनले परमेश्वरको विरूद्ध त्यस्तो विद्रोह गर्न सके ?

२. प्रस्थान ३२:१-६ पढ्नुहोस् ।

३. हाम्रो सारा हृदयले परमेश्वरको अनुसरण गर्नु सजिलो काम होइन ।

४. हामी मध्ये कोहि पनि परमेश्वरको विरूद्ध अरूलाई विद्रोह गराउने कारण बन्न नपरोस् भनेर प्रार्थना गरौं ।

**पाठ शुरू गर्ने क्रियाकलाप: सोध्नु, पढ्नु, कुरा गर्नु, प्रार्थना गर्नु**

अघिल्लो ३ वटा पाठहरूबाटको राम्रो समीक्षा गर्ने तरिकाले चारवटा मूख्य तत्वहरूमा ध्यान केन्द्रित गर्दछ ।

१. प्रश्न सोध्ने ।

२. बाइबल पढ्ने ।

३. यस विषयमा कुरा गर्ने ।

४. परमेश्वरलाई प्रार्थना गर्ने ।

## ३) पाठ सिकाउनुहोस्

के तपाईंले कहिल्यै कुनै यस्तो ठाउँ देख्नुभएको छ जहाँ मानिसहरूले पूजा गर्दछन् ? तपाईंले विभिन्न धर्मावलम्वीहरूले पूजा गर्ने ठाउँहरूमा के के भिन्नताहरू पाउनुभएको छ ?

ईसाईहरूले आराधना गर्ने ठाउँमा तपाईंले अपेक्षा गर्ने केहि चीजहरू के के हुन् ?

## कथा भन्नुहोस्

सुन्दर दक्षिण इस्राएलमा रहेको पवित्र वासस्थान वा भेट हुने पालको भ्रमणमा तपाईंहरूलाई स्वागत छ। म तपाईंहरूलाई पवित्र वासस्थान वा भेट हुने पालको क्षेत्र देखाउन चाहान्छु जहाँ परमेश्वर आफ्ना मानिसहरूको बीचमा वास गर्नुभयो । म खुशी छु कि तपाईंहरू धेरैजना आज यो भ्रमणको लागि आउन सक्नुभयो । कृपया कुनै प्रश्नहरू सोध्न नहिचकिचाउनु होला ।

जसै हामी भेट हुने पालको बाहिर खडा हुन्छौं, तपाईंले एउटा बाक्लो पर्दा देख्नुहुनेछ जुन भेट हुने पालको सम्पूर्ण क्षेत्रको वरिपरी घेरिएको छ । सात फिट भन्दा बढी उचाई भएको पवित्र वासस्थान वा भेट हुने पालको लम्बाई करिब १५० फिट र चौडाई करिब ७५ फिटको छ । तपाईंहरूले देख्ने जस्तै, यो कुनै स्थायी प्रकारको भवन थिएन । किनकि जसै उनीहरू यात्रा गर्दथे परमेश्वर आफ्ना जनहरूको बीचमा वास गर्न चाहानुहुन्थ्यो । यसैकारणले भेट हुने पालको उपकरण र औजार, सर-सामानहरू बोक्न र झार्नको लागि धेरै कामदारहरू चाहिने हुन्थ्यो ।

जब हामी भेट हुने पालभित्र प्रवेश गर्दछौं तब हामीले देख्ने पहिलो चीज भनेको काँसको वेदी हो । काँसको वेदी त्यो वेदी हो जहाँ मानिसहरूले ल्याएका दुवै होमबलिहरू र अन्नबलिहरू चढाइन्थ्यो । यहाँ धेरै पशुहरूको बलि चढाईने भएको कारणले गर्दा पुजाहारीले त्यो सबै फोहोरहरू राम्रोसँग सफा गर्न अत्यन्त सावधानी अपनाउनु पर्थ्यो ।

जसै हामी भेट हुने पाल भित्र अघि बढ्छौं हामी त्यहाँ काँसाको भाँडा देख्छौं । त्यहिँ नै पुजाहारीहरूले आफ्ना हात र पाउ सफा गर्ने गर्दथे । उनीहरू केहि अघि बढ्नुभन्दा अगाडी परमेश्वरले उनीहरू शुद्ध भएको चाहानुहन्थ्यो । तिनीहरूका पापहरू वेदीमा राखिन्थ्यो र तिनीहरूका शरीरहरू अब शुद्ध हुन्थे ।

जब हामी भेट हुने पालको अझ केहि आगाडी जान्छौं हामी दुईवटा कोठाहरू देख्छौं । पहिलो कोठालाई पवित्र स्थान भनिन्थ्यो र त्यहाँ काठका तीनवटा टुक्राहरू देख्न सक्छौं । दाहिने तर्फ तल एउटा टेबल देख्नुहुनेछ । त्यस टेबल माथि तपाईंले १२ रोटिहरू चाङ लगाएर राखिएको देख्नुहुनेछ। यसले इस्राएलका १२ कुलहरू बीचको सङ्गतिलाई जनाउँदछ। टेबलको पारी तपाईंले सुनको सामदानलाई देख्नुहुनेछ । यो एउटा सुन्दर रूख जस्तो देखिन्छ र यसले हामीलाई अदनको बँगैचामा भएको जीवनको रूखको स्मरण गराउँदछ। यो पहिलो कोठामा देखिने अन्तिम चीज भनेको सुनको जलप लगाइएको काठको वेदी हो जसमा धूप जलाईन्थ्यो । जलाईने धूप आराधनाको रूप थियो; जुन पुजाहारीले मात्र गर्न सक्थे ।

दोस्रो कोठालाई चाहिँ महापवित्र स्थान भनिन्थ्यो । यो एउटा एकदम विशेष ठाउँ थियो जहाँ काठलाई सुनले मोहोरेर बनाइएको एउटा सन्दुक राखिएको थियो । यसमा परमेश्वरले मोशालाई दिनुभएको व्यवस्थाहरूको लिपि थियो । ढक्कनमा भएका सुनका करूबहरू वा स्वर्गदूतहरूलाई याद गर्नुहोस् । यो सन्दुक परमेश्वरको उपस्थितिको मूख्य प्रतिक थियो । यो प्रतिबन्धित क्षेत्र थियो । केवल प्रधान पूजाहारीले मात्र यस कोठामा प्रवेश गर्न पाउँथे र उसले यो वर्षको एक पटक मात्र गर्न पाउँथ्यो । त्यसैले भेट हुने पालले परमेश्वर आफ्ना जनहरू बीच वास गर्नुहुन्छ भन्ने कुरा देखाउँदछ । यसले परमेश्वर पवित्र हुनुहुन्छ र हामी आफ्नो पापको लागि के गर्न सक्छौं भन्ने कुरा देखाउँदछ ।

**कथा भन्ने क्रियाकलापः भ्रमण मार्गदर्शक**

शिक्षकले यो पाठ बताउनको लागि भ्रमण मार्गदर्शकको रूपमा अभिनय गर्नुपर्दछ । जसरी भ्रमण मार्गदर्शक भेट हुने पाल वा पवित्र वासस्थान भएर जाँदछ त्यसरी नै शिक्षकले के देखे र त्यो त्यहाँ किन छ भनेर वर्णन गर्नुहुनेछ ।

अन्तमा तपाईंको भ्रमणको बारेमा बालबालिकाहरूलाई प्रश्न सोध्न दिनुहोस् । तपाईंले प्रत्येक “भ्रमण गर्ने व्यक्तिको” लागि “भेट हुने पालको टिकट” प्रिन्ट गर्न पनि सक्नुहुन्छ ।

पवित्र वासस्थान वा भेट हुने पालमा भएका चीजहरूको नक्कल पनि राख्न सकिन्छ । जब तपाईंले बालबालिकाहरूलाई भ्रमण गराउनुहुन्छ, तपाईंले भेट हुने पालमा भएका जस्तै समानहरू तपाईंको कक्षाको लागि हेर्नलाई राख्न सक्नुहुन्छ । उनीहरूलाई प्रश्नहरू सोध्न दिनुहोस् ।

## कण्ठ गर्नुपर्ने पद

**प्रस्थान ४०:३४ (टि.बी.एस)** - तब बादलले भेट हुने पाललाई ढाक्यो र परमप्रभुको महिमाले निवास्थानलाई भरिदियो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति “पिता अब्राहामका धेरै सन्तान” बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

प्रत्येक बालबालिकाहरूलाई एउटा रंगिन कागजको पाना, बाइबल पद, क्राफ्ट स्टिकहरू र गम दिनुहोस् । उनीहरूको कागजमा बाइबलको पदलाई लेखेर टाँस्न दिनुहोस् । उनीहरूले बाइबल पद टाँस्दै गर्दा उनीहरूको वरिपरी जानुहोस् र प्रत्येकको नाम उसको कागजमा लेख्न लगाउनुहोस् । त्यसपछि, क्राफ्ट स्टिकलाई उनीहरूको कागजमा भवनको आकारमा कसरी टाँस्ने भनेर देखाउनुहोस् (प्रत्येकको भवन फरक देखिन सक्छ - उनीहरूको सृजनशिलतालाई प्रोत्साहन गर्नुहोस्) । कागजको बाँकी नचाहिने भागलाई कसरी च्यात्ने र उनीहरूको भवनमा कसरी गम टाँस्ने भनेर देखाउनुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

सहमत/असहमत भनाईहरू (यदि तपाईं असहमत हुनुहुन्छ भने, किन असहमत हुनुहुन्छ ?)

१. भेट हुने पाल वा पवित्र वासस्थान ७५ फिट भन्दा अग्लो थियो (असहमत । यो ७.५ फिट अग्लो थियो )

२. भेट हुने पालमा हात खुट्टा धुन राखिएको भाँडा सुनले बनिएको थियो । (असहमत । यो काँसोले बनेको थियो ।)

**कण्ठ गर्नुपर्ने पद**
**क्रियाकलापः उफ्रनुहोस्**

कण्ठ गर्ने पदको वाक्याशंहरूलाई ठूला ठूला अक्षरहरूमा कागजको पानाहरूमा लेख्नुहोस् । ती पदका वाक्याशंहरू लेखिएको कागजहरूलाई मिश्रित रूपमा एक पाईलामा भेट्न सकिने गरि टेपले भुईंमा टाँस्नुहोस् । बालबालिकाहरूले ती वाक्याशंहरू उच्चारण गर्दै एक पटकमा एउटा वाक्याशंमा क्रम मिलाउदै टेक्नु पर्नेछ । प्रत्येक बालबालिकाहरूलाई यो क्रियाकलाप गर्ने मौका दिनुहोस् ।

**बाइबल**
**क्रियाकलाप**

आज हाम्रो बाइबल कथामा इस्राएलका मानिसहरूले एउटा भेट हुने पाल वा पवित्र वासस्थान बनाए (परमेश्वरलाई भेट्ने एउटा ठाउँ) ताकी परमेश्वरलाई आराधना गर्नलाई उनीहरूको लागि एउटा ठाउँ होस् । हाम्रो आफ्नै पवित्रस्थान निर्माण गरौं ।

३. भेट हुने पाल इस्राएलीहरूको पालको बीचमा अवस्थित थियो किनकि परमेश्वर उहाँका मानिसहरूका बीचमा वास गर्न चाहानुहुन्थ्यो । (सहमत)

४. बाह्र रोटिहरूले बाह्र फरक फुटबल समूहहरूलाई जनाउँदछ । (असहमत । बाह्र रोटिले इस्राएलको बाह्र कुलको बीचमा भएको सङ्गतिलाई जनाउँदछ ।)

५. भेट हुने पालमा प्रवेश गर्दा तपाईंले पहिले देख्ने चीज पवित्र स्थान वा महापवित्रस्थान हो । (असहमत । भेट हुने पालमा प्रवेश गर्दा तपाईंले देख्नुहुने पहिलो चीज काँसाको वेदी हो ।)

६. पवित्र वासस्थानभित्र धेरै कोठाहरू थियो । (असहमत । त्यहाँ दुई कोठाहरू मात्र थिए; एउटा पवित्रस्थान र अर्को महापवित्रस्थान ।)

## ५) पाठ लागु गर्नुहोस्

भेट हुने पाल वा पवित्र वासस्थान एउटा विशेष ठाउँ थियो किनकि यसले परमेश्वरको उपस्थितिको प्रतिनिधित्व गर्दथ्यो । तपाईं भेट हुने पालमा (परमेश्वरको उपस्थितिमा) बिना भेटि आउन सक्नुहुन्न ।

यदि तपाईं वास्तवमै परमेश्वरको उपस्थितिमा हुन चाहानुहुन्छ भने एउटा यस्तो भेटिको नाम दिनुहोस् जुन तपाईं परमेश्वरमा ल्याउन चाहानुहुन्छ र त्यो भेटि परमेश्वरले स्वीकार्नु हुन्छ भन्ने तपाईंलाई लाग्छ । मानिसहरूले ल्याउने केहि भेटिहरू के के हुन् जुन परमेश्वरले स्वीकार्नुहुन्न भन्ने तपाईंलाई लाग्छ ?

परमेश्वरमा यस्तो भेटि नल्याउनुहोस् जुन तपाईंलाई मनपर्ने चीज वा विचार हो । मात्र यस्तो भेटि परमेश्वरमा ल्याउनुहोस् जुन तपाईंलाई लाग्छ कि उहाँले स्वीकार्नु हुन्छ । त्यो भेटि के हो ?

**कथाको मूख्य सारः इस्राएलीहरूले परमेश्वरलाई भेट्न सकून् र क्षमादानको लागि बलिदान चढाउन सकून् भनि उहाँले एउटा पाल निर्माण गर्ने आज्ञा दिनुभयो ।**

**शिक्षक साहयता**

**पाठको समीक्षा गर्ने क्रियाकलापः सहमत र असहमत भनाईहरू**

यी भनाईहरूमा सहमती वा असहमती जनाउनको लागि बालबालिकाहरूले एकदमै रमाइलो मान्नेछन् । उनीहरूलाई सहमती वा असहमती जनाउनको लागि तपाईंको आफ्नै केहि थप भनाईहरू पनि राख्न सक्नुहुन्छ ।

# रोचक घटना नं ३१
# लेवी १:१-९

**कथाको मूख्य सारः पवित्र परमेश्वरलाई आराधना गर्न बलिदान चढाउनु आवश्यक थियो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- इस्राएलीहरूसँग परमेश्वरको आराधना गर्नको लागि भेट हुने पाल वा पवित्र वासस्थान थियो । अब, उनीहरूको बीचमा वास गर्ने उही पवित्र परमेश्वरको आराधना कसरी गर्ने भनेर उनीहरूले जान्नु आवश्यक थियो ।
- लेवीको पुस्तकले इस्राएलीहरूलाई एक पवित्र परमेश्वरको उपस्थितिमा कसरी जिउने भनेर निर्देशन दिएको थियो । लेवी १-७ ले इस्राएलीहरूले परमेश्वरलाई चढाउनुपर्ने पाँच प्रकारका बलिदानहरूको बारेमा बताउँदछ ।
- पहिलो बलिदान चाहिँ होम बलि भनिन्छ र यो लेवी १ अध्यायमा पाइन्छ । यसले परमप्रभुसँगको प्रतिज्ञा र पापबाटको शुद्धतालाई जनाउँदछ । एक मात्र पवित्र परमेश्वरलाई आराधना गर्नको लागि पवित्र मानिसलाई यी दुवै कुराहरूको आवश्यक थियो ।
- होमबलिको लागि पशुहरू साँढे, भेडा, ढुकुर वा परेवा हुनसक्छन् । ढुकुर र परेवा ती मानिसहरूको लागि थियो जसले ठूला पशुहरू ल्याउन सक्दैन थिए ।
- बलि ल्याउने व्यक्तिले आफ्नो हात पशुको टाउको माथि राख्थ्यो । यसले यो उसको भेटि वा बलि हो भन्ने संकेत गर्दथ्यो । पुजाहारीहरूले वेदीमा आगो बाल्नको लागि काठहरू जसरी राखिनुपर्ने थियो त्यसरी राखिएको छ कि छैन सो कुरा निश्चित गदर्थे । पशुको टुक्राहरू वेदीमा आगोद्वारा जलाईन्थ्यो ।
- होमबलि चढाउनुले परमेश्वरमा आफैलाई पूर्णरूले अर्पण गर्नु भन्ने कुरालाई संकेत गर्दछ ।
- अन्य बलिदानहरूको विपरित पशुको प्रत्येक भागहरू परमेश्वरको लागि मिठो बास्नाको रूपमा जलाइन्थ्यो ।
- अब्राहामले यसलाई परमेश्वरको सर्वोच्चता व्यक्त गर्न प्रयोग गरेका थिए ।
- मोशाले यसलाई परमेश्वरको आराधना गर्नलाई प्रयोग गरेका थिए ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

हामी ती युगहरू र समय अवधिहरूको समीक्षा गर्नेछौं जुन हामीले गत दुई महिनामा अध्ययन गरिसकेका छौं ।

- यी समय अवधिहरूलाई क्रमबद्ध रूपमा राख्नुहोस् ? (शुरूवातहरू र राष्ट्रको शुरूवात)

- हामीले प्रत्येक युगमा भेटेका केहि व्यक्तिहरू को को हुन् ?
  १) शुरूवातहरू: आदम र हव्वा
  २) शुरूवातहरू: लुसिफर, कयिन र हाबिल
  ३) शुरूवातहरू: नोआ
  ४) शुरूवातहरू: झुटा देवताहरूको पुजा गर्ने व्यक्तिहरू
  ५) राष्ट्रको शुरूवात: अब्राहाम, सारा, इसाहाक, रिबेका, याकूब र युसूफ
  ६) राष्ट्रको शुरूवात: मोशा र फारो

- यी व्यक्तिहरूमा भएका केहि समान कुराहरू के के हुन् ?
  १) आदम, हाबिल, नोआ, अब्राहाम र मोशासँग यस्ता क्षणहरू थिए जब उनीहरूले परमेश्वरमाथि आफ्नो विशेष विश्वास राखेका थिए ।
  २) बलिदानको आवाश्यकता परेको एउटा भेटि । (आदम, हाबिल, अब्राहाम र मोशा)
  ३) यी व्यक्तिहरूले शैतानद्वारा परिक्षा र आक्रमणको सामना गर्नुपरको थियो । (आदम, हव्वा, कयिन, नोआको समयका मानिसहरू, झुटा देवताहरूका पुजा गर्ने व्यक्तिहरू, अब्राहाम, सारा, मोशा र फारो)

- यी मानिसहरूलाई परमेश्वरले प्रदान गर्नुभएको केहि तरिकाहरू के के हुन् ? (परमेश्वरले आदम र हव्वालाई लुगा दिनुभयो, परमेश्वरले नोआलाई जलप्रलयबाट बचाउनलाई एउटा विशेष जाहाज दिनुभयो, परमेश्वरले अब्राहामलाई मोरियाह पर्वतमा बलि चढाउनलाई एउटा थुमा (भेडा) दिनुभयो र परमेश्वरले मोशालाई फारोका सेनाहरूबाट सुरक्षा दिनुभयो ।)

## ३) पाठ सिकाउनुहोस्

मानौं कि तपाईंले कुनै अपराध गर्नुभयो: तपाईंले केहि चोर्नुभयो । र मानौं त्यो अपराधको लागि त्यहाँ कुनै सजाय थियो...तपाईंले बाँकी जीवन जेल जानु पर्ने थियो ! मानौं कि कसैले तपाईंलाई जेलमा उसले तपाईंको ठाउँ लिनेछ र तपाईं स्वतन्त्र हुन सक्नुहुन्छ भन्यो । तपाईंले कस्तो महसुस गर्नहुन्छ ? किन ?

**शिक्षक साहयता**

**पाठ शुरू गर्ने क्रियाकलाप: बल टस**

आफ्नो कक्षाका विद्यार्थीहरूलाई गोलो घेरामा बस्न लगाएर एउटा कुनै पनि प्रकारको बल दिनुहोस् । उक्त बल पालैसँग एकअर्कालाई गुडाएर दिन लगाउनुहोस् । जब कुनै बालबालिकाले बल समाउँछ, त्यस बालबालिकालाई प्रश्नको पहिलो भागको उत्तर दिन लगाउनुहोस् । यदि उनीहरूले गलत जवाफ दिएको खण्डमा त्यहि बेला उत्तर सच्याउने कार्य नगर्नुहोस् । उक्त बालबालिकालाई अर्को प्रश्नको लागि बल अर्को बालबालिकातर्फ गुडाउन लगाउनुहोस् ।

## कथा भन्नुहोस्

म एउटा गरिब परिवारबाट आएको हुँ । हामीसँग धेरै सम्पत्ति थिएन । मलाई हामी गरिब छौं भनेर थाहा पनि थिएन । मलाई मेरो साथीहरूसँग खेल्न मन पर्थ्यो जो मेरो नजिकै बस्दथे । हामी सबै सधैं उजाडस्थानको बाटो हिँडीरहेका थियौं । हामीले हाम्रो बुबाआमालाई अन्त कतै सर्नको लागि सबै तयार गर्न मद्दत गर्नुपर्थ्यो । अर्को ठाउँ नपुगेसम्म हामीले हाम्रा केहि लुगाफाटाहरू पनि बोक्नुपर्थ्यो । हामी कहाँ जाँदैछौं भनेर हामीलाई थाहा थिएन । हामीले मात्र हाम्रो आमाबुबालाई पछ्यायौं ।

हामीले मिश्र छोडेपछि मैले थाहा पाएँ कि परमेश्वर हामी सबैको बीचमा वास गर्न वा रहन चाहानुहुन्छ । त्यहाँ लाखौं व्यक्तिहरू थिए तर परमेश्वर हाम्रो पालको बीचमा बस्न चाहानुभयो । कतिपय मानिसहरूले परमेश्वरको आराधना गर्न विशेष ठाउँ पनि बनाए; तिनीहरूले यसलाई "भेट हुने पाल वा पवित्र वासस्थान" भने । म पवित्र वासस्थान जान सकिन तर मेरो बुबाआमा चाहिँ जानुभयो । वास्तवमा उहाँहरू पनि महापवित्र स्थान भित्र प्रवेश भने गर्न पाउनु भएन, केवल आँगनभित्र मात्र प्रवेश गर्न पाउनुभयो । एक पुजाहारी मात्र थिए जो महापवित्र स्थानमा प्रवेश गर्न पाउँथे र त्यो पनि मात्र वर्षमा एक पटक ।

हामी गरिब भएको कारण हामीले अरू केहि परिवारहरूले जस्तो गरि साँढे बलिदान दिन सकेनौं । तपाईंहरूलाई थाहै छ, साँढे महँगो हुन्छ र मेरो परिवारले त्यो कहिल्यै दिन सक्षम भएन । मलाई यसले फरक पार्दैन कि हामी केहि चीजहरू किन्न सक्षम भएनौं जुन मेरा साथीहरूका बुबाआमाले किन्न सक्थे । तर मैले मेरो परिवारको भेटीको बारेमा साँच्चिकै केहि रोचक कुरा भेट्टाएँ र म तपाईंहरूलाई त्यसको बारेमा भन्न चाहान्छु ।

परमेश्वरले हाम्रा अगुवाहरूलाई बताउनुभयो कि हामी सबैले परमेश्वरलाई बलिदानको रूपमा ढुकुर वा परेवा पनि चढाउन सक्छौं । हामीले महँगो बलिदान जस्तै साँढे, भेडा वा बाखा चढाउनु परेन । मैले थाहा पाएँ कि परमेश्वरले हामीले हाम्रो उत्तम भेटि ल्याएको मात्र चाहानुहुन्छ । यदि हामीले महँगो भेटि ल्याउन सकेनौं भने पनि हामीले यस्तो भेटि ल्याउन सक्थ्यौं जसको लागि धेरै खर्च लाग्दैन थियो । हामीले मात्र हाम्रो उत्तम भेटि ल्याउनुपर्थ्यो । परमेश्वरले चाहानुभएको यही नै थियो ।

मैले परमेश्वरको बारेमा यहि सिकें । उहाँले मलाई यति धेरै माया गर्नुभयो कि उहाँको उपस्थितिमा जानको लागि म धनी वा प्रख्यात हुनुपर्दैन थियो । उहाँले म जस्तो छु त्यस्तै नै मन पराउनुभयो । उहाँको केवल एउटा आवश्यकता थियो: हामीले ल्याउन सक्ने उत्तम भेटि उहाँमा ल्याउनु र यही कुरा नै मेरा बुबाआमाले गर्नुभयो...उहाँहरूले उत्तम भेटि ल्याउनुभयो जुन उहाँहरूले ल्याउन सक्नुहुन्थ्यो ।

यसले मलाई राति राम्ररी सुत्न मद्दत गर्नेछ किनभने मलाई थाहा छ कि परमेश्वरले मेरो परिवारलाई साँच्चै नै मन पराउनुहुन्छ । मलाई थाहा छ कि उहाँ पवित्र हुनुहुन्छ त्यसैले हामीले उहाँमा पवित्र भेटि ल्याएको उहाँले चाहानुहुन्छ । तर मलाई यो पनि थाहा छ कि उहाँ दयालु हुनुहुन्छ । त्यसैले यदि तपाईं मेरा साथीहरू जस्तो धनी हुनुहुन्छ र साँढे, भेडा वा बाखा बलि चढाउनका निम्ति सक्नुहुन्छ वा तपाईं हामी जस्तो गरिब हुनुहुन्छ र एउटा परेवा ल्याउन सक्नुहुन्छ, भने परमेश्वरले उहाँको आराधना गर्न हामीबाट मात्र एउटा उत्तम बलिदानको अपेक्षा गर्नुहुन्छ । मैले भेट हुने पाल बाट यो कुरा सिकें कि उहाँले सबैलाई प्रेम गर्नुहुन्छ र यदि हामी क्षमा माग्छौं भने उहाँ हाम्रो पापहरू क्षमा गर्न चाहानुहुन्छ ।

**कथा भन्ने क्रियाकलापः उजाड स्थानमा पहिलो व्यक्ति बालबालिका**

यो कथा बालबालिकाले ऊ उजाडस्थानमा भौतारिरहेको बालबालिका थियो वा थिइन् भनेर बताउन सक्ने जस्तो गरी बनाइएको कथा हो । शिक्षकले कथा भन्न सक्दछन् वा तपाईंले कुनै एक बालबालिकालाई उनीहरू त्यहाँ उजाडस्थानमा नै भएको जस्तै गरी कथा भन्न लगाउन सक्नुहुन्छ ।

## कण्ठ गर्नुपर्ने पद

**लेवी १७:११ (टि.बी.एस)** - किनकि प्राणीको प्राण रगतमा हुन्छ; अनि मैले त्यो रगत तिमीहरूका प्राणहरूका निम्ति वेदीमाथि प्रायश्चित गर्न भनी तिमीहरूलाई दिएको छु; किनकि रगतले नै प्राणका निम्ति प्रायश्चित गर्छ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

हामी सँगै मिलेर यो निर्णयको कति वटा उदाहरणहरू सोच्न सक्दछौँ भनि हेरौँ। पहिलो समूहलाई यी नामहरू लेखिएको कागज दिनुहोस्: कयिन र हाबिल, आदम र हव्वा, लुसिफ़र। दोस्रो समूहलाई यी नाम दिनुहोस्: नोआ, अब्राहाम, मोशा। बालबालिकाहरूले प्रत्येक व्यक्तिले निर्णय गर्नुपरेको दुई विकल्पहरू निकाल्नको लागि सँगै काम गर्नुपर्दछ। उदाहरणको लागि कयिन र हाबिल दुवैको भेटि थियो, कयिनको खेतीपातीहरू थियो (मानिसको तरिका) र हाबिलको एउटा भेडा थियो (परमेश्वरको तरिका)। उनीहरूको सूचीमा प्रत्येक व्यक्तिको लागि २ उत्तरहरू हुनुपर्दछ। जब उनीहरूले सक्नेछन् तब समूह १को अगुवाले समूह २ को लागि "परमेश्वरको तरिका" वा "मानिसको तरिका" हो भन्नको लागि समूह १को प्रश्नहरू पढ्नेछ वा सोध्नेछ। उदाहरणको लागि समूह १ का अगुवाले भन्नेछ, आदम र हव्वा - "उनीहरूले चाहेको जुनसुकै रूखबाट खानु" समूह २ ले "मानिसको तरिका !" भनेर जवाफ दिनेछ। समूह १ को अगुवाले त्यसपछि भन्नेछः "बगैंचाको असल खराबको रूख बाहेक जुनसुकै रूखबाट खानु" समूह २ ले भन्नेछ "परमेश्वरको तरिका !" बाइबलका मानिसहरूले सधैँ परमेश्वरको आज्ञाहरू बुझ्दैनन् तर तिनीहरूले अझै पनि आज्ञापालन गरेको र परमेश्वरको तरिका अनुसारको काम गरेको अपेक्षा गरियो भन्ने कुरामा जोड दिनुहोस्। तिनीहरूले कि त परमेश्वरमा विश्वास गर्ने छनौट गरे र उहाँको आज्ञापालन गरे वा तिनीहरूले आफ्नै विचारहरू पछ्याउन छनौट गरे चाहे त्यो परमेश्वरमा अनाज्ञाकारिता नै किन नहोस्। परमेश्वर सधैँ विश्वास गरिन योग्यको हुनुहुन्छ ! उहाँ प्रेमिलो र असल हुनुहुन्छ, उहाँका आज्ञाहरू हाम्रा सुरक्षाको लागि हुन् र यसले सधैँ आशिष् ल्याउँदछ।

### पद कण्ठ गराउने क्रियाकलापः शब्दको मिश्रण

प्रत्येक शब्दलाई एउटा एउटा कागजको टुक्राहरूमा लेखेर ती सबै कागजको टुक्राहरूलाई एकै ठाउँमा मिसाउनुहोस्। त्यसपछि, बालबालिकाहरूलाई ती शब्दहरू खोजेर सही क्रममा मिलाउन लगाउनुहोस्।

### बाइबल क्रियाकलाप

तपाईंको कक्षालाई २ समूहमा विभाजन गर्नुहोस्। प्रत्येक समूहको लागि एउटा अगुवा नियुक्त गर्नुहोस्। आज हामी एउटा खेल खेल्दै छौं जसलाई "परमेश्वरको तरिका वा मानिसको तरिका" भनिन्छ। यो भन्नुहोस्: हामीले बाइबलमा थुप्रै व्यक्तिहरूको बारेमा सिक्यौँ जसले यो छनौट गर्नुपर्‍यो। के उनीहरू आफ्ना कामहरू परमेश्वरको तरिकामा वा मानिसहरूको तरिकामा गर्न लागेका थिए ?

## ४) पाठको समीक्षा गर्नुहोस्

यो पाठको मूल विषय यो हो: परमेश्वरको आराधना गर्न प्रतिस्थापनको बलि आवश्यक थियो । किनकि हामी बाइबलको एउटा महान् कथा भन्दैछौं, बाइबलबाटका अरू के के उदाहरणहरूले यहि प्रतिस्थापन बलिदानको कथालाई देखाउँदछन् ?

१. आदम र हव्वा । एउटा पशु मर्नुपरेको थियो ताकि आदम र हव्वाले उनीहरूको लाज ढाक्नको लागि लुगा लगाउन सकुन् ।

२. कयिन र हाबिल । एउटा पशु मर्नुपरेको थियो ताकि हाबिलले परमेश्वरको लागि ग्रहणयोग्य भेटि ल्याउन सकुन् ।

३. अब्राहाम र इसाहाक । इसाहाक मोरियाह पर्वतमा नमरून् भनेर एउटा पशु मर्नुपरेको थियो ।

४. उजाड स्थानमा पवित्र वासस्थान वा भेट हुने पाल । मानिसहरूले परमेश्वरबाट क्षमा पाउनको लागि एउटा पशु बलिदान हुनुपरेको थियो ।

**पाठको समीक्षाको क्रियाकलाप : महान् कथा**

यहाँसम्म हामीले धर्मशास्त्रमा पाउने प्रतिस्थापनको बलिदानका कम्तिमा चारवटा उदाहरणहरू अध्ययन गर्यौं । के तपाईं त्यसका नामहरू भन्न सक्नुहुन्छ ?

तपाईंले ती सबै चार उदाहरणहरू भनिसकेपछि बालबालिकाहरूलाई प्रत्येक कथामा प्रतिस्थापन बलिदान हुँदा के भयो सो बताउन लगाउनुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

परमेश्वरलाई आराधना गर्न वा उपासना गर्नको लागि हामी उहाँसँग र अन्य व्यक्तिहरूसँग ठिक हुनुपर्दछ । के तपाईंले केहि त्यस्तो गर्नुभएको छ जसको लागि तपाईंलाई परमेश्वरबाट वा मानिसहरूबाट क्षमा चाहिन्छ ? साँचो आराधनाले परमेश्वर र हाम्रो पापीपनलाई पहिचान गर्ने कुरालाई समावेश गर्दछ । पापी मानिसहरूलाई क्षमा चाहिन्छ । यदि तपाईंलाई परमेश्वरबाट क्षमा पाउनु आवश्यक छ भने तपाईंले के गर्नुहुन्छ ? यदि तपाईंलाई मानिसहरूबाट क्षमा पाउनु आवाश्यक छ भने तपाईंले के गर्नुहुन्छ ? परमेश्वरको साँचो आराधकले क्षमादानलाई खोज्छन् ।

**कथाको मूख्य सारः पवित्र परमेश्वरलाई आराधना गर्न बलिदान चढाउनु आवश्यक थियो ।**

# रोचक घटना नं ३२

# लेवी १६:६-३४

**कथाको मूख्य सार: परमेश्वरका मानिसहरूको पाप तिनीहरूबाट हटाउन सकिन्थ्यो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- मानिसहरूले स्वाभाविक रूपमा पाप गर्छन् र मानिसहरूले प्राय: पाप गर्दछन् । तिनीहरूलाई क्षमा चाहिन्छ र तिनीहरू पापबाट शुद्ध हुन आवश्यक छ। शुद्धिकरण र क्षमा दुवै पूरा गर्नको लागि रगतको बलिदानको आवश्यकता थियो ।
- लेवी १-७ ले प्रायश्चित, क्षमा, सङ्गति, पुनरूत्थान, प्रतिज्ञा र आराधनाको विवरण दिँदछ ।
- लेवी ८-१० ले पुजाहारीहरू कसरी नियुक्त गरिन्छन् भनेर वर्णन गर्दछ ।
- लेवी ११-१५ ले कुन परिस्थितिले मानिसहरूलाई अशुद्ध बनाउँदछ भनेर बताउँदछ।
- लेवी १६ ले शुद्धिकरण र क्षमाको लागि वार्षिक प्रायश्चितको दिनको वर्णन गर्दछ।
- लेवी १७ ले प्रायश्चित र क्षमाको लागि किन रगतको आवश्यकता थियो भन्ने कुराको वर्णन गर्दछ ।
- प्रायश्चितको वार्षिक दिन सेप्टेम्बरको अन्तमा वा अक्टुबरको शुरूमा हुन्छ र जसलाई योम किप्पुर (*Yom Kippur*) भनिन्छ ।
- प्रायश्चितको दिन मात्र एउटा यस्तो दिन थियो जुन दिन मात्र प्रधान पुजाहारी महापवित्र स्थानमा प्रवेश गर्न सक्थे। अरू कसैलाई पनि भित्र प्रवेश गर्ने अनुमति थिएन ।
- प्रधान पुजाहारीले पहिला आफ्नै पापको लागि साँढे चढाउनु पर्थ्यो । त्यसपछि तिनले रगत र केहि तातो कोइला सहितको धूप भेट हुने पालमा ल्याउनुपर्थ्यो । त्यसपछि तिनले कोइलाहरूलाई सुनको धूप वेदीमा राखेर उनको र करारको सन्दुकको बीचमा धुवाँको बादल बनाउनु पर्थ्यो। जब त्यो बादल उनको सामुन्ने हुन्थ्यो उनी महापवित्र स्थानमा प्रवेश गरेर साँढेको रगत छर्किनुपर्थ्यो जसलाई कृपा आसनको रूपमा चिनिन्छ। यसपछि उनले आफ्ना परिवारको पापलाई धुने काम गर्नुपर्थ्यो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ। शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ। क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ। जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ। यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

तपाईँहरू बाइबलको एउटा महान् कथा सिक्दै हुनुहुन्छ भनि तपाईँको कक्षालाई स्मरण गराउनुहोस् । जबकि बाइबलमा धेरै कथाहरू छन्, ती सबै कथाहरू बाइबलको एउटा मुख्य विषयसँग वा कथासँग सम्बन्धित छन् । यो एउटा आशाको कथा हो । त्यसैकारण, तपाईँको विद्यार्थीहरूलाई त्यो कथा बुझ्नको लागि र सबै पाठहरूलाई एकसाथ मिलाउनको लागि सहायता गर्न, हामी अगाडिका पाठहरूको समीक्षा गर्नेछौँ । "**हामीले बाइबलमा अध्ययन गरेका मुख्य घटनाहरू के के हुन् ?**" भनेर सोध्नुहोस् ।

- परमेश्वर सधैँ हुनुहुन्थ्यो र उहाँ धेरै शक्तिशाली हुनुहुन्छ ।
- परमेश्वरले पृथ्वी र यसमा भएका सबैथोक सृष्टि गर्नुभयो ।
- परमेश्वरले मानिसहरूलाई उहाँको विशेष मित्रहरू हुनको लागि सृष्टि गर्नुभयो ।
- लुसिफरले परमेश्वरको विरूद्ध विद्रोह गऱ्यो र एक तिहाई स्वर्गदूतहरूले पनि उसलाई पछ्याएका थिए ।
- लुसिफर, वा शैतानले हव्वालाई छल गऱ्यो । हव्वा र आदम परमेश्वरप्रति अनाज्ञाकारी भई पाप गरे ।
- परमेश्वरले पृथ्वीमा भएका सबै कुरा नष्ट गर्नको लागि विश्वव्यापी जलप्रलय ल्याउनुभयो तर परमेश्वरले नोआ र उनको परिवार सहित जहाजमा अन्य प्राणीहरूलाई बचाउने निर्णय गर्नुभयो किनकि नोआ एक धर्मी व्यक्ति थिए ।
- परमेश्वरले अब्राहामलाई विशेष प्रतिज्ञाहरू गर्नुभयो ।
- अब्राहामले मोरियाह पर्वतमा उनको छोरा, इसाहाकको सट्टामा एउटा पाठो बलि चढाए, जुन परमेश्वरले जुटाउनुभएको थियो ।
- याकूबले परमेश्वरको दूतसँग कुस्ती लडेर एउटा नयाँ नाम, इस्राएल प्राप्त गरेका थिए ।
- इस्राएलीहरू मिश्रमा ४३० वर्ष सम्म बसोवास गरेका थिए ।
- परमेश्वरले मिश्रमा विशेष विपत्तिहरू पठाउनुभयो र इस्राएलीहरूलाई छुटाएर त्यहाँबाट निकाल्नुभयो ।
- परमेश्वरले आत्मिक र नैतिक नियमको स्थापना गर्नुभयो जसलाई दश आज्ञाहरू भनिन्छ र जुन इस्राएलीहरूले पालन गर्नुपर्ने थियो ।

**पाठ शुरू गर्ने क्रियाकलापः मुख्य घटनाहरू**

समीक्षा गर्नु चाहिँ सिकाईको एउटा महत्वपूर्ण भाग हो । यहाँ १९ वटा घटनाहरू सूचीगत गरिएका छन् । प्रत्येक घटनाहरूलाई कागजको छुट्टा छुट्टै पानाहरूमा वा पोस्टरमा र बोर्डमा लेख्नुहोस् र बालबालिकाहरूलाई घटनाहरू क्रमैसँग मिलाएर राख्न लगाउनुहोस् । उनीहरूलाई २ वा ३ जनाको सानो समूहमा विभाजन भई सँगै मिलेर यो काम गर्न दिनुहोस् । प्रत्येक समूहले यी घटनाहरू सही क्रममा मिलाएर राख्नको लागि कति समय लिन्छन् सो हेर्नुहोस् । जित्ने समूहको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ ।

## ३) पाठ सिकाउनुहोस्

प्रदूषणले केहि कुरालाई हानीकारक वा काम नलाग्ने बनाईदिन्छ । यो नियमित रूपमा भएको पाइन्छ । जस्तै खाना कुनै किटानु वा फोहोरले दूषित हुन्छ तब त्यो काम नलाग्ने हुन्छ । त्यसरी नै पानीको स्रोत पनि रसायनले दूषित हुन्छ तब त्यो हानीकारक हुन्छ ।

हामीले पापी जीवन जिएको परमेश्वर चाहानुहुन्न । पापी जीवन दूषित जीवन हो । यसलाई रोक्नको लागि परमेश्वरले के गर्नुभएको छ ?

## कथा भन्नुहोस्

यो एउटा विशेष दिन थियो । यो दिन जस्तो वर्षमा अरू कुनै पनि दिन हुदैनथ्यो । यो त्यस्तो दिन हुने थियो जुन धेरै परिवारहरूले वर्षौंसम्म मनाएका थिए । यो प्रायश्चितको दिन थियो । यो दिन किन विशेष हो भनेर तपाईंलाई बताउनको लागि थोरै पृष्ठभूमिको जानकारी गराउन आवश्यकता पर्दछ ।

इस्राएलीहरूलाई जीउनको लागि भर्खरै एउटा विशेष नियमहरू दिइएको थियो, जसलाई दश आज्ञाहरू भनिन्थ्यो । अब उनीहरूसँग आराधना गर्ने ठाउँ, पवित्र वासस्थान वा भेट हुने पाल पनि थियो । यी दुईको बीचमा, परमेश्वरले उहाँ पवित्र हुनुहुन्छ र मानिसहरू अपवित्र वा पापी छन् भन्ने कुरा निर्धारण गर्नुभयो । परमेश्वरले मोशालाई प्रत्यक्ष रूपमा दश आज्ञाहरू दिएर र इस्राएलीहरूको बीचमा उपस्थित भएर उहाँ व्यक्तिगत परमेश्वर हुनुहुन्छ भनेर देखाउनुभयो । केहि मानिसहरूले अनुमान गरे जस्तो उहाँ अव्यक्तिगत हुनुहुन्थेन । उहाँ इस्राएलीहरूको लागि व्यक्तिगत हुनुहुन्थ्यो ।

किनकि परमेश्वर सबैको नजिक र व्यक्तिगत हुन चाहानुहुन्थ्यो त्यसैकारण उहाँले पुजाहारी लगायत सबैले आफ्ना पापहरूको प्रायश्चित गरेको चाहानुभयो । आराधना गर्ने ठाउँ हुनु मात्र पर्याप्त थिएन । दश आज्ञाहरू हुनु मात्र पनि पर्याप्त थिएन । तिनीहरू पापबाट क्षमा हुनु र शुद्ध हुनु आवश्यक थियो । दश आज्ञाहरू पालन गर्ने क्रममा, ती मध्येको एउटा आज्ञा उल्लङ्घन गरेको खण्डमा क्षमाको आवश्यकता पर्थ्यो भन्ने कुरा निर्धारण गऱ्यो । भेट हुने पालले कहाँ र कसरी पश्चात्ताप र क्षमा हुनुपर्थ्यो भन्ने कुरा निर्धारित गऱ्यो ।

त्यसैले वर्षको एक पटक, सेप्टेम्बरको अन्तिम वा अक्टुवरको शुरूवाततिर इस्राएलीहरूले परमेश्वरको आदर गर्ने गर्दथे । यस विशेष दिनमा पुजाहारीले महापवित्र स्थानमा प्रवेश गर्दथे । उनी प्रवेश गर्न सक्ने यो एक मात्र दिन थियो । यस विशेष दिनमा पुजाहारीले एउटा साँढे बलि चढाउँथे जसले उनको पापहरू र उनको परिवारको पापहरूको प्रायश्चित हुन्थ्यो । उनले हरेक वर्षको यस विशेष दिनमा यसो गर्नुपर्थ्यो । उनले र इस्राएलीहरूले परमेश्वरले दिनुभएका दश आज्ञाहरू, नियमहरू उल्लङ्घन गरेका हुँदा सहि ठाउँमा सहि कारणहरू सहितको सहि बलिदान ल्याएको खण्डमा परमेश्वरबाट क्षमा पाउँदथे ।

यस महान् दिनमा इस्राएलीहरूले पाप स्वीकार गर्दै विलाप गर्दथे किनकि परमेश्वरले उनीहरूप्रति दयालु र क्षमाशील हुने निर्णय गर्नुभएको थियो । यस प्रायश्चितको दिनबाट इस्राएलका मानिसहरूले परमेश्वरको चरित्रको बारेमा धेरै कुरा सिक्ने मौका पाएका थिए । उहाँ दयालु, प्रेमिलो हुनुहुन्छ र उचित भेटिको साथ उहाँलाई पुकार्ने सबैलाई क्षमा दिनुहुन्छ भनि उनीहरूले सिके । जस-जसले उहाँले दिनुभएको आज्ञाहरूको उल्लङ्घन गरेको भएतापनि उनीहरू पूर्ण रूपमा सखाप वा नष्ट चाहिँ हुदैंन थिए । यदि उनीहरूले पश्चात्ताप गरेको खण्डमा भने तिनीहरूलाई क्षमा गरिन्थ्यो । यस प्रायश्चितको दिनमा पापहरू हटाईन्थ्यो । यो अर्को वर्षसम्मको लागि अस्थायी रूपमा पाप हटाउने असल काम थियो । तर, पापहरू हटाउने काम निरन्तर भई नै रह्यो र यसको लागि इस्राएलीहरू धन्यवादी थिए ।

**कथा भन्ने**
**क्रियाकलापः विशेष दिन**

कथा भनिसके पछि बालबालिकाहरूले तपाईंलाई प्रायश्चितको दिनको बारेमा निम्न कुराहरू बताउन सक्छन् कि सक्दैनन् भनेर हेर्नुहोस्:

- कहाँ ? (भेट हुने पाल)
- को ? ( प्रधान पुजाहारी मात्र महापवित्र स्थानभित्र जान सक्थे)
- के ? (क्षमा र शुद्धिकरण)
- कहिले ? (सेटेम्बरको अन्तिम वा अक्टुबरको शुरूवातमा)
- किन ? (मानिसहरू पापी थिए र परमेश्वरबाट क्षमाको आवश्यकता थियो)

## कण्ठ गर्नुपर्ने पद

**लेवी १६:३० (टि.बी.एस)** - किनभने त्यसै दिन तिमीहरूलाई शुद्ध पार्नलाई तिमीहरूका निम्ति प्रायश्चित गरिन्छ । तब परमप्रभुको सामुन्ने सबै पापबाट तिमीहरू शुद्ध हुनेछौ ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

यस क्रियाकलापको उद्देश्य भनेको बालबालिकाहरूलाई पाप क्षमाको विषयमा बुझ्न मद्दत गर्नु हो । यदि सम्भव छ भने यस पाठको लागि कक्षामा ग्लोब ल्याउनुहोस् । यदि ग्लोब उपलब्ध छैन भने बलको प्रयोग गर्नुहोस् । हामी बसेको ठाउँबाट जति सक्दो टाढा उत्तरतिर जान चाहेको जस्तो गरौं । तपाईंको शहरको अनुमानित स्थान औंल्याउनुहोस् र उत्तरतिर यात्रा गर्न तपाईंको औंलाले तबसम्म देखाउनुहोस् जबसम्म तपाईंको औंला उत्तरी ध्रुवसम्म पुग्दैन । अब हामी जति सक्दो टाढा दक्षिणतिर जाऔं । (फेरि, तपाईं दक्षिणतिर दक्षिणी ध्रुवमा नपुगे सम्म आफ्नो औंलाले देखाउनुहोस्) । के तपाईं अझै उत्तरतिर जान सक्नुहुन्छ? (सक्नुहुन्न) के तपाईं अझै दक्षिण जान सक्नुहुन्छ? (सक्नुहुन्न) जब परमेश्वरले हाम्रो पाप क्षमा गर्नुहुन्छ तब उहाँले त्यसलाई सम्झिराख्नुहुन्न । यो बुझ्नलाई गाह्रो छ किनकि जब कसैले गल्ती गर्छ वा चोट पुऱ्याउँछ तब हामीलाई त्यो बिर्सन गाह्रो हुन्छ । हामी उनीहरूलाई क्षमा गर्न सक्दो कोसिस गर्न सक्छौं तर परमेश्वरले गर्नुभए जस्तो सदाका लागि बिर्सनु हामीलाई गाह्रो हुन्छ । कुनै एकजना स्वयंसेवकलाई भजनसंग्रह १०३:१२ "पश्चिमदेखि पूर्व जति टाढा छ, त्यति नै उहाँले हाम्रा अपराधहरू हामीदेखि टाढो हटाउनुभएको छ ।" भन्ने पद पढ्न लगाउनुहोस् । ठीक छ अब हामी हाम्रो मण्डलीबाट पूर्वसम्म कति यात्रा गर्न सक्दछौं हेरौं ! आफ्नो औंला पूर्वको विन्दुमा राख्नुहोस् र जब तपाईं त्यस शुरूवातको बिन्दुबाट घुमेर शुरूवात कै विन्दुमा आइपुग्नुहुन्छ तब तपाईं अझै पनि पूर्वतिर नरोकिकन घुमिरहन सक्नुहुन्छ । परमेश्वरले यहाँ उत्तर देखि दक्षिण सम्म जति टाढा छ त्यति टाढा भन्नुभएन किनकि त्यहाँ उत्तर र दक्षिणमा भेटहुने ठाउँ छ । तपाईं पूर्वबाट कहिल्यै पनि पश्चिम पुग्न सक्नुहुन्न् र पश्चिमबाट पनि कहिल्यै पूर्व पुग्न सक्नुहुन्न । त्यसरी नै परमेश्वरको क्षमा सदासर्वदा रहिरहन्छ !

**कण्ठ गर्नूपर्ने पद**
**क्रियाकलाप: बीन ब्याग टस**

टेपले भुईंमा करिब ३६ ईन्चको ठूलो वर्गकार बनाउनुहोस् । त्यो वर्गाकारको भित्री कुनाहरूलाई जोड्नुहोस् र अंग्रेजी शब्दको "X" आकार बनाउनुहोस् । यदि तपाईंका विद्यार्थीहरू धेरै छन् र ठाउँ छ भने, अर्को वर्गाकार पनि बनाउनुहोस् । प्रत्येक भागलाई नम्बर दिनुहोस् जस्तै: १, २, ३, ४ । त्यहाँबाट केहि दूरी पर, टेपले सिधा रेखा बनाउनुहोस्, जहाँबाट विद्यार्थीहरूले त्यस ब्यागलाई वर्गाकार भित्रको भागमा फ्याँक्नुपर्नेछ । विद्यार्थीहरूको दुईवटा समूहमा बनाउनुहोस् । प्रत्येक विद्यार्थीले पालै पालो कुनै एउटा भाग भित्र त्यो ब्याग फ्याँक्नुपर्ने हुन्छ । तपाईंले बीन ब्याग बनाउनको लागि मोजामा सिमी भरेर रबरले कसिलो गरी बाँध्नुहोस् । मोजाको लामो भाग लिनुहोस् र त्यस ब्यागको सिमी भएको भाग पट्टी फर्काउनुहोस् । यदि उनीहरूले पद सही तरिकाले भन्न सकेको खण्डमा, उसको समूहले त्यो बीन ब्याग जुन भागमा फ्याँक्छन् त्यति नै अंक पाउनेछन् ।

नोट: तपाईंले यो खेल सिक्काको प्रयोग गरेर पनि खेल्न सक्नुहुन्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

कक्षालाई दुई समूहहरूमा विभाजन गर्नुहोस् । प्रायश्चितको दिनको बारेमा सकेसम्म धेरै विवरणहरू लेख्नको लागि उनीहरूलाई एक मिनटको समय दिनुहोस् ।

- महापवित्र स्थानमा केवल वर्षमा एक पटक मात्र प्रवेश गर्न सकिन्थ्यो ।
- प्रधान पुजाहारी मात्र महापवित्र स्थानभित्र जान सक्थे ।
- पुजाहारी लगायत सबैको पापहरू क्षमा हुनु आवश्यक थियो ।
- प्रायश्चितको दिन सेप्टेम्बरको अन्तमा वा अक्टुवरको शुरूमा हुन्थ्यो ।
- साँढेको रगत मात्र परमेश्वरलाई सन्तुष्टि प्रदान गर्ने वा प्रतिस्थापनको लागि एकमात्र स्रोत थियो ।
- भेट हुने पाल प्रायश्चितको दिनमा गरिने क्रियाकलापहरूको स्थान थियो ।

**पाठको समीक्षा गर्ने क्रियाकलापः एक मिनटको सूची**

शिक्षकले पाठको बारेमा जति सक्दो धेरै तथ्यहरूको सूची बनाउन प्रत्येक समूहलाई एक मिनटको समय दिनुपर्दछ ।

एक मिनेट सकिएपछि, उनीहरूले बनाएको सूचीको तुलना गर्नुहोस् र कसले धेरै तथ्यहरू लेखेका छन् सो हेर्नुहोस् । तपाईंले तथ्य कुराहरू खोज्दै हुनुहुन्छ भनि बालबालिकाहरूले याद गर्नुपर्छ भनेर निश्चित गर्नुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

पाप जतिसुकै नराम्रो भए पनि परमेश्वरले सबै पापहरूलाई क्षमा गर्न सक्नुहुन्छ र गर्नुहुन्छ । हुनसक्छ तपाईंको कक्षामा कसैलाई परमेश्वरबाट क्षमा चाहिएको छ । क्रुसमा येशू ख्रीष्टको बलिदान हाम्रो क्षमाको एकमात्र आशा हो । उहाँको रगत विना पापको कुनै क्षमा छैन । यो विशेष दिनले हामी अपवित्र छौँ र परमेश्वरसँग हाम्रो अपवित्रताको लागि एउटा उपाय छ, त्यो येशू ख्रीष्टको रगत हो जसले हामीलाई सबै पापबाट शुद्ध पार्दछ भन्ने कुराको सम्झना हामीलाई गराउँदछ ।

**कथाको मूख्य सारः परमेश्वरका मानिसहरूको पाप तिनीहरूबाट हटाउन सकिन्थ्यो ।**

# रोचक घटना नं ३३

# गन्ती १३:२६-१४:४

**कथाको मूख्य सारः परमेश्वरका मानिसहरूले परमेश्वरले भूमि दिन सक्नुहुन्न भनि विश्वास गरे ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- इस्राएलीहरूले लगभग एक वर्षको समय सिनै पर्वतमा बिताएका थिए। तिनीहरूले मिश्र छोडेको करीब दुई वर्ष पछि व्यवस्था पाएका थिए । अब तिनीहरू उत्तरपूर्वी प्रतिज्ञा गरिएको भूमितिर अघि बढिरहेका थिए । सबै राम्रै चलिरहेको जस्तो देखिन्थ्यो । ६५० वर्ष अगाडी आब्राहामलाई परमेश्वरले प्रतिज्ञा गर्नुभएको भूमिमा पुग्ने उत्साह उनीहरूमा अधिक भएको हुनुपर्छ ।
- १२ जासूसहरूले पत्ता लागाए झैं प्रतिज्ञा गरिएको भूमि वास्तवमै सबैकुराले भरिपूर्ण थियो । बाइबलले यसलाई दुध र मह बग्ने देशको रूपमा पनि सम्बोधन गरेको छ। यो भूमि सानो भएतापनि, लम्बाई १५० माईल (२४१ कि.मी) र चौडाई ६० माईल (९७ कि.मी), यसको हराभरा पाखाहरू नेभारा, खजुर र बदामका रूखहरूले ढाकिएका थिए। यो भूमि परमेश्वरले अब्राहाम, इसाहाक र याकूबलाई प्रतिज्ञा गर्नुभएको भूमि थियो ।
- १२ जासूसहरूलाई त्यस भूमिमा मानिसहरूको संख्या, उनीहरूको सामर्थ, त्यो देश धनी थियो कि गरिब भनेर मुल्याङ्कन गर्न पठाइएको थियो। परमेश्वरले तिनीहरूलाई यस्तो प्रकारको जानकारी दिँदैहुनुहुन्थ्यो जसले परमेश्वरमा तिनीहरूको विश्वासमा आँच ल्याउन सक्थ्यो ।
- शहरहरूमा लगाईएका केहि पर्खालहरू ६० फिट सम्म अग्ला थिए। एमोरी, यबूसी र हित्ती जस्ता तीन प्रमुख समूहहरूले भूमिलाई कब्जा गरेका थिए । यहोशू र कालेब बाहेक, अन्य जासूसहरूले उनीहरूको डर देशका बाँकी इस्राएलीहरूलाई सुनाए जसले गर्दा एउटा राष्ट्रिय विद्रोह भयो ।
- मात्र दुई जना जासूसहरूले परमप्रभुमा विश्वास गरे। बाँकी रहेका इस्राएलीहरूले दश जना जासूसहरूलाई पछ्याए । तिनीहरूले परमप्रभुको विरूद्ध गुनासो गरे, तिनीहरूले मिश्रमा भोगेको आफ्नो दुखहरू बिर्सिए र तिनीहरूले आफ्नी श्रीमती र बालबालबालिकाहरूको शोषण हुन्छ भनेर डराए ।
- विश्वासको कमीले गर्दा अझ थप ३८ वर्ष सम्म उजाडस्थानमा नै बस्नुपर्ने भयो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरु गर्नुहोस्

पाठको समीक्षा गर्नको लागि खेल खेल्नलाई बोर्डमा एउटा तालिका बनाउनुहोस् जुन यस्तो प्रकारको देखियोस्:

| समय रेखा | कथाको मुख्य सार | भजनहरू | कण्ठ गर्नुपर्ने पदहरू |
|---|---|---|---|
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |

अहिले सम्म अध्ययन गरिसकेका १० वटा पाठहरूको समीक्षा गर्नुहोस् र बालबालिकाहरूलाई प्रत्येक समय रेखाको लागि १०० अंक, कथाको मुख्य सारको लागि २०० अंक, भजनको लागि ३०० अंक, र कण्ठ गर्नुपर्ने पदहरूको लागि ४०० अंक दिनुहोस् ।

जित्ने समूहको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ । प्राय: प्रतियोगिताहरू बालबालिकाहरूको लागि रमाइलो खेल समान हुन्छन् । यसैले, उनीहरू सबैलाई सहभागी गराउनुहोस् । तपाईंको कक्षाको संख्याको आधारमा तपाईंले प्रत्येक विद्यार्थीलाई १ वा २ प्रश्नको मात्र उत्तरमा दिन लगाउन सक्नुहुन्छ । यसो गर्नुको कारण के हो भने यदि तपाईंले मौका दिनुभएको खण्डमा कोहि विद्यार्थीले सबै प्रश्नका उत्तरहरू आफुले मात्र दिन सक्छन् ।

यसमा जम्मा अंक १०००० हुनेछ, प्रत्येक पाठको लागि १००० अंक ।

**पाठ शुरू गर्ने क्रियाकलाप: बाइबलीय जोखिम**

कक्षालाई बराबर गरि दुई समूहमा विभाजन गर्नुहोस् । समूहहरू यस प्रकारले छान्न सक्नुहुन्छ:

- जसको पुष देखि असार भित्रमा जन्मदिन पर्दछ ।
- जसको साउन देखि मंसिर भित्रमा जन्मदिन पर्दछ ।

यो खेल पाठको अन्तसम्मको समीक्षामा निरन्तर जारी रहनेछ ।

## ३) पाठ सिकाउनुहोस्

सबै कम्प्युटरहरूमा आधारभूत कार्यप्रणाली हुन्छ । एप्पल (Apple) कम्प्युटरको लागि कार्यप्रणाली आईओएस (ios) हो । PC कम्प्युटरहरूको लागि कार्यप्रणाली (Windows) विन्डोज हो । यो राम्रोसँग काम गर्नको लागि कम्प्युटरले “बोल्ने” भाषा हो ।

मानिसहरूको लागि पनि परमेश्वरको आफ्नो कार्यप्रणाली छ । यो परमेश्वरले जे भन्नुभयो त्यो गर्नुहुन्छ भन्ने कुरामा मानिसहरूले उहाँमा विश्वास गर्नको लागि हो । यो पाठ ती व्यक्तिहरूको विषयमा हो जसले तिनीहरूको “कार्यप्रणाली” लाई परमेश्वरको प्रतिज्ञाहरूमा होइन तर आफ्नो डरमा राखे ।

## कथा भन्नुहोस्

दुई वर्ष पहिले हामीले परमेश्वरको अचम्मको कामहरूद्वारा मिश्र छोडेका थियौं । हामीले गत वर्ष सिनै पर्वतमा बितायौं जहाँ मोशाले दश आज्ञाहरू पाएका थिए । अब हामी परमेश्वरले अब्राहामलाई ६०० वर्ष भन्दा अगाडी प्रतिज्ञा गर्नुभएको भूमिमा जान तयार थियौं । नयाँ भूमिमा जासूसी गर्न हामी बाह्र जना छानिएका थियौं ।

मेरो नाम यहोशू हो र म कनानको भूमि जानको लागि छानिएका बाह्र जना जासूसहरू मध्येको एकजना थिएँ । सबै कुराहरू एकदम राम्रो हुँदै गइरहेको थियो । हामी सबैले लाल समुद्रको आश्चर्यजनक यात्रालाई देखेका थियौं । अब हामीसँग परमेश्वरले दिनुभएको नियमहरू पनि थियो; जसलाई दश आज्ञाहरू भनिन्थ्यो । यसले हामीलाई कसरी जिउने भनेर बताउँदथ्यो । अब पहिलो पटक हामीसँग विश्वास र लिखित नियमहरू थिए जुन हामीले पालन गर्नुपर्ने थियो । प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गर्ने उत्साह धेरै थियो ।

त्यस भूमि धेरै फलदायी र उब्जनशील भएको हामी सबैले देख्यौं । कनानमा फलेका अंगुरहरू धेरै ठूला थिए । हामी उजाडस्थानमा बसिरहेका हुनाले जब हामीले यस भूमि उब्जनीको लागि उत्तम भएको देख्यौं हामी सबैजना रमायौं ।

तर अन्य दश जासूस र हामी बीचमा एउटा ठूलो भिन्नता उत्पन्न भयो । कालेब र मैले यो समस्यालाई आइरहेको देख्यौं तर हामीले विश्वास गऱ्यौं कि परमेश्वरले हाम्रो डरहरू हटाउन सक्नुहुन्छ र हटाउनु हुनेछ । त्यहाँका मानिसहरू आफ्नो भूमिमा एकदम सुरक्षित थिए र तिनीहरूमध्ये केहि एकदम बलिया पनि देखिन्थे । अन्य दश जासूसहरूले यसले हामीलाई रोक्नेछ; तिनीहरूका सुदृढ शहरहरूलाई जित्न सक्ने हामीसँग कुनै पनि तरिका वा उपाय छैन भनेर विचार गरे । तर कालेब र म सहमत भएनौं । हामीलाई थाहा थियो कि परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नुभएको भूमिमा बस्ने मानिसहरूलाई जित्नको लागि मद्दत गर्नुहुनेछ जसरी उहाँले हामीलाई मिश्रीहरूलाई जित्न मद्दत गर्नुभयो । हामीलाई थाहा थियो कि परमेश्वरले हामीलाई यो भूमि दिनुहुनेछ । अन्य जासूसहरूले बाँकी इस्राएलीहरूलाई त्यो भूमि प्राप्त गर्न असम्भव हुनेछ भनेर भरोसा दिलाए । तिनीहरूको विवरणले हाम्रो परमेश्वर र मोशाको विरूद्ध एउटा ठूलो विद्रोह खडा गऱ्यो ।

कादेश बर्नेमा हाम्रो विश्वासको कमी भएको कारण हामीले अर्को ३८ वर्ष उजाडस्थानमा बिताउनुपऱ्यो । यदि हामीले परमेश्वरमा विश्वास गरेको भए प्रतिज्ञाको भूमिमा हामी छिट्टै प्रवेश गरिसकेका हुनेथियौं । कालेब र म, अनि २० वर्ष भन्दा मुनीकाहरू मात्र थियौं जसले प्रतिज्ञा गरीएको भूमि देख्न पायौं । यदि अरूले पनि परमेश्वरमा विश्वास गरेको भए उनीहरूले प्रतिज्ञाको भूमि देख्ने थिए र बस्न पाउने थिए ।

**कथा भन्ने क्रियाकलाप: यहोशूले विश्वास र परिणामहरूको कथा भन्दछन्**

शिक्षकले आफु यहोशू नै हो जस्तो गरी यो कथा भन्नुपर्दछ । शिक्षकले यहोशूको जस्तो कपडा लगाउनु सक्नुहुन्छ । जब यहोशूले कथा भन्दछन् तपाईंको कक्षाले यी प्रश्नहरूको उत्तरको लागि ध्यान दिएर सुन्नुपर्दछ:

१) परमेश्वरले अब्राहामलाई गर्नुभएको प्रतिज्ञाको सत्यता के हो ?

२) सत्यतालाई विश्वास नगर्दाको परिणामहरू के-के हुन्छन् ?

## कण्ठ गर्नुपर्ने पद

**गन्ती १३:३१ (टि.बी.एस)** - तर तिनीसँग माथि गएका मानिसहरूले भने: "ती मानिसहरूको विरोधमा माथि जान सक्दैनौं; किनकि ती हामी भन्दा बलिया छन् ।"

## बाइबलीय क्रियाकलाप

"१२ जना जासूस कनान गए" भन्ने गीत सिकाउनुहोस् । गीतका शब्दहरू कालो रङमा छन्, इसारा गर्ने तरिका रातो रङमा लेखिएका छन् । कर्डहरू निलो रङमा छन् ।

G G G G G D B D E E D D E F# G

१२ जना जासूस कनान गए, १० खराब थिए २ असल

चिहाएर वरिपरी हेर्नुहोस् । १० औँलाहरूलाई अगाडी देखाउनुहोस्, खराबको लागि दुईवटा बुढी औँलाहरूले तलतिर देखाउनुहोस्, "२" को लागि दुई औँला अगाडी देखाउनुहोस् र असलको लागि बुढी औँलाहरू माथि उठाउनुहोस् ।

G G G G G G G D B D E E D D E F# G

तिनीहरूले कनानमा के देखे, १० खराब थिए २ असल

प्रश्न सोधे जस्तो अनुहार बनाउँदै हत्केला घुमाउनुहोस्, १० औँलाहरूलाई माथि उठाउनुहोस्, खराबको लागि बुढी औँलाहरूले तलतिर देखाउनुहोस्, "२" को लागि दुई चोरी औँलाहरू माथि उठाउनुहोस् र असलको लागि बुढी औँलाहरू माथि उठाउनुहोस् ।

G G G D E E D A A A G F# E D

केहिले अग्ला राक्षस देखे, कोहिले अगुंरका लहरा देखे

त्यसपछि बायाँ हातले काल्पनिक अंगुरको लहरालाई समात्नुहोस्, काल्पनिक अंगुरको लहराबाट अंगुरको झुप्पालाई पूरा भुइँ तिर तान्नुहोस् ।

G G G D E E D E E D D E F# G

केहिले सबैमा परमेश्वरलाई देखे, १० खराब थिए २ असल

"परमेश्वर"को लागि चोर औँलाले माथितिर देखाउनुहोस्, १० औँलाहरूलाई अगाडी देखाउनुहोस्, खराबको लागि बुढी औँलाहरूले तलतिर देखाउनुहोस्, "२" को लागि दुई औँला अगाडी देखाउनुहोस् र असलको लागि बुढी औँलाहरूले माथितिर देखाउनुहोस् ।

**कण्ठ गर्ने पद**
**क्रियाकलाप: टेलिफोनको खेल**

टेलिफोन खेलको प्रयोग गरेर यो पद कण्ठ गर्नुहोस् । तपाईंको कक्षालाई सिधा लाईनमा उभिन लगाउनुहोस् । अनि लाइनमा उभिएको पहिलो व्यक्तिलाई त्यो पदको पहिलो वाक्यांश सुस्तरी कानमा भन्नुहोस्, त्यो वाक्यांश अर्को व्यक्तिलाई त्यसरी नै कानमा भन्न लगाउनुहोस् । सबैले त्यो पहिलो वाक्यांश भनि नसकुन्जेल त्यसो गरि नै रहनुहोस् । यसरी नै दोस्रो वाक्यांश, तेस्रो वाक्यांश गर्दै तिनीहरूले उक्त पद कण्ठ नगरून्जेल सम्म यो क्रियाकलाप दोहोऱ्याई राख्नुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

तपाईँको समीक्षा खेललाई जारी राख्नुहोस् जुन तपाईँले पाठको शुरूवातमा अंकको लागि शुरू गर्नुभएको थियो ।

- १०० अंकको लागि, कति जना जासूसहरू पठाइएका थिए ? (१२)
- २०० अंकको लागि, तिनीहरूले कति दिनसम्म जासूसी गरे ? (४०)
- ३०० अंकको लागि, तिनीहरू कहाँबाट गएका थिए र कहाँ फर्किएका थिए ? (कादेश बर्नेया)
- ४०० अंकको लागि, ती दुई जासूसहरू को थिए जसले असल विवरणहरू ल्याएका थिए ? (यहोशू र कालेब)
- ५०० अंकको बोनस प्रश्न: यो पाठको मूख्य विषय के हो ? (परमेश्वरका मानिसहरूले परमेश्वरले भूमि दिन सक्नुहुन्न भनि विश्वास गरे ।)

**पाठ समीक्षा**
**क्रियाकलापः बाइबलीय जोखीम**

यो समीक्षा क्रियाकलाप पाठको शुरूवातको समीक्षा खेलको निरन्तरता हो ।

## ५) पाठ लागु गर्नुहोस्

परमेश्वरप्रतिको विश्वासको कमीले सम्पूर्ण राष्ट्रलाई नै असर गऱ्यो । तपाईँ कसरी "अविश्वासी जासूस" होइन तर "विश्वासी जासूस" हुन सक्नुहुन्छ ?

- परिस्थितिको बारेमा परमेश्वरलाई गनगन गरेर कि परिस्थितिको लागि परमेश्वरको प्रशंसा गरेर ?
- परमेश्वरले भन्नुभएको कुरालाई सम्झेर र आज्ञापालन गरेर कि परमेश्वरले भन्नुभएको कुरालाई अनादर गरेर ?
- अरूलाई परमेश्वरले के गर्न सक्नुहुन्छ भन्ने कुरा बताएर कि अरूलाई परमेश्वर असक्षम हुनुहुन्छ भन्ने कुरा बताएर ?

**कथाको मूख्य सारः परमेश्वरका मानिसहरूले परमेश्वरले भूमि दिन सक्नुहुन्न भनि विश्वास गरे ।**

# रोचक घटना नं ३४
# गन्ती २१:४-९

शिक्षक साहायता

**कथाको मूख्य सारः मानिसहरूले परमेश्वरलाई विश्वास गरेर काँसाको सर्पलाई हेरेको खण्डमा तिनीहरू निको हुन्थे ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- भजनसंग्रह ७८ बाट हामीले सिक्छौं कि इस्राएलले गुनासो गरिरहेको थियो किनभने तिनीहरू परमेश्वरमा विश्वासयोग्य थिएनन्, तिनीहरूले परमेश्वरको आज्ञापालन गरेनन् र तिनीहरूको लागि परमेश्वरले गर्नुभएको महान् अचम्मको कामहरूलाई तिनीहरूले बिर्सिएका थिए ।
- गन्ती २१ मा छुट्काराको इतिहासको एउटा नयाँ अध्याय शुरू हुन्छ ।
- तिनीहरूसँग खानको लागि प्रशस्त रोटि थियो तर तिनीहरूले तिनीहरूसँग केहि छैन भनेर गुनासो गरे । परमेश्वरले तिनीहरूलाई दिनुभएको रोटिले तिनीहरू वाक्क भएका थिए ।
- मरूभूमिको त्यस भागमा जहाँ इस्राएलीहरू अहिले थिए, अकाबा खाडी नजिक, विषालु सरीसृपहरूबाट प्रभावित ठाउँ थियो, विशेष गरी छेपारोहरू जसले आफैले आफैलाई हावामा उडाउँछन् र हाँगाहरूमा झुन्डिन्छन् र बीच्छीहरूले भरिएको थियो जसको लामो घाँसमा घस्रने बानी भएको कारणले नाङ्गो खुट्टा हिंड्ने, र विशेष गरि चप्पल लगाएर हिंड्ने मानिसहरूका लागि खतरनाक थियो ।
- मोशालाई एउटा खाँबोमा काँसको सर्प झुन्ड्याउन भनिएको थियो । जब इस्राएलीहरूले त्यस काँसको सर्पलाई हेर्थे, तिनीहरू निको हुन्थे ।
- त्यो काँसको सर्प थिएन जसले तिनीहरूलाई निको पार्‍यो तर त्यो काँसाको सर्पमा तिनीहरूको हेराईले तिनीहरू निको भएका थिए जसले परमेश्वरको वचनमा तिनीहरूको विश्वासलाई प्रतिनिधित्व गर्दछ ।
- यदी उनीहरूले सर्पमा हेर्न इन्कार गरेमा विषालु सर्पको डसाईबाट उनीहरू मर्थे ।
- इस्राएलीहरूले आफ्नो पाप महसुस गरे र परमेश्वरमा आफ्नो पापलाई स्वीकार गरे ।
- परमेश्वरको बारेमा बहस गर्नेहरूले उहाँ उनीहरूको सर्वश्रेष्ठ मित्र भएको चाहेनन् ।
- परमेश्वरले उहाँको न्यायबाट मानिसहरूले राहत पाउन सकून् भनेर तिनीहरूको लागि बाँच्ने उपायको प्रावधान गरिदिनुभयो ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

समीक्षाको एक लक्ष्य भनेको बालबालिकाले बाइबलको महान कथालाई हेर्नु हो । आज, हामी बालबालिकाहरूलाई सोध्न चाहान्छौं कि उनीहरूले हामीलाई त्यस कथाबाट केहि दोहोरिएका विषयहरू भनुन् । उदाहरणको लागि, बालबालिकाहरूलाई तिनीहरूका उत्तरहरू स्वयम् दिन लगाउनुहोस्, तर तपाईं बाइबलको एक महान कथामा दोहोरिने विषयवस्तुहरूको रूपमा निम्न उदाहरणहरू प्रयोग गर्न सक्नुहुन्छः

परमेश्वरको अद्भुत शक्ति :

- सृष्टि
- संसारभरी जलप्रलय
- लाल समुद्र पार गरेको

जनावरको प्रतिस्थापन :

- आदम र हव्वा
- मोरीयाह पर्वतमा अब्राहाम र इसहाक

परमेश्वरलाई प्रसन्न तुल्याउने विश्वास :

- नोआ
- अब्राहाम
- निस्तार-चाड

परमेश्वरले पापको सजाय दिनुहुन्छ :

- आदम र हव्वा
- कादेश बर्नेमा अविश्वास

**पाठ शुरू गर्ने क्रियाकलापः एउटा महान् कथा**

शिक्षकले कक्षालाई परमेश्वरको अद्भुत शक्ति, जनावरको प्रतिस्थापन, परमेश्वरलाई प्रसन्न तुल्याउने विश्वास र परमेश्वरले पापको सजाय दिनुहुन्छ भन्ने जस्ता शिर्षकहरू दिन सक्नुहुन्छ । त्यसपछि बालबालिकाहरूलाई ती कथाहरूको उदाहरणहरू भन्न लगाउनुहोस् जुन हामीले अगाडी अध्ययन गरीसकेका छौं ।

यो क्रियाकलापको उद्देश्य बालबालिकाहरूको लागि बाइबलको महान् कथामा भएका दोहोरीने मुख्य विषयहरूलाई हेर्नु हो ।

## ३) पाठ सिकाउनुहोस्

गुनासो र गनगन दुई कुराहरू हुन् जुन परमेश्वरलाई पटक्कै मनपर्दैन । धेरै व्यक्तिहरूको आफ्नो परिस्थितिहरूमा वा समस्याहरूमा गुनासो गर्ने प्रवृत्ति हुन्छ । यदि उनीहरूले आशा गरेको भन्दा फरक केहि भयो भने उनीहरू गुनासो गर्छन् ।

यो पाठ गुनासो गर्ने व्यक्तिहरूको एउटा समूहको बारेमा छ । उनीहरूले तीन फरक कुराहरूमा गुनासो गरेका थिए । तपाईंले गुनासो गर्न सक्ने केहि चीजहरू के के हुन् ?

## कथा भन्नुहोस्

यो योजनाहरूको अर्को परिवर्तन थियो । मोशाले दक्षिणबाट होइन तर पूर्वबाट प्रतिज्ञाको भूमिमा प्रवेश गर्ने निर्णय गरे । इस्राएलीहरू आफ्नो नयाँ मातृभूमिमा जान ढिलो भएको कारण निराश भईसकेका थिए । मोशाले ल्याएको नयाँ योजानाको कारणले नै तिनीहरूलाई गुनासो गर्ने, झगडा गर्ने र गनगन गर्ने बनायो । आफ्नो अगुवा जसले परमेश्वरलाई पछ्याइरहेका थिए, उनलाई पछ्याउनुको सट्टा उनीहरूले अर्को राष्ट्रिय विद्रोहको शुरूवात गरे । यस पटकको विद्रोह यस्तो देखिन्थ्यो: तिनीहरूलाई पानी मनपरेन...तिनीहरूलाई खानेकुरा मनपरेन...र तिनीहरूलाई उजाडस्थानको यात्रा नै मनपरेन । उनीहरू गुनासोले भरिए र करिब सबैजना "नराम्रो खानेकुरा, नराम्रो पानी र खराब भूमिको मानसिकताले" भरिए ।

अब फेरि पापको लागि परमप्रभुले दण्ड दिने समय आएको थियो ! यो पटक उहाँले विषालु सर्पहरू पठाउनुभयो । ती विषालु सर्पहरूको डसाई घातक थियो । यी सर्पहरूका डसाईको कारण धेरै मानिसहरूको मृत्यु भयो । जब मानिसहरू मर्न थाले तब जीवित रहेका मानिसहरूमा गल्ती र पाप गरेका थिए भन्ने भावना आयो । त्यसैले तिनीहरू मोशाकहाँ गए र तिनीहरूको लागि प्रार्थना गरिदिन विन्ती गरे । मोशाले तिनीहरूको लागि प्रार्थना गरे र परमेश्वरले तिनीहरूको समस्याको लागि एउटा विशेष उपाय दिनुभयो ।

तिनीहरूको गुनासोको पापको उपाय कसैले अपेक्षा गरेको भन्दा बिल्कुलै फरक तरिकामा आयो । परमेश्वरले मोशालाई एउटा काँसाको सर्प ल्याउनु र त्यसलाई एउटा अग्लो खाँबामाथि झुन्ड्याउनु भन्नुभयो । जो कोहिले त्यो खाँबामाथि काँसको सर्पलाई हेर्थे तिनीहरू निको हुन्थे । यसको लागि मात्र विश्वास आवश्यक थियो । अवश्य पनि मोशाले आज्ञापालन गरे । उनले काँसाको सर्पलाई खाँबामाथि झुन्ड्याए । अरू कसले पालन गर्ने ? अब के उनीहरूले परमेश्वरले भन्नुभएको कुरा सुन्लान् र त्यसो गर्लान् ?

कति जना व्यक्तिले परमेश्वरको आवाज सुन्छन् र पालन गर्छन् भनेर हामीलाई थाहा हुँदैन, तर हामीलाई थाहा छ कि मोशाले परमेश्वरको आवाज सुने र पालन गरे । कहिलेकाहिँ परिस्थितिहरू हामीले चाहे जस्तो नहुँदा पनि परमेश्वरले उहाँमा विश्वास राखेको आशा गर्नुहुन्छ भन्ने कुराको यो स्मरण गराउने कुरा हो । इस्राएलीहरूले ३८ वर्षदेखि कादेशलाई चारैतिर घेरिरहेका थिए । तिनीहरू उजाडस्थानदेखि, खानेकुरादेखि र पानीको अभावदेखि थकित वा वाक्क भएका थिए । जब मोशाले उनीहरूको नयाँ मातृभूमिमा प्रवेश गर्ने योजनाको परिवर्तन गरे तब तिनीहरूले गुनासो गर्न थाले । पक्कै पनि त्यो राम्रो विचार थिएन, त्यसकारण परमेश्वरले उनीहरूलाई गुनासो गरेको कारण सजाय दिनुभयो ।

अब शायद धेरै व्यक्तिहरूले महत्वपूर्ण पाठ सिकेका थिए... अवश्य पनि उनीहरूले दुईवटा महत्वपूर्ण पाठहरू सिकेको हुनसक्छ । उनीहरूले परमेश्वरलाई गुनासो मन पर्दैन र परमेश्वरलाई विश्वास मनपर्छ; तर जस्तो सुकै विश्वास होइन भन्ने कुरा सिके । मानिसहरूले उहाँमा यस्तो प्रकारको विश्वास राखेको उहाँ मनपराउनु हुन्छ जुन यस्तो हुन्छ: उहाँले जे भन्नुहुन्छ त्यो गर्नुहुन्छ ! परमेश्वरले सधैं उहाँको वचनलाई आदर गर्नुहुन्छ र इस्राएलीहरूले पनि त्यस्तै नै गरेको उहाँले आशा गर्नुभयो ।

**कथा भन्ने**
**क्रियाकलाप: गुनासो गर्नु**

कथा भन्नु अगाडी तपाईंको कक्षालाई सम्भव भएसम्म धेरै गुनासो गर्न सकिने कुराहरू खोज्न लगाउनुहोस् । त्यसपछि, तपाईंको कक्षालाई के को बारेमा गुनासो गर्ने भनेर अरूलाई बताउन लागाउनुहोस् ।

यदी सम्भव छ भने एउटा अग्लो खाँबा र नक्कली सर्प ल्याउनुहोस् अनि त्यस सर्पलाई खाँबामा बेर्नुहोस् । कथा भन्दै गर्दा जब मोशाले खाँबामा भएको काँसको सर्पलाई उचालेको कुरा तपाईं भन्नुहुन्छ तब त्यसको प्रयोग गर्नुहोस् ।

## कण्ठ गर्नुपर्ने पद

**यूहन्ना ३:१४ (टि.बी.एस)** - अनि जसरी मोशाले उजाडस्थानमा साँपलाई उचाले, त्यसरी नै मानिसका पुत्र पनि उचालिनुपर्छ ।।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

प्रत्येक बालबालिकाहरूलाई एउटा कार्ड वा कागजको टुक्रा दिनुहोस् र तिनीहरूलाई धन्यवादी हुन सकिने धेरै भन्दा धेरै कुराहरू लेख्न लगाउनुहोस् । बालबालिकाहरूलाई यो लेख्नको लागि करीब ५ मिनटको समय दिनुहोस् । ५ मिनट पछि प्रत्येक बालबालिकाहरूलाई आफ्नो सूचीमा भएका केहि कुराहरू पढ्न दिनुहोस् । सोध्नुहोस्: **"के तपाईं सारा संसारमा भएका केहि चीजहरू सोच्न सक्नुहुन्छ जुन तपाईंसँग छैन तर तपाईंसँग भएको तपाईं चाहानुहुन्छ ? अवश्य ! हामीले पाउन चाहेको कुराहरू त सधैं हुन्छन् तर परमेश्वरले दिनुभएको आशिषहरूको लागि उहाँलाई धन्यवाद दिएर सन्तुष्ट हुने निर्णय हामीले गर्न सक्छौं ।"**

इस्राएलीहरू सन्तुष्टता र कृतज्ञातामा चुकेका थिए ! तिनीहरू के कुराको लागि धन्यवादी हुनुपर्थ्यो ? (चट्टानबाटको पानी, मिश्रीहरूबाटको छुट्कारा, स्वर्गबाटको मन्ना) जब तिनीहरूले मोशालाई गुनासो गरे तब तिनीहरूले कस्तो महसुस गरेका होलान् ? (असन्तुष्टि, क्रोधित महसुस गरे)

जब सर्पले तिनीहरूलाई डस्न थाल्यो र तिनीहरू मर्न थाले तब तिनीहरूले कस्तो महसुस गरे ? (भयभीत, पश्चातापी, लज्जित)

के परमेश्वरले तिनीहरू सबैलाई तिनीहरूको चाहेको चीज दिनुभयो ? (दिनुभएन, उहाँले तिनीहरूका पापको परिणामबाट वचने एउटा उपाय दिनुभयो)

के तिनीहरू सबैलाई क्षमा गरिएको थियो ? (थिएन, केवल तिनीहरूलाई जो आफ्नो पापबाट फर्केका थिए र जसले काँसको सर्पलाई हेरेर परमेश्वरको आज्ञापालन गरेका थिए)

### पदक कण्ठ गर्ने क्रियाकलाप: शब्दचित्र लेखन

बालबालिकाहरूलाई यो पद याद गर्न मद्दत पुऱ्याउनको लागि शब्दचित्र लेखनको प्रयोग गर्न सकिन्छ । यस पदको प्रत्येक शब्द छुट्टाछुट्टै कागजको पानामा लेख्नुहोस् । त्यसपछि शब्दहरू क्रमबद्ध रूपमा मिलाउनको लागि बालबालिकाहरूलाई २ वा ३ समूहमा विभाजन गर्नुहोस् । जब प्रत्येक समूहले पदका शब्दहरूलाई क्रमबद्ध रूपमा मिलाउँछन् सम्भवत: यो पद उनीहरूले कण्ठ गरिसकेका हुनेछन् ।

### बाइबलीय क्रियाकलाप: धन्यवादी

धन्यवादी क्रियाकलाप - यो प्रश्न सोधेर शुरू गर्नुहोस्: के तपाईं हर समय गुनासो गरिरहने व्यक्तिको वरिपरी बस्नुभएको छ ? के तपाईं त्यस्तो व्यक्तिसँग समय बिताउन रमाइलो मान्नु हुन्छ ? के ती त्यस्ता व्यक्तिहरू हुन् जससँग धन्यवादी हुनलाई केहि नभएको कारण तिनीहरूले गुनासो गर्दछन् ? होइन !! त्यसोभए.... आज हामीले कति वटा आशिषहरू गन्न सक्दछौं भनेर हेरौं है त !

## ४) पाठको समीक्षा गर्नुहोस्

पाठको समीक्षा गर्नुहोस् र यी मध्ये तपाईंले कुन कुन भेट्टाउनुहुन्छ सो हेर्नुहोस् ।

- अविश्वास र विद्रोहको पाप
- परमेश्वरबाटको न्याय
- पाप स्वीकार गर्नु
- छुट्काराको लागि प्रार्थना
- परमेश्वरको प्रतिज्ञा
- विश्वास
- जीवन

**पाठको समीक्षा**
**क्रियाकलाप : वचनको खोज**

शिक्षकले कक्षालाई २ वा ३ समूहमा विभाजन गर्नुहोस् । तपाईंको देब्रे तिर भएको पाठका सूचिका ७ मुख्य कुराहरू खोज्न लगाउनुहोस् । साना बालबालिकाहरूलाई र पढ्न नसक्नेहरूलाई शिक्षकले सहायता गर्नुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

गुनासो गर्ने वा धन्यवादी हुने - निर्णय गर्नुहोस् ! धन्यवादी हुनु र गुनासो नगर्नु दुवै परमेश्वरको इच्छा हो । तल दिइएका क्षेत्रहरूमाः तपाईं के निर्णय गर्नुहुन्छ ? तपाईंले यो निर्णय गर्नु आवश्यक छ । यी तलका क्षेत्रहरूको लागि तपाईं गुनासो गर्नुहुन्छ वा धन्यवादी हुनुहुन्छ ?

- विद्यालय
- बुवा-आमा
- साथीहरू
- तपाईंको दाजुभाई वा दिदिबहिनी
- अन्य केहि

**कथाको मूख्य सारः यदि मानिसहरूले परमेश्वरलाई विश्वास गरेर काँसाको सर्पलाई हेरेको खण्डमा तिनीहरू निको हुन्थे ।**

# रोचक घटना नं ३५

## व्यवस्था ६:१-१०

**कथाको मूख्य सारः परमेश्वरलाई पछ्याउने मानिसहरू इमानदार र आज्ञाकारी हुनुपर्ने थियो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- लगभग ४० वर्षको यात्रा पछि इस्राएलीहरू अब अब्राहामलाई प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गर्न तयार थिए । अब मोशा, कालेब र यहोशू बाहेक कादेशमा २० वर्ष वा त्यो भन्दा बढी उमेर भएका सबैजना मरिसकेका थिए ।
- मोशाले आफु मर्नुभन्दा अगाडी यस विशेष ठाउँमा प्रवेश गर्नको लागि आउँदो पुस्तालाई तयार गर्न चाहान्थे । तिनीहरू मध्ये कसैलाई पनि सिनै पर्वतको सम्झना नभएको कारण मोशाले यो आउँदो पुस्तालाई परमप्रभु आफ्ना परमेश्वरलाई कसरी पछ्याउने भनेर निर्देशनहरूको साथ ताजा पारेका थिए ।
- व्यवस्थाको पुस्तक मोशादेखि नयाँ पुस्तासम्मको उपदेशहरूको एउटा सँग्रह हो । परमप्रभुले गर्नुभएको कार्यहरूको ऐतिहासिक पृष्ठभूमि दिएर मोशाले शुरूवात गरेका छन् (व्यवस्था १-४) । उनले लगभग ४० वर्ष अगाडी सिनै पर्वतमा जारी गरिएको दश आज्ञाहरूलाई नै (व्यवस्था ५) दोहोर्‍याएका छन् । त्यसपछी, मोशाले इस्राएलीहरूमा दश आज्ञाहरूको प्रभावलाई जोड दिएका छन् (व्यवस्था ६-११) ।
- दूध र मह बग्ने देशको लागि इस्राएल राष्ट्र अब तयार भइसकेको थियो । तिनीहरूले ४० वर्ष पहिले आफ्नो मौका गुमाएका थिए । अब मोशाले तिनीहरूलाई त्यसभूमिमा प्रवेश गर्न कसरी तयार हुने भनेर चेतावनी दिए । गन्ती १३ र १४ अध्यायले उनीहरू कहाँ गलत भए भनेर बताउँदछ ।
- उनीहरूले संसारमा उहाँ मात्र एक परमेश्वर हुनुहुन्छ भनेर पनि जान्नुपर्दथ्यो । अरू कसैले उहाँलाई कहिल्यै पनि चुनौती दिन सक्दैन ।
- यस सत्यताको लागि प्रत्येक इस्राएलीको प्रतिक्रिया सरल थियो: तपाईं जस्तो हुनुहुन्छ र तपाईंसँग जे छ त्यो सबै कुराहरूद्वारा परमप्रभु आफ्नो परमेश्वरलाई प्रेम गर्नुहोस् । परमप्रभुप्रति पूर्ण इमानदारीताको आशा गरिएको थियो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

बालबालिकाहरूलाई अघिल्लो कण्ठ गर्नुपर्ने पदहरू भनेर तपाईंलाई मद्दत गर्न लगाउनुहोस् । **"कसले याद गरेको छ यस पदले के भनेको छ ?"** यसरी भन्न सक्नुहुन्छ ।

- रोचक घटना नं.५: उत्पत्ति २:८
- रोचक घटना नं.६: यशैया १४:१२
- रोचक घटना नं.७: उत्पत्ति ३:६
- रोचक घटना नं.८: रोमी ५:१२
- रोचक घटना नं.९: उत्पत्ति ३:१५
- रोचक घटना नं.१०: रोमी ८:२०
- रोचक घटना नं.११: उत्पत्ति ३:२१
- रोचक घटना नं.१२: लेवी १९:२
- रोचक घटना नं.१३: उत्पत्ति ४:७
- रोचक घटना नं.१४: उत्पत्ति ५:१
- रोचक घटना नं.१५: उत्पत्ति १६:८
- रोचक घटना नं.१६: उत्पत्ति ११:९
- रोचक घटना नं.१७: उत्पत्ति १२:३
- रोचक घटना नं.१८: उत्पत्ति १९:२९
- रोचक घटना नं.१९: उत्पत्ति १५:६
- रोचक घटना नं.२०: उत्पत्ति २२:१४
- रोचक घटना नं.२१ उत्पत्ति ३२:३०
- रोचक घटना नं.२२ उत्पत्ति ३९:२
- रोचक घटना नं.२३ प्रस्थान १:१२
- रोचक घटना नं.२४ प्रस्थान ३:१४
- रोचक घटना नं.२५ प्रस्थान १२:१२
- रोचक घटना नं.२६ प्रस्थान १२:१३
- रोचक घटना नं.२७ प्रस्थान १४:२९
- रोचक घटना नं.२८ प्रस्थान २०:३
- रोचक घटना नं.२९ प्रस्थान २०:४ ।
- रोचक घटना नं.३० प्रस्थान ४०:३४
- रोचक घटना नं.३१ लेवी १७:११ ।
- रोचक घटना नं.३२ लेवी १६:३० ।
- रोचक घटना नं.३३ गन्ती १३:३१
- रोचक घटना नं.३४ यूहन्ना ३:१४

**पाठ शुरू गर्ने क्रियाकलाप: कण्ठ गर्नुपर्ने पद समीक्षा**

अघिल्लो १४ वटा कण्ठ पार्ने पदहरू यहाँ दिइएका छन् । बालबालिकाहरूको दुईवटा समूह बनाउनुहोस् र कुन समूहले सबैभन्दा धेरै कण्ठ पार्ने पदहरू भन्न सक्छन् हेर्नुहोस् । १४ वटा भन्दा बढि भन्नेलाई बोनस अंक दिनुहोस् ।

प्रत्येक समूहलाई पाँच मिनेटको समय दिनुहोस् र उनीहरूले मिलेर यसमा कार्य गर्नुपर्ने हुन्छ ।

शिक्षकले केहि थोरै सहायता गर्न सक्नुहुन्छ ।

## ३) पाठ सिकाउनुहोस्

यी व्यक्तिहरूले तपाईंलाई भनेका सबैभन्दा महत्वपूर्ण कुराहरू के के हुन् ?

- तपाईंकी आमा
- तपाईंको बुबा
- तपाईंको शिक्षक
- तपाईंको साथी
- परिवारको सदस्य

परमेश्वरले हामीलाई भन्नुभएको सबैभन्दा महत्वपूर्ण कुराको सारांश आजको पाठले दिनेछ ।

यात्रा लगभग सकिसकेको थियो। इस्राएलीहरूले लगभग ४० वर्षसम्म उजाडस्थानमा यात्रा गरेका थिए। यात्रा शुरू गर्ने अधिकांश मानिसहरू अहिले मरिसकेका थिए र उजाडस्थानमा नै गाडिएका थिए। मोशा वृद्ध भइसकेका थिए तर अझै पनि उनीसँग धेरै बल थियो। इस्राएलीहरूलाई आफ्नो नयाँ भूमिको लागि तयार पार्न, मोशाले प्रवचनहरूका श्रृखंला प्रस्तुत गरे। यो उपयोगी थियो किनकि उनले परमेश्वरलाई चिन्न र उहाँमा आज्ञाकारी हुनको लागि आउँदो पुस्तालाई तयार पार्न चाहान्थे। अघिल्लो पुस्ता अत्यन्त नराम्रो तरिकाले असफल भएको थियो।

देश चौबाटोमा थियो भनेर मोशालाई थाहा थियो। अघिल्लो पुस्ता गुनासो गर्नेहरूको समूह थियो जो परमप्रभुमा कम र परिस्थितिहरूमा बढी केन्द्रित थिए। यसको लागि २० वर्ष भन्दा माथिका वयस्कहरूलाई परमेश्वरले दण्ड दिनुपरेको थियो। ती मानिसहरूले अब्राहामलाई प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गर्न पाएनन्। उनीहरूले गुनासो गर्ने निर्णय गरे जसले उनीहरूलाई सबैभन्दा धेरै चोट पुऱ्यायो। अब आउँदो पुस्ता त्यस प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गर्न तयार थियो। तर यो पुस्ताले विगतका महान् आश्चर्यकर्महरू जस्तै दश विपत्तिहरू, लाल समुद्रलाई पार गरेको र परमेश्वरले राष्ट्रको लागि गर्नुभएका आश्चर्यजनक प्रावधानहरू देखेका थिएनन्। तिनीहरूको जुत्ता कहिल्यै पनि फाटिएन। विचार गर्नुहोस्.....तिनीहरू ४० वर्ष सम्म मरूभूमिमा भौंतारिए र तिनीहरूले एउटै जुत्ता प्रयोग गरे।

आउँदो पुस्ताले यो सबै कुराहरूको बारेमा जान्नु आवश्यक थियो। आउँदो पुस्ताले परमेश्वर को हुनुहुन्छ र उहाँ कस्तो हुनुहुन्छ भनेर थाहा पाउनु आवश्यक थियो। उनीहरूले जसरी आफ्ना आमाबुवाबाट यो सिकेको हुनुपर्थ्यो त्यसरी भने सकेनन्। त्यसैकारण मोशाले राष्ट्रलाई प्रवचनका श्रृखंलाहरू दिनुपरेको थियो। यी प्रवचनका श्रृखंलाहरू परमप्रभुलाई आराधना गर्न मद्दत गर्नको लागि दिइएको थियो। तपाईंले देख्न सक्नुहुन्छ तिनीहरू त्यस्ता राष्ट्रहरूले घेरिएका थिए जसले धेरै देवताहरूमा विश्वास गदर्थे तर सत्य र एक मात्र परमेश्वरमा भने विश्वास गर्दैन थिए। तिनीहरू मिश्रबाट आएका थिए जहाँ धेरै झुटा देवताहरू थिए। तिनीहरू कनानतिर जाँदैथिए...त्यहाँ पनि धेरै झुटा देवताहरू थिए। तिनीहरूका आमाबुवाहरूले तिनीहरूलाई एक मात्र सत्य परमेश्वरको बारेमा सिकाएका थिएनन् यसैकारण मोशाले तिनीहरूलाई सिकाउनुपऱ्यो।

आउँदो नयाँ पुस्ताको लागि यो मिलेर अगाडि बढ्ने नयाँ आदेश जस्तै थियो। नयाँ अघि बढ्ने आदेश बालबालिकाहरू र जवानहरू सबैजनाको लागि थियो। वयस्कहरूलाई उनीहरूका बालबालिकाहरूलाई महान् परमेश्वरको बारेमा बताउन निर्देशन दिइएको थियो। उनीहरूले महान् परमेश्वरको बारेमा सधैं कुरा गर्नुपर्ने थियो। जस्तै उनीहरूले खाना खाने समयमा, यात्रा गर्दा, बिहान र साँझ....लगभग हरसमय परमेश्वरको बारेमा कुरा गर्नुपर्ने थियो। यी महान् परमेश्वरले बालबालिकाहरू र जवानहरूले उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुभएको छ भन्ने कुरा थाहा पाएको चाहानुहुन्थ्यो। यसैकारण जब इस्राएलीहरू नयाँ भूमिमा प्रवेश गर्छन् तब कसले उनीहरूलाई त्यहाँ ल्याउनुभयो र त्यहाँ पुगे पछि उनीहरूले के गर्नुपर्ने हो भन्ने कुरा थाहा पाउनु पर्ने थियो। एउटा अन्तिम कुरा, परमेश्वरले अर्को एउटा महान् अगुवा दिनुभयो। उनको नाम यहोशू थियो र उनले यस राष्ट्रलाई नयाँ भूमितिर नयाँ अघि बढ्ने आदेशको साथ आउँदो पुस्तालाई नेतृत्व गर्नुपर्ने थियो।

**कथा भन्ने क्रियाकलाप: मोशाको अन्तिम शब्दहरू**

आफ्नो समयको अन्ततिर इस्राएलको महान् अगुवाको रूपमा मोशाले केहि प्रवचनहरू दिएका छन्। यी शब्दहरू उनका अन्तिम शब्दहरू थिए। उनले राष्ट्रलाई गरेको यो अन्तिम सम्बोधनमा भनेका कुन कुन कुराहरू तपाईंलाई सबैभन्दा महत्वपूर्ण लाग्यो? यो लेख्नुहोस् र कक्षाको अन्तमा यसलाई साथीहरूसँग छलफल गर्नुहोस्।

## कण्ठ गर्नुपर्ने पद

**व्यवस्था ६:५ (टि.बी.एस) -** अनि तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई तिम्रो सारा हृदय, तिम्रो सारा प्राणले र तिम्रो सारा शक्तिले प्रेम गर्नु ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

हस्तकला - व्यवस्था-पेटिका बनाउने

कागजका टुक्राहरूलाई करीब १ इन्च चौडाई र लगभग १२ इन्च लामो काट्नुहोस् । प्रत्येक विद्यार्थीको लागि ३ वा ४ कागजको लामो टुक्राहरू चाहिन्छ । रङ्गीन वा एक तर्फ एउटा ढाँचामा छापिएको कागज छ भने यसको लागि राम्रो हुन्छ, तर आवश्यक नै पर्दैन । यदि तपाईंले सेतो कागज प्रयोग गरिराख्नुभएको छ भने र तपाईंसँग समय छ भने विद्यार्थीहरूलाई कागजको एक तर्फ रङ लगाउन दिँदा रमाइलो हुनेछ । कागजको अर्को तर्फ बाइबलका पदहरू लेख्न लगाउनुहोस् । एउटा आजको कण्ठ गर्नुपर्ने पद हुनेछ र अरू चाहिँ तपाईंले छान्न सक्नुहुन्छ । केहि सुझावहरू: यहोशू १:८ (यो अर्को हप्ताको कण्ठ गर्नुपर्ने पद हो), र अन्य पदहरू तपाईंले अघिल्लो पाठहरूबाट प्रयोग गर्न सक्नुहुन्छ । पदहरू कागजमा लेखिसकेपछि सिलिन्डरको आकार बनाउनको लागि प्रत्येक कागजलाई एउटा पेन्सिल वा सिसाकलमको वरिपरी बेर्नुहोस् । यस बेरिएको कागजको लामो टुक्राको आकारलाई त्यस्तै राख्न त्यसको छेउलाई टेपले टाँसीदिनुहोस्, त्यसपछि एउटा माला बनाउनको लागि बाटेको धागोलाई कागजका रोलहरूमा हाल्नुहोस् र बाँध्नुहोस् । बालबालिकाहरूलाई भन्नुहोस् कि इस्राएलीहरूलाई परमेश्वरको वचन सधैं आफ्नो नजिक राख्ने निर्देशन दिइएको थियो । तिनीहरूले परमेश्वरका आज्ञाहरूलाई सम्झन वा याद गर्नका लागि बाइबलका पदहरू भएको विशेष गहना लगाउँथे । तिनीहरूले परमेश्वरको वचनको बारेमा हरसमय बातचीत गर्नुपर्थ्यो ! परमेश्वरले विशेष गरी तिनीहरूका बालबालिकाहरूलाई परमेश्वरका तरिकाहरू सिकाएको चाहानुहुन्थ्यो । परमेश्वरलाई प्रसन्न पार्ने जीवन बिताउनु सजिलो छैन ! हामीले परमेश्वरको वचन सधैं हाम्रो दिमागमा राख्नुपर्दछ । हामीले आजको कण्ठ गर्ने पदलाई एक पटक फेरि सँगै भनौं है त !

**कथा भन्ने क्रियाकलाप: मोशाको अन्तिम शब्दहरू**

आफ्नो समयको अन्ततिर इस्राएलको महान् अगुवाको रूपमा मोशाले केहि प्रवचनहरू दिएका छन् । यी शब्दहरू उनका अन्तिम शब्दहरू थिए । उनले राष्ट्रलाई गरेको यो अन्तिम सम्बोधनमा भनेका कुन कुन कुराहरू तपाईंलाई सबैभन्दा महत्वपूर्ण लाग्यो ? यो लेख्नुहोस् र कक्षाको अन्तमा यसलाई साथीहरूसँग छलफल गर्नुहोस् ।

**बाइबलीय क्रियाकलाप: व्यवस्था-पेटिका बनाउने**

प्रत्येक बालबालिकाको लागि आवश्यक सामग्रीहरू :

- चार वटा कागजका लामो टुक्राहरू
- पेन्सिल
- बाटेको धागोको एक टुक्रा वा २४ इन्च जति लामो डोरी
- टेप

## ४) पाठको समीक्षा गर्नुहोस्

बालबालिकाहरूलाई आफ्नै १० शब्दहरू वा त्यो भन्दा कम शब्दहरू प्रयोग गरेर पाठलाई सरल बनाउन लगाउनुहोस् । उनीहरूको उत्तर के हुनेछ ? जब बालबालिकाहरूले दश वा त्यो भन्दा कम शब्दहरूमा पाठलाई सरल बनाउनेछन्, सम्भवत: उनीहरूले यस्तो केहि कुराहरू भन्न सक्छन् :

- परमप्रभु हाम्रा एक मात्र परमेश्वर हुनुहुन्छ ।
- परमप्रभुलाई आफ्नो सारा हृदयले प्रेम गर्नुपर्छ ।
- परमेश्वरले हामी उहाँप्रति सम्पूर्ण रूपमा आज्ञाकारी भएको चाहानुहुन्छ ।
- बालबालिकाहरूलाई परमेश्वर को हुनुहुन्छ भनेर सिकाउनुपर्छ ।
- परमेश्वरको बारेमा हरसमय कुरा गर्नुपर्छ ।
- अरू ईश्वरहरूलाई पूजा गर्नुहुँदैन ।

**पाठको समीक्षा गर्ने क्रियाकलाप: सरल बनाउने**

सरल बनाउने क्रियाकलाप बालबालिकाहरूको लागि उपयोगी खेल हुन सक्छ । बालबालिकाहरूलाई दुई वा तीन जनाको समूह बनाई १-२ मिनेटको समय दिएर यस पाठमा भएका १० वटा महत्वपूर्ण शब्दहरू पत्ता लगाएर लेख्न लगाउनुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

परमेश्वरले हामीलाई उहाँसँग घनिष्ट व्यक्तिगत सम्बन्ध राखेको र उहाँप्रति आज्ञाकारी भएको चाहानुहुन्छ ।

व्यवस्थामा आज्ञाकारितालाई नियमित रूपमा जोड दिइएको छ । दैनिक आज्ञाकारितालाई प्रोत्साहित गर्नुहोस् । बालबालिकाहरूले परमेश्वरको आज्ञा-पालन गर्न सक्ने व्यावहारीक तरिकाहरू बारे कुरा गर्नुहोस् ।

- तपाईंको सारा हृदयले (जे तपाईं चाहानुहुन्छ)
- तपाईंको सारा प्राणले (जे तपाईं सोच्नुहुन्छ)
- तपाईंको सारा शक्तिले (जे तपाईंले गर्नुहुन्छ) ।

**कथाको मूख्य सार: परमेश्वरलाई पछ्याउने मानिसहरू इमानदार र आज्ञाकारी हुनुपर्ने थियो ।**